सूचनाको हक सम्बन्धी

# राष्ट्रिय रणनीतिक योजना

२०८३–२०८७

राष्ट्रिय सूचना आयोग

# विषय सूची

**अध्याय १** ...... **१**

सूचनाको हकको कार्यान्वयनको अवस्था ...... १

*१.१ पृष्ठभूमि* ...... *१*

*१.२ सूचनाको हक कार्यान्वयनको लागि भएका प्रयासहरू* ...... *१*

*१.३ सूचनाको हकको रणनीतिक कार्ययोजना २०२१–२०२५ को प्रगति समीक्षा* ...... *३*

*१.४ लक्ष्य र कार्यान्वयनको खाडल (Implementation Gap)* ...... *१३*

*१.५ रणनीतिक योजना अवधिमा सम्पन्न हुन बाँकी कार्यहरू* ...... *१४*

**अध्याय २** ...... **१५**

आयोग र अन्य सरोकारवालाहरूको भूमिका ...... १५

*२.१ राष्ट्रिय सूचना आयोगको भूमिका* ...... *१५*

*२.२ सूचनाको माग पक्ष* ...... *१६*

*२.३ सूचना आपूर्ति पक्ष* ...... *१७*

*२.४ संघीय, प्रदेश र स्थानीय तहका सरकार अन्तर्गतका सार्वजनिक निकायहरू* ...... *१८*

*२.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था* ...... *१९*

**अध्याय ३** ...... **२०**

रणनीतिक विश्लेषण र दिशाबोध ...... २०

*३.१ संस्थागत विश्लेषण* ...... *२०*

*३.२ संस्थागत विश्लेषणबाट प्राप्त सिकाइ र दिशाबोध* ...... *२१*

*३.३ रणनीतिक योजनाको मार्गदर्शक सिद्धान्तहरू* ...... *२२*

**अध्याय ४** ...... **२३**

रणनीतिक योजना ...... २३

*४.१ दूरदृष्टि (Vision)* ...... *२३*

*४.२ ध्येय (Mission)* ...... *२३*

*४.३ लक्ष्य (Goal)* ...... *२३*

*४.४ उद्देश्य (Objective)* ...... *२३*

*४.५ रणनीतिहरू (Strategies)* ...... *२३*

*४.६ रणनीतिक कार्ययोजना (Strategic Plan of Actions)* ...... *२३*

**अध्याय ५** ...... **४९**

रणनीति कार्यान्वयन योजना ...... ४९

*५.१ रणनीति कार्यान्वयन ढाँचा* ...... *४९*

**अध्याय ६** ...... **५३**

रणनीतिक योजनाको परिवर्तन व्यवस्थापन ...... ५३

*६.१ रणनीतिक समस्या* ...... *५३*

*६.२ परिवर्तनको व्यवस्थापन* ...... *५३*

**अध्याय ७ ...... ५५**

अनुगमन तथा मूल्याङ्कन ...... ५५

*७.१ अनुगमन तथा मूल्याङ्कन ढाँचा* ...... *५५*

*७.२ नियमित अनुगमन* ...... *५५*

*७.३ आवधिक अनुगमन तथा मूल्याङ्कन* ...... *५५*

*७.४ मध्यावधि मूल्याङ्कन* ...... *५५*

*७.५ अन्तिम मूल्याङ्कन* ...... *५५*

*७.६ त्रैमासिक र वार्षिक प्रतिवेदन* ...... *५५*

*७.७ अनुगमन तथा मूल्याङ्कन समिति* ...... *५६*

*७.८ जोखिम पूर्वानुमान तथा न्यूनीकरणका उपाय* ...... *५६*

*७.९ अपेक्षित उपलब्धी* ...... *५७*

*७.१० अपेक्षा* ...... *५८*

**अनुसूची ...... ५९**

## अध्याय १

# सूचनाको हकको कार्यान्वयनको अवस्था

### १.१ पृष्ठभूमि

नेपालमा सूचनाको हक सम्बन्धी संवैधानिक व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ देखि भएको हो। उक्त संविधानको धारा १६ ले नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अधिकार प्रदान गरेको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकको दायरा विस्तार गरी आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा व्यवस्था गरिएको थियो। उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सोको नियमावली, २०६५ जारी भई कार्यान्वयनमा रहेको छ। २०७२ मा जारी भएको नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरिएको छ। साथै धारा २८ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भन्ने गोपनीयता सम्बन्धी हकको व्यवस्था गरिएको छ।

सर्वप्रथम स्वीडेनमा सन् १७६६ मा जारी भएको Freedom of Press Act बाट शुरू भएको सूचनाको हकसम्बन्धी व्यवस्था हालसम्म विश्वका ३० भन्दा बढी देशको संविधान तथा करिब १४० देशमा ऐन तर्जुमा गरी लागु भएको छ। लोकतन्त्रको सुदृढीकरण र प्रजातान्त्रिक संस्थाहरूको विकासका लागि सूचनाको हकको अपरिहार्यतालाई विश्वका धेरै देशहरूले अंगीकार गरेको पाइन्छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११(१) मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने छ भन्ने व्यवस्था भएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने व्यवस्था गरेको छ। यस व्यवस्थाबाट नेपालले सूचनाको हकको विश्वव्यापी मान्यता र सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ। सूचनाको हकको कार्यान्वयनबाट कानूनी राज्यको अवधारणा लागु हुने, सुशासन, खुला र पारदर्शी सरकार, सशक्त र चेतनशील नागरिक समाज, भ्रष्टाचार नियन्त्रण तथा सामाजिक न्यायको प्रत्याभूति जस्ता आधुनिक लोकतान्त्रिक राज्यको मुख्य जिम्मेवारी निर्वाह गर्न सूचनाको हकको कार्यान्वयनबाट मात्र सम्भव रहेको कुरा विश्वका अरू देशमा भएका अध्ययन र अनुसन्धानबाट प्रमाणित भइसकेका छन्। सूचनाको हकलाई थप व्यवस्थित र प्रभावकारी बनाउननागरिक, नागरिक समाज, सञ्चार जगत, सम्पूर्ण सार्वजनिक निकाय लगायत सशक्त, चेतनशील, जागरूक र जिम्मेवारहुन आवश्यक देखिन्छ।

### १.२ सूचनाको हक कार्यान्वयनको लागि भएका प्रयासहरू

सूचनाको हक सम्बन्धी ऐन, २०६४ लागु हुनुभन्दा पहिले नै वि.सं. २०४७ को संविधानमा उल्लेखित संवैधानिक व्यवस्थाबमोजिम सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँच रहने, सूचना माग्ने र पाउने अधिकार छ भनी सर्वोच्च अदालतबाट नजीर कायम भएको देखिन्छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ लागु भएर राष्ट्रिय सूचना आयोगको स्थापना भए पश्चात सूचनाको हकको प्रवर्द्धन, संरक्षण र प्रचलन गराउन भएका प्रयासहरू निम्न छन्:

१.२.१ परीक्षार्थीले आफूले दिएको परीक्षाको उत्तरपुस्तिका हेर्न पाउने गरी राष्ट्रिय सूचना आयोगबाट आदेश भई सर्वोच्च अदालतबाट मिति २०६८ जेठ ४ मा परमादेश जारी भएको।

१.२.२ सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोकी सूचनाको हकको प्रचलनलाई व्यवस्थित गर्दै लगिएको। सार्वजनिक निकायहरूले प्रत्येक ३ (तीन) महिनामा आफूले सम्पादन गरेको मुख्य कार्यहरूको स्वतः प्रकाशन गर्ने व्यवस्थाले सार्वजनिक पदाधिकारीलाई थप जिम्मेवार र जवाफदेही बनाउँदै लगेको।

१.२.३ सूचनाको हकको प्रवर्द्धनका लागि आयोगले संघ, प्रदेश र स्थानीय तहसम्म सार्वजनिक निकायका कार्यालय प्रमुख तथा सूचना अधिकारी, नागरिक, नागरिक समाज लगायतलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै, रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायतका सञ्चार माध्यमबाट समेत प्रवर्द्धनात्मक कार्य गर्दै आएको।

१.२.४ सरोकारवालाहरूले सार्वजनिक निकायमा माग गरेको सूचना कानूनबमोजिम उपलब्ध नगराएको सम्बन्धमा परेको पुनरावेदन उपरआदेश जारी हुने गरेको।

१.२.५ सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सूचनाको हकका अभियन्ता र सूचना अधिकारीहरूलाई प्रोत्साहन गर्न आयोगले मूल्याङ्कन गरी वार्षिकरूपमा पुरस्कृत गर्ने गरेको।

१.२.६ आयोगले ७७ वटै प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिल्लाका सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्ने र सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने गरी अधिकार प्रत्यायोजन गरेको। साथै आयोगबाट भएको दण्ड जरिवाना असुल गर्ने। सूचनाको हक सम्बन्धी प्राप्त पुनरावेदन आयोगमा पठाउने जिम्मेवारी तोकिएको।

१.२.७ प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला अनुगमन इकाई रहने व्यवस्था रहेको। साथै, जिल्लास्तरीय हुलाक कार्यालयबाट सूचनाको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी तोकिंदै आएको।

१.२.८ प्रदेश स्तरका कार्यालयबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न गराउन प्रदेश मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा प्रदेश अनुगमन इकाई रहेको।

१.२.९ केन्द्रीय समन्वय र अनुगमन इकाईको व्यवस्था अन्तर्गत सूचनाको हक सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा केन्द्रीय समन्वय इकाई र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको अध्यक्षतामा कार्यान्वयन अनुगमन इकाई गठन गरिएको।

१.२.१० रणनीतिक योजना अवधिभर सूचनाको हक कार्यान्वयनको अवस्थाको मूल्यांकन र विश्लेषण गरी ६ वटा प्रदेशको आर. टि. आई. अडिट गरिएको। कोशी प्रदेशको बाँकी रहेको।

१.२.११ प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत राष्ट्रिय सूचना आयोगको स्थापनाकालदेखि नै पेशागत, व्यावसायिक र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सूचनाको हक सम्बन्धी जानकारीमूलक पुस्तिका, गोष्ठी, सेमिनार, अन्तरक्रिया, तालिम, प्रशिक्षण, स्रोत केन्द्रको सहयोग, अन्तरसंवाद, डकुमेन्ट्री प्रसारण लगायतका उल्लेख्य कार्य सम्पादन गरेको। यसैगरी सूचनाको हकको प्रवर्द्धनका लागि सक्रिय प्रयास एवम् पहल र सहजीकरण गरेको।

१.२.१२ सूचना माग गर्ने तहदेखि पुनरावेदनसम्मका गतिविधिहरु विद्युतीय माध्यमबाट संचालन गर्ने प्रयोजनको लागि RTIMS (Right to Information Management System) Portal तयार गरी परीक्षणको रुपमा कार्यान्वयनमा ल्याइएको।

१.२.१३ संवैधानिक/कानूनी सुधारको प्रयास अन्तर्गत आयोगले नेपालको संविधानको धारा २७ मा सूचना प्रवाह गर्ने अधिकार थप गर्नुपर्ने र आफ्नो हैसियत संवैधानिक हुनुपर्ने सुझाव वार्षिक प्रतिवेदन मार्फत सुझाव दिँदै आएको छ। यसैगरी सूचनाको हकसँग बाझिएका कानून संशोधन गर्न कार्यदललाई जिम्मेवारी दिईएको छ। सूचनाको हक सम्बन्धी ऐन र नियमावलीलाई पनि समयानुकूल परिमार्जन गर्न आन्तरिक कार्यदल गठन गरी काम भईरहेको छ।

१.२.१४ सूचनाको हकलाई स्थानीय तहमा पुऱ्याउनको लागि गरिएको प्रयास अन्तर्गत आयोगले अन्य गैरसरकारी संस्थाहरूको सहयोगमा जिल्ला स्तरीय तालिम, प्रशिक्षण र अन्तरक्रिया कार्यक्रमहरू वर्षेनी गर्ने गरेको छ। साथै, शासकीय स्वरूप संघीय संरचनामा परिवर्तन भए पश्चात प्रदेश र स्थानीय तहमा संस्थागत रूपमा कुनै व्यवस्था नभई सकेको अवस्थामा आयोगले तिनै तहमा प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ। यसबाट स्थानीय तहमा 'जनता जगाउने अभियान' नामाकरण गरी आयोगले सूचनाको हकलाई नागरिक समक्ष पुऱ्याउने प्रारम्भिक प्रयास गरेको थियो। यस कार्यलाई सुदृढीकरण गर्दै लैजानुपर्ने आवश्यकता देखिएको छ।

१.२.१५ योजनावद्ध प्रयास अन्तरगत आयोगले सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलनका लागि खुला र पारदर्शी बनाउन, नागरिकप्रति उत्तरदायी तथा जवाफदेही बनाउन र जनताको सुसूचित हुने अधिकारको रक्षा गर्न योजनावद्ध कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस सन्दर्भमा आयोगले पहिलोपल्ट सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिको कार्ययोजना (National Strategic Plan of Action on RTI 2013-2018) तर्जुमा गरी लागु गरेको थियो। यो पाँच वर्षे रणनीतिक कार्ययोजना तर्जुमा गर्न सन् २०१३ को जनवरीदेखि डिसेम्बरसम्म सञ्चालन भएको सूचनाको हकको कार्यान्वयनमा सुधार गर्ने (Improvement in the Implementation of RTI) एक वर्षे रणनीतिक कार्यक्रमले मद्दत गरेको थियो। यसैबीच रणनीतिक कार्ययोजना २०१३–२०१८ को दुई वर्षको कार्यान्वयनको समीक्षा गर्दै केही थप र अद्यावधिक गरी रणनीतिक कार्ययोजना २०१५–२०२० तर्जुमा गरी लागु गरियो। त्यसै गरी हाल सूचनाको हकको रणनीतिक योजना २०२१-२०२५ कार्यान्वयनमा रहेकोमा २०८२ पौष १६ गतेबाट यो योजनाको अवधि समाप्त भएको छ। राष्ट्रिय सूचना आयोगले आफ्नो स्थापनादेखि नै योजनावद्ध नीति र कार्यक्रमहरूको आवश्यकता महसुस गरी सूचनाको हकलाई निर्दिष्ट उपलब्धी प्राप्त गर्न सक्ने गरी सक्षम बनाउन प्रयास गरेको छ।

## १.३ सूचनाको हकको रणनीतिक कार्ययोजना २०२१–२०२५ को प्रगति समीक्षा

१.३.१ नेपालको संविधानको धारा २७ मा नेपाली नागरिकको सूचनाको हकको प्रत्याभूत गरिएको छ। जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यहोरा उल्लेख छ। नागरिकलाई सूचनाको हकको प्रत्याभूति गरिएकोले संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको हो। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागु गरेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तीमा एकजना महिलासमेत रहने गरी प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ। राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नेगरी तोकिएको छ। उल्लेखित कानूनी व्यवस्था कार्यान्वयन गर्ने क्रममा तयार गरिएको राष्ट्रिय रणनीतिक योजना २०२१ देखि २०२५ हाल कार्यान्वयनमा रहेको छ। यो योजना २०८२ पुष १६ मा समाप्त भएकोले नयाँ रणनीतिक योजना निर्माण र आयोगको लक्ष्य र उद्देश्य प्रप्तिका लागि रणनीतिक योजनाको निरन्तरता तथा सामयिक परिष्कार आवश्यक छ। सो कार्यका लागि विगत ५ वर्षका गतिविधिको प्रगति समीक्षा गर्नु आवश्यक देखिन्छ।

१.३.२ विगत पाँच वर्षको संक्षिप्त समीक्षा

सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारी, राजनीतिक दलका प्रतिनिधि, सञ्चारक्षेत्र, सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाज, गैरसरकारी संस्था र विभिन्न क्षेत्रका प्रबर्द्धकहरु लगायतका माग तथा आपूर्ति पक्षसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने आयोगको लक्ष्य रहेको छ। सोही लक्ष्य पूरा गर्न सूचनाको हकसम्बन्धी कानुनका प्रावधान, यसको उपादेयता लगायतका विविध पक्षबारे सरोकारवालाहरुलाई जानकारी गराउने र सूचनाको हकसम्बन्धी कानून र सूचनाको हकका विषयमा कुनै द्विविधा भए छलफलको माध्यमद्वारा उचित निष्कर्षमा पुग्ने उद्देश्यका प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गरिएको छ।

विगतका ५ आर्थिक वर्षमा करीब एक तिहाई जिल्लामा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा करीब ३००० जना लाभान्वित भएका छन्। त्यसैगरी करीब ३० स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम आयोगबाट सम्पन्न भएका छन्। त्यसैगरी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्। आपूर्ति पक्ष लक्षित यी कार्यक्रमका अतिरिक्त माग पक्ष लक्षित रेडियो, टेलिभिजन कार्यक्रमका साथै गोरखापत्र मार्फत सूसुचित गरिरहँदा आयोगद्वारा डिजिटल माध्यमको न्यून प्रयोग भएको देखिन्छ। त्यसैगरी सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) का रणनीतिक प्राथमिकता ४ वटा अन्तर्गत रहेका १३ वटा उद्देश्य, ९६ वटा क्रियाकलापहरु मध्ये ५६ वटा क्रियाकलाप सम्पन्न भएतापनि २२ वटा क्रियाकलापहरु कार्यान्वयनमा आउन सकेको छैन। सो को विस्तृत विवरण देहायबमोजिम रहेको छ।

# सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना (२०२१ देखि २०२५) को कार्यान्वयन अवस्था

**रणनीतिक प्राथमिकता १: नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन तथा सशक्तीकरण गर्ने।**

<table>
<tr><th>क्र. सं. (S. N.)</th><th>रणनीतिक उद्देश्य (Strategic Objectives)</th><th>क्रियाकलापहरू (Activities)</th><th>प्रगति</th></tr>
<tr><td rowspan="3">१.</td><td rowspan="3">नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सामर्थवान् बनाउने र प्रेरित गर्ने</td><td>१. सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउने सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्रिय भाषाहरूमा तयार गर्ने</td><td>• सूचना मागकर्ताको लागि सहयोगी हाते पुस्तिका नेपाली (१५,००० वटा), मैथली (२,००० वटा), अवधी (२,००० वटा), भोजपुरी (२,००० वटा), थारू (२,००० वटा), अंग्रेजी (२,००० वटा) लगायतका राष्ट्रिय भाषाहरूमा तयार गरी प्रकाशन तथा वितरण गरेको।</td></tr>
<tr><td>२. रेडियो, टिभी, सामाजिक संजाल लगायत आमसंचार एवं विद्युतीय संचार माध्यमको प्रयोगद्वारा सूचना सामग्री प्रकाशन, वितरण र प्रचार प्रसार गर्ने</td><td>• सूचना हाम्रो अधिकार नामक कार्यक्रम निर्माण तथा प्रसारण गर्ने कार्य रेडियो नेपालबाट भएको (करिब ५० वटा)।<br>• सूचनाको हकसम्बन्धी जानकारीमूलक, सन्देशमूलक सामाग्रीहरु गोरखापत्रमा प्रकाशन गरिएका (करिब ५० वटा)।<br>• सूचना मेरो हकसम्बन्धी Talk Show नेपाल टेलिभिजनबाट प्रसारण गरिएको (करिब ४० वटा)।<br>• आयोगको Facebook बाट प्रचार प्रसार गरेको।</td></tr>
<tr><td>३. सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे पालिकादेखि केन्द्रसम्म कार्टुन, चित्रकला प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने</td><td>• स्रोतको सीमितता र निकायगत समन्वयको कमीका कारण कार्यक्रम सम्पन्न हुन नसकेको ।</td></tr>
<tr><td>२.</td><td>नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने</td><td>१. शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गर्ने</td><td>• सम्बद्ध पक्ष बिच समन्वय र सहकार्यको कमीका कारण कार्यक्रम सम्पन्न हुन नसकेको ।</td></tr>
<tr><td rowspan="3">३.</td><td rowspan="3">विद्यालय तहदेखि नै सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने</td><td>१. माध्यमिक तह (कक्षा ८) को सामाजिक शिक्षा विषयमा अनिवार्य पाठ्यक्रमको रूपमा समावेश गर्ने</td><td>समावेश भएको।</td></tr>
<tr><td>२. स्नातक/स्नातकोत्तर तहमा सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने</td><td>स्रोतको अभाव एवं Follow up हुन नसक्नु।</td></tr>
<tr><td>३. सूचना प्रविधिको प्रयोग गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको राष्ट्रिय संजाल निर्माण गर्ने</td><td>स्रोतको सीमितता र अवधारणात्मक अनुभवको अभाव।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ४. शिक्षक सहयोगी पुस्तिका र सूचनाको हक सम्बन्धी पाठ्य सामग्री प्रकाशन र वितरण गर्ने। | स्रोतको सीमितताका कारण तयार गर्न नसकिएको। |
| | | ५. सूचनाको हक सम्बन्धी निबन्ध, कविता लगायतका रचनामा विद्यार्थीहरूबीच प्रतिष्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत तथा प्रकाशन गर्ने। | आ. व. २०८२/०८३ का लागि कार्यक्रम प्रस्ताव गरिएकोमा स्रोत विनीयोजन भई नआएको। |

**रणनीतिक प्राथमिकता २: सूचनाका हकका प्रवर्द्धक/समर्थक/अभियन्तालाई प्रोत्साहन, प्रवर्द्धन, सहजीकरण गर्ने।**

| क्र. सं. (S. N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| १. | गैरसरकारी संस्थालाई सूचनाको हकका प्रवर्द्धकको रूपमा विकास गर्ने | १. सूचनाको हक र सुशासनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँग समझदारी एवं साझेदारी गरी कार्यक्रम संचालन गर्ने | राष्ट्रिय सूचना आयोग र द एसिया फाउण्डेशन, सिएसएम कार्यक्रमसँग LOE गरी क्षमता विकास, ज्ञान प्रवर्द्धन एवं प्रकाशन र कार्यक्रम सञ्चालन भएको। |
| | | २. गैरसरकारी संस्था र तालिम प्रदायक संस्था मार्फत सबै प्रदेश र स्थानीय तहमा सचेतना कार्यक्रम संचालन गर्ने | राष्ट्रिय सूचना आयोग र द एसिया फाउण्डेशन, सिएसएम कार्यक्रमसँग LOE गरी क्षमता विकास, ज्ञान प्रवर्द्धन एवं प्रकाशन र कार्यक्रम सञ्चालन भएको। |
| | | ३. गैरसरकारी संस्था र आयोगबीच आवधिक रूपमा अन्तरक्रिया गर्ने | राष्ट्रिय सूचना आयोग र राष्ट्रियस्तरका महासंघहरुसँग सूचनाको हक कार्यान्वयनमा महासंघहरुको भूमिका विषय अन्तरक्रिया कार्यक्रम भएको। |
| | | ४. गैरसरकारी संस्थाले संचालन गर्ने कार्यक्रममा आयोगको सहभागिता एवं कार्यक्रमको उपलब्धी समेटी आयोगले आफ्नो प्रतिवेदनमा समावेश गर्ने परिपाटीको विकास गर्ने। | वार्षिक प्रतिवेदनमा समावेश गर्नेगरेको। |
| २. | सूचनाको हकका अभियन्ता र उत्प्रेरकलाई प्रोत्साहन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अभियन्ताहरूको अद्यावधिक लगत तयार गर्ने | अभियन्ता एकिन गर्न नसकिएको कारण प्रगति नभएको। |
| | | २. उत्कृष्ट कार्य गर्ने अभियन्ताहरूलाई विनय कसजु अभियन्ता पुरस्कारबाट सम्मान गर्ने | अभियन्ताहरुलाई राष्ट्रिय सूचना आयोगको स्थापना दिवसको अवसरमा पुरस्कार र सम्मान गरेको। |
| | | ३. आयोगबाट संचालित कार्यक्रममा अनुसन्धानकर्ता, श्रोत व्यक्ति, प्रशिक्षकका रूपमा परिचालन गरी प्रोत्साहन गर्ने | विशेष कार्यक्रममा Panelist, Presentator का रुपमा सहभागी गराइएको। |
| | | ४. तीनै तहमा स्थानीय उत्प्रेरकलाई प्रशिक्षण दिई परिचालन गर्ने र आयोगसँगको समन्वयमा सूचनाको हक कार्यान्वयनको अनुगमन एवं निगरानी गराउने। | श्रोतको अभाव, समन्वय र सहकार्यको कमी |

| | | | |
|---|---|---|---|
| ३. | गैरसरकारी संस्था, संचार माध्यम एवं अभियन्ताहरूको क्षमता अभिवृद्धि गर्ने | १. सूचनाको हक सम्बन्धी विभिन्न विषयका तालिम, अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | नेपाल पत्रकार महासंघ एवं सूचनाको हकका लागि राष्ट्रिय महासंघमार्फत कार्यक्रम सञ्चालन गरेको (करिब १० वटा)। |
| | | २. सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने | बजेट अभाव। |
| | | ३. विविध पेशा तथा व्यवसायिक संघ/संगठनका पदाधिकारीहरूसँग अन्तरक्रिया/गोष्ठी/सेमिनार संचालन गर्ने | उच्च अदालत पाटनका न्यायाधिशहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको। |
| ४. | संचार माध्यमको भूमिका विस्तार गर्ने र सहकार्य प्रवर्द्धन गर्ने | १. प्रमुख संचार माध्यममा सूचनाको हक सम्बन्धी छुट्टै इकाइ (Bit) संचालन गरी खोज पत्रकारितालाई प्रोत्साहन गर्ने र सूचना माग/आपूर्ति सम्बन्धी विवरण प्रकाशन गर्ने | श्रोत सिमितता र संचार माध्यमहरुसंग समन्वय हुन नसकेको। |
| | | २. वृत्तचित्र, पत्रपत्रिका, टेलिसंवाद, रेडियो (एफएम) चर्चा, पिएसए विज्ञापन, सार्वजनिक हित सम्बन्धी सूचना लगायत कविता, गीत, डकुमेन्ट्री, कथा, गीति नाटक तथा व्यंगात्मक सन्देश सहितका श्रव्यदृश्य सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | वृत्तचित्र र जनचेतामूलक (PSA) श्रव्य तथा दृश्य (Audio/Video) सामाग्री निर्माण भएको र आयोगको फेसवुकको माध्यमबाट प्रचार प्रसार गरिएको। |
| | | ३. आमसंचार माध्यमसँग वार्षिक रूपमा अन्तरक्रिया गर्ने | श्रोत सिमितताको कारण। |

**रणनीतिक प्राथमिकता ३: सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढ गर्ने।**

| क्र. सं. (S. N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| १. | बदलिएको शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको लागि अनुकुल वातावरण तयार गर्ने | १. सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने | • सार्वजनिक निकायको लागि सहयोगी हाते पुस्तिका प्रकाशित गरी वितरण गरेको।<br>• सूचनाको हकसम्बन्धी कानूनहरुको संगालो प्रकाशन गरी वितरण गरेको। |
| | | २. राज्यका तीनै तहका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने | • अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएका सूचनाको हकको कार्यान्वयन परीक्षण र सर्वेक्षणबाट देखिएको।<br>• (८ वटा RTI AUDIT सम्पन्न भएको।) |
| | | ३. कार्यालय प्रमुख पछिको दोश्रो वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने | • आयोगबाट आवश्यक निर्देशन भएको।<br>• प्र. जि. अ. लाई अधिकार प्रत्यायोजन भएको। |

| | | | |
|---|---|---|---|
| | | ४. सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | श्रोतको अभाव |
| | | ५. सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण प्रकाशन गर्ने गराउने | • आयोगद्वारा आदेश जारी भएको।<br>• प्र. जि. अ. ले अनुगमन गर्नका लागि जिल्ला अनुगमन इकाई रहेको। |
| २. | सूचना अधिकारीलाई, प्रोत्साहन, उत्प्रेरित र सशक्तीकरण गर्ने | १. सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, प्रशिक्षक प्रशिक्षण, अभिमुखीकरण र स्वदेश/विदेशमा अवलोकन अध्ययनको अवसर प्रदान गर्ने | संघिय आयोग, मन्त्रालय एवं मन्त्रालयस्तरीय कार्यालयका सूचना अधिकारी, विभाग एवं विभागस्तरीय कार्यालयका सूचना अधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न नभएको। जिल्ला र स्थानीय पालिकाहरुमा अन्तरक्रिया कार्यक्रम गरिएको। गत आ. व. मा २ वटा कार्यक्रम भएको। |
| | | २. सूचना अधिकारीको जिम्मेवारीलाई कार्यसम्पादनमा नम्बर दिने व्यवस्था गर्ने, संचार खर्च एवं कार्यसम्पादन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने | निकायको क्षमता अनुसार सूचना अधिकारीलाई मोबाइल सेट र मासिक सञ्चार खर्च उपलब्ध गराउने व्यवस्था रहेको। |
| | | ३. उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने। | सूचना दिवसको अवसरमा सम्मान र पुरस्कृत गर्ने गरेको। |
| | | ४. सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने, सूचनामा सूचना अधिकारीको पहुँच बढाउने, सूचना प्रवाह र प्रकाशन गर्न स्वतः अधिकार प्रत्यायोजन हुने र निर्णय गर्न नपर्ने व्यवस्था गर्ने | आयोगबाट आवश्यक निर्देशन एवं आदेश गरेको। |
| ३. | सूचनाको वर्गीकरण गरी लागु गर्ने | १. तीनै तहका संरचनालाई उपयुक्त हुने गरी तीन वर्षभित्रमा सूचनाको वर्गीकरण गरी लागु गर्ने। | नेपाल सरकारसँग समन्वय भईरहेको तर प्रगति हुन नसकेको। |
| ४. | सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने | १. सार्वजनिक तालिम प्रदायक संस्थाबाट संचालन हुने तालिममा सूचनाको हक सम्बन्धी विषय समावेश गर्न प्रशिक्षण विषय, स्तर, समयावधि सम्बन्धी मापदण्ड बनाई लागू गर्ने | आयोगको बैठकबाट निर्णय गरी सबै तालिम सञ्चालन गर्न संस्थालाई निर्देशन सहित पत्राचार भएको। |
| | | २. प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी लागु गर्ने | तालिम संस्थाले पाठ्यक्रममा समावेश गर्ने गरेको |
| | | ३. प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी प्रशिक्षण कार्यक्रममा उपयोग गर्ने | कार्य प्राथमिकिकरणमा राख्नु पर्ने। |
| ५. | सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई | १. आयोगबाट विकसित सूचना व्यवस्थापन प्रणाली, अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सम्बन्धी सफ्टवेयर अद्यावधिक गरी लागु गर्ने | सूचनाको हकको व्यवस्थापन प्रणाली (RTIMS) तयार भई मिति २०८२।०४।०१ देखिपरीक्षणको रुपमा संचालनमा आएको। |
| | | २. सार्वजनिक निकायबाट सूचनाको हक सम्बन्धी भए गरेका काम कारवाही नागरिकले स्वतः पहुँचमा लिन तथा जान्न सूचना माग, आपूर्ति र इन्कारी तथा स्वतः प्रकाशन लगायतका विवरण समेटिएको छुट्टै आर.टि.आई. वेबपोर्टल व्यवस्था गर्ने र आयोगको वेबसाइटसँग आबद्ध गर्ने | (RTIMS) प्रणाली सहितको वेबपोर्टलको व्यवस्था कार्यान्वयनमा आएको। |

| | | | |
|---|---|---|---|
| | व्यवस्थित र अद्यावधिक गर्ने | ३. सूचना प्रवाहमा सामाजिक संजालको प्रयोगमा वृद्धि गर्ने | आयोगको Facebook बाट गर्ने गरेको। |
| | | ४. अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने | RTIMS Portal मार्फत गर्न सकिने तथा डिजीटाईजेसन भईरहेको । |
| ६. | सार्वजनिक सूचना सबैको पहुँचमा पुर्‍याउने व्यवस्था गर्ने | १. संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको कार्यक्षमता अभिवृद्धि गरी सूचना माग, आपूर्ति, स्वतः प्रकाशन लगायतका कार्यहरू अनलाइनबाटै सम्पादन हुने र स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्ने | (RTIMS) प्रणाली पूर्ण कार्यान्वयमा आएपछि यो व्यवस्था कार्यान्वयनमा आउने। |
| | | २. खुला सरकारी तथ्यांक (Open Government Data Initiative-OGDI) सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना नेपाल सरकारबाट समेत अनुमोदन गराई लागु गर्ने | कानूनी र अवधारणागत ढाँचाको अभाव |
| | | ३. खुला सरकार सहभागिता (Open Government partnership-OGP) सम्बन्धी कार्यक्रममा सहभागिता जनाउन आवश्यक कानूनी तथा अन्य गृहकार्य गर्ने | कानूनी व्यवस्था हुन नसक्नु। |
| | | ४. समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संकलन गरी प्रकाशन, वितरण र प्रचारप्रसार गर्ने | सम्बन्धित निकायबाट हुने गरेको। |
| ७. | सूचना माग, आपूर्ति, अभिलेख, डिजिटाइजेशन लगायत सूचनाको हक कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने | १. ऐन नियमबाट निर्धारित समयभित्रै निर्धारित ढाँचामा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने | आयोगबाट कानून कार्यान्वयनको लागि समय समयमा आदेश हुने गरेको। |
| | | २. आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्ने र सोका लागि आवश्यक कानूनी व्यवस्था गर्ने | प्रदेशस्तरको सार्वजनिक निकायको अडिट गराई प्रतिवेदन प्राप्त भएको। |
| | | ३. पूर्वनिर्धारित समय र ढाँचा बमोजिम स्वतः प्रकाशन नगर्ने सार्वजनिक निकायको प्रमुख तथा सम्बन्धित कर्मचारीलाई दण्ड संजायको व्यवस्था गर्ने | सचेत गराउने गरिएको। |
| | | ४. दुई वर्षभित्रमा स्वतः प्रकाशन सम्बन्धी व्यवस्था चौमासिक रूपमा गर्ने कानूनी व्यवस्था गर्ने | त्रैमासिक रुपमा कार्यान्वयनमा छ। |
| | | ५. माग भएको सूचना सम्बन्धित निकायमा नभएमा कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने जानकारी (Third party information) दिने व्यवस्था गर्ने | आयोग तथा सूचना अधिकारी मार्फत जानकारी दिने गरेका पाईएको। |
| | | ६. सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गर्नका लागि छुट्टै बजेटको व्यवस्था गर्न सहजीकरण गर्ने | आयोगबाट बजेट व्यवस्था गर्न प्रदेश सरकार र स्थानीय सरकारलाई अनुरोध गरेको साथै आयोगबाट अनुगमन गरी सहजीकरण र समस्या समाधानका कार्य गरेको। संघ, प्रदेश सूचना समन्वय समिति, सञ्चार मन्त्रीको कमिटिको निर्णय। |

| | | | |
|---|---|---|---|
| | | ७. सार्वजनिक निकायका प्रमुख लगायतका पदाधिकारीहरूसँग सूचनाको हक कार्यान्वयनमा आवश्यक सहजीकरण र समस्या समाधानका लागि नियमित रूपमा अन्तरक्रिया गर्ने | आयोगले जिल्ला र पालिकास्तरमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार अन्तरक्रिया गरेको। |

**रणनीतिक प्राथमिकता ४: सूचना आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्ने।**

| क्र. सं. (S. N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | प्रगति |
|---|---|---|---|
| १. | सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानुनी आधार सुदृढ गर्ने | १. संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवं अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी ऐनमा समयानुकुल सुधार गर्ने | नियमावली, निर्देशिका, कार्यविधिमा आवश्यक संशोधन गर्ने कार्य प्रारम्भ भएको। |
| | | २. सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐन नियम र सम्बन्धित अन्य कानुनमा पुनरावलोकन गरी परिमार्जन गर्ने | प्रकृया सुरु भएको। |
| | | ३. कानुन परिमार्जनका लागि शुरुदेखि नै सरोकारवालासँग छलफल परामर्श गर्ने | बाग्मति प्रदेशसँग परामर्श जारी रहेको। |
| २. | प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने | १. अनलाइन सूचना माग र आपूर्ति, स्वतः प्रकाशन लगायत सूचना व्यवस्थापन कार्य सम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी लागु गर्ने | (RTIMS) अनलाइन प्रणाली परीक्षणमा रहेको। |
| | | २. अनलाइन सूचना माग र आपूर्ति गर्ने सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | अनलाइन प्रणाली सहजीकरणको लागि User Manual तयार गरी वेबसाइटमा राखिएको। |
| | | ३. सूचना अधिकारी एवं कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने | अभिमुखीकरण दिने कार्यक्रम रहेको। |
| | | ४. स्वयं सिकाइका विधिहरू जस्तै (Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रशिक्षण संचालन गर्ने | Tutorial सामग्री तयार गर्ने क्रममा रहेको। |
| | | ५. Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक संजालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, दर्ता गर्ने र कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने | पृष्ठपोषण लिई आवश्यकता अनुसार कार्यान्वयन गरेको। |
| | | ६. RTI App (Moblie/Online) र नागरिक App सम्बन्धी सफ्टवेयर विकास गरी लागु गर्ने | प्रकृयामा रहेको। |
| ३. | सूचनाको हकको प्रचलन सम्बन्धी कार्यको | १. पुनरावदेन/उजुरी फछ्र्यौट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने | कानूनले तोकेको अवधिभित्र फच्छ्यौट गर्ने प्रयास गरेको। |
| | | २. आदेश कार्यान्वयनको आवधिक अनुगमन गर्ने र सो सम्बन्धी निर्देशिका जारी गर्ने | आंशिक रुपमा हुने गरेको। |

| | | | |
|---|---|---|---|
| | प्रभावकारिता अभिवृद्धि गर्ने | ३. आयोगको फैसला लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने | विद्युतीय अभिलेख गर्ने कार्य भइरहेको। आ. व. २०७८।७९ सम्मको ३४४१ वटा फैसला डिजीटाईज भएको। |
| | | ४. आयोगबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | महत्वपूर्ण फैसला/आदेशको संगालो प्रकाशन गरी वितरण गरिएको। |
| | | ५. सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | संकलनको प्रकृयामा रहेको। |
| ४. | आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | १. आयोगका निर्धारित कार्य समयमै सम्पन्न गर्ने परिपाटी विकास गरी नियमित प्रगति समीक्षा र सिकाइ आदानप्रदान गर्ने | गर्ने गरेको। |
| | | २. स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान गर्ने | ICIC मा सहभागिता भएको। |
| ५. | आयोगलाई सूचनाको हकको संरक्षक र अभियन्ताको रूपमा तटस्थ, निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने | १. सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषण लिने र तदनुरूप सुधार गर्दै लैजाने | अन्तरकिया कार्यक्रमहरुमा पृष्ठपोषण प्राप्त हुने गरेको र सुधारको प्रयास भइरहेको। |
| | | २. आयोगको गतिविधि र प्रवर्द्धनात्मक एवं जनचेतना फैलाउने सार्वजनिक हितका सूचनाको संप्रेषण र प्रचार/प्रसार गर्ने गराउने | वार्षिक प्रतिवेदन, बुलेटिन (त्रैमासिक), स्वतः प्रकाशनमार्फत प्रचार प्रसार गर्ने एवं सामाजिक संजालमार्फत समेत प्रचार प्रसार गर्ने गरेको। |
| | | ३. वार्षिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन (Convention) गर्ने | वजेटको अभावका कारण हुन नसकेको। |
| | | ४. राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापना गरी पारस्परिक आदानप्रदान र सहकार्य विस्तार गर्ने | अन्तर्राष्ट्रिय सूचना आयुक्तहरुको वार्षिक सम्मेलनमा सहभागिता जनाई पारस्परिक सम्बन्धको विकास गरेको। |
| | | ५. सूचनाको हक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाउने | प्रत्येक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस एवं २८ सेप्टेम्बरमा अन्तर्राष्ट्रिय सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी दिवस मनाउने गरेको। |
| ६. | तथ्य/प्रमाणमा आधारित अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने | १. सूचनाको हक सम्बन्धी प्राज्ञिक एवं अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने | वार्षिक रुपमा विज्ञहरुको लेखहरुको संगालो सूचना मेरो अधिकार (RTI Journal) प्रकाशन वार्षिक रुपमा एक वटाका दरले गर्ने गरेको। |
| | | २. सरकारी/गैरसरकारीस्तर बाट सूचनाको हक सम्बन्धमा भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी सोको नतिजा एवं प्रभाव र नीतिगत उपयोगका बारेमा प्रचार प्रसार गर्ने | RTI AUDIT REPORT का आधारमा सुझाव पठाउने गरिएको। |

| | | | |
|---|---|---|---|
| | | ३. सूचनाको हक कार्यान्वयन सम्बन्धमा भएका प्रयासहरूको उपलब्धी मूल्याङ्कन बाह्य स्वतन्त्र विज्ञबाट गराई प्रतिवेदन सार्वजनिक गर्ने | प्रदेशस्तरमा RTI AUDIT मार्फत मूल्याङ्कन हुने गरेको। |
| | | ४. सूचनाको हक प्रयोगमा सफलताका कथाहरू संकलन गरी प्रकाशन र वितरण गर्ने | प्रकाशन गरी वितरण गर्ने गरिएको। |
| | | ५. आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने | भौतिक संरचनाको व्यवस्थापन गरी स्थापना गर्ने प्रकृयामा रहेको। |
| ७. | आयोगको संस्थागत र पूर्वाधार विकास र विस्तार गर्ने | १. आयोगबाट सूचनाको हकका प्रवर्द्धक, समर्थक, अभियन्ता एवं संचार माध्यम लगायतसँग आयोगबाट हुने संचार सम्पर्कका लागि सूचना प्रविधिमा आधारित संचार तथा पहुँच प्रणाली स्थापना गर्ने | RTIMS को विकासले सहजीकरण गर्ने। |
| | | २. कार्यालय फर्निचर, कम्प्युटर उपकरण लगायतका पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने | स्वीकृत बजेटको सीमाभित्र रहेको व्यवस्थापन हुँदै गएको। |
| | | ३. आयोगको कार्यालयको लागि जग्गा प्राप्ति गरी भवनको निर्माण गर्ने | कम्पनी रजिष्ट्रारको कार्यालयको पुरानो भवनलाई मर्मत सम्भार गरी आयोगको कार्यालय स्थापना गरिएको तर स्वामित्व आयोगको नाममा नरहेको। |
| | | ४. आयोगका व्यवस्थापकीय एवं अन्य कार्यहरू समयमै सम्पादन गर्नका लागि सहयोग हुने गरी विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने | Kathmandu School of Law बाट अध्ययन भ्रमण। |
| | | ५. आयोगमा पदस्थापन हुने कर्मचारीलाई नियमित सुविधाका अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने | कानून र बजेटको अभाव। |
| ८. | आयोगको अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने | १. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको कार्यसम्पादनको नियमित अनुगमन तथा मूल्यांकनको निर्देशिका जारी गर्ने | सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भई कार्यान्वयनमा रहेको। |
| | | २. सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवं प्रतिवेदनको ढाँचा तयार/अद्यावधिक गरी लागु गर्ने | अनुगमन निर्देशिकामा ढाँचा तोकिएको। |
| | | ३. सार्वजनिक निकायहरुको आर.टि.आई. अडिट संचालन गर्ने | आयोगले प्रदेश मन्त्रालयहरुको आर. टि. आई. अडिट विज्ञहरुबाट गराई प्रतिवेदन प्राप्त गरेको। महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणमा RTI Implementation Complaince को अवस्थाबारे परीक्षण गरिदिन अनुरोध गरी कार्यान्वयन गरिएको। |
| | | ४. नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रारूप (Result–Based MonitoringFramework- RBMF) तयार गरी लागू गर्ने | क्रियाशिलताको कमी। |
| | | ५. चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी छलफल र सिकाइ आदान प्रदान गर्ने | वार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री समक्ष पेश गरी प्रतिनिधि सभामा पेश गरेको। |

| | | | |
|---|---|---|---|
| ९. | संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयन प्रभावकारी बनाउने | १. दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गर्ने | कानून र क्रियाशिलताको कमी। |
| | | २. नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन गर्ने | श्रोत र तथ्यांकको अभाव। |
| | | ३. सूचनामा पहुँच सम्बन्धी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू संचालन गर्ने | श्रोतको अभाव। |
| | | ४. संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग सहकार्य विस्तार गर्ने | सहकार्यको लागि पहल भएको। |
| १०. | सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र सहकार्य प्रवर्द्धन गर्ने | १. आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने | संघीय संसदमा वार्षिक प्रतिवेदन पठाउने गरेको। छलफल गराउने प्रयास भएको। |
| | | २. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक आयोगहरूसँगको सहकार्यमा कार्यक्रम संचालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने | महालेखा परीक्षकको कार्यालयसँग समन्वय गरी Audit प्रक्रिया सुरु भएको। राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय भईरहेको। |
| | | ३. नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरू मार्फत् सम्बन्धित क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने गराउने | छलफल भएको। |
| | | ४. अदालत, बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने र अदालती न्याय निरूपणमा सहजीकरण गराउने | छलफल भएको। |
| | | ५. गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तीकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने | आयोग र द एशिया फाउण्डेशन, सिएसएम कार्यक्रम सँगको सहकार्यमा Partner Organization मार्फत Training Camp सञ्चालन गरेको। |

१.३.३ विगत पाँच वर्षको लक्ष्य अनुसारप्रगति हुन नसक्नाका कारण

क. रणनीति, वार्षिक योजना र कार्यक्रमबीच तादात्म्यता नहुनू ।

ख. श्रोत साधनको कमी र अभाव।

ग. रणनीति कार्यान्वयनमा प्राथमिकताको कमी।

घ. समन्वय, सहकार्य, साझेदारी र सहयोगको कमी सरकारी निकायः संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी NGO, INGO र Development Partners)

च. Covid-19 महामारीको असर।

१.३.४ चुनौती

२०७८ को जनगणनाको तथ्याङ्क अनुसार नेपालको साक्षरता दर ७६% रहेको देखिन्छ। शिक्षाको अवस्था र चेतनाको अवस्था दुई फरक फरक बिषय हुन्। नेपालको जनसंख्याको करिब एक चौथाई नागरिक निरक्षर रहेको तथ्याङ्कले देखाउछ। सूचनाको हक प्रयोग गर्न शिक्षित समुदाय समेत यस हक प्रयोग गर्नमा असहज मानिरहेको अवस्थामा निरक्षर र सीमान्तकृत समुदायसम्म सूचनाको हकको अभ्यासलाई पुऱ्याउनु चुनौतिपूर्ण रहेको छ।

- संघीय सरकारको बजेटको प्राथमिकतामा सूचनाको हक पर्न नसकेका कारण अपेक्षित सचेतनामूलक कार्यक्रमहरु आम नागरिक समक्ष पुऱ्याउन नसक्नु।
- नागरिकले सूचना माग गर्दा सहजै ढंगबाट सूचना प्राप्त गर्न नसक्नु।
- सूचनाको बर्गीकरण हुन नसक्नु।
- सार्वजनिक निकायमा सूचनाका लागि आवश्यक पर्ने तथ्याङ्क व्यवस्थापन प्रणाली (Data and information management system) व्यवस्थापन गर्न नसक्नु।
- सूचनाको हकको गलत प्रयोग हुने गरेको गुनासो बढ्दै जानु।

१.३.५ हाम्रा योजना

विभिन्न समस्या र चुनौतिका बाबजुद सूचनाको हक अभ्यास र कार्यान्वयनका लागि सूचनाको हकको सम्मान, संरक्षण र प्रबर्द्धनमा निरन्तर क्रियाशील यस आयोगबाट प्रत्येक वर्ष व्यवस्थापिका संसदमा पेश हुने बार्षिक प्रतिवेदनमार्फत पेश भएको सुझावको कार्यान्वयन गर्नु गराउनु जरुरी देखिन्छ। नागरिकलाई सुसूचित गराउने कार्यक्रम प्रत्येक स्थानीय तहको बार्षिक कार्यक्रममा आन्तरिकीकरण गराउनुका साथै सूचनाको हकको अभ्यास गराउने सांगठनिक संरचना प्रदेश र स्थानीय सरकारसम्म विस्तार गर्न जरुरी छ। समयसापेक्ष नीतिगत पुनरावलोकन, कानूनको कार्यान्वयन, गैरसरकारी तथा नागरिक समाजसँगको सहकार्यबाट नै सूचनाको हकबारे नागरिकलाई सुसूचित गराउन सकिन्छ। यसका साथै तीनै तहका सरकार, नागरिक समाज, गैरसरकारी संस्था तथा आम नागरिकको साथ र सहयोगको खाँचो रहेको छ।

## १.४ लक्ष्य र कार्यान्वयनको खाडल (Implementation Gap)

रणनीतिक योजनामा मुख्य रणनीतिक प्राथमिकता ४ वटा र कार्यान्वयन कार्ययोजना ९६ वटा क्रियाकलापहरु रहेकोमा ५६ वटा क्रियाकलापमा प्रगति भएकोमा २२ क्रियाकलापमा प्रगति हुन सकेको देखिँदैन। रणनीतिक कार्ययोजना २०२१–२०२५ का लक्षित कार्यक्रम मध्ये करिब ७०% भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ। भौतिक र वित्तीय प्रगति उल्लेखनीय नै रहेको छ। रणनीतिक योजना अवधिमा USAID, The Asia Foundation CSM Program को सहकार्य र साझेदारीमा क्षमता विकास कार्यक्रम, गोष्ठी अन्तरक्रिया प्रचार प्रसार सामाग्री प्रकाशन एवं अन्तर्राष्ट्रिय भ्रमण सहयोग जस्ता क्षेत्रमा प्राविधिक सहयोग प्राप्त भएको देखिन्छ। नेपाल सरकारबाट प्राप्त बजेटबाट संचालित कार्यक्रमहरू ९५% भन्दा बढी सम्पन्न भएको देखिन्छ। आयोगबाट रणनीतिक योजना तर्जुमा गर्दा केही महत्वाकांक्षी लक्ष्य राखिएको हो कि भन्ने पनि देखिन्छ। तर खर्च गर्नका लागि वास्तविक लागत अनुमान गर्न नसकिएको तथ्य एवं बजेटको सीमितता रहेको योजना कार्यान्वयनको सन्दर्भमा देखिएको छ।

रणनीतिक कार्ययोजनाका धेरैजसो कार्यक्रमहरू नागरिक समक्ष जानकारी पुऱ्याउने, सचेतना विकास गर्ने, जनचेतना फैलाउने र सक्रिय नागरिक र अभियन्ता लक्षित रहेका थिए। सार्वजनिक निकायलाई खुला, पारदर्शी, जिम्मेवार र जवाफदेही तथा उत्तरदायी बनाई सुशासन कायम गराउने लक्ष्य भएको र यी लक्ष्यहरू निरन्तर रूपमा कार्यान्वयन गर्दै लैजानु पर्ने र कुनै विन्दुमा पुगेपछि बन्द गर्नुपर्ने जस्ता होइनन्। अतः नागरिक जागरूक र क्रियाशील नभएसम्म सार्वजनिक

प्रशासन सक्रिय र स्वतः प्रभावित हुने अवस्था हुँदैन। त्यसैले रणनीतिक कार्ययोजनालाई समीक्षा गरी पुनः तर्जुमा गर्न अझ सशक्त र प्रभावकारी बनाउनुपर्ने टड्कारो आवश्यकता प्रस्तुत योजनाको कार्यान्वयनबाट प्राप्त सिकाइ र अनुभव रहेको छ। अतः प्रत्येक क्रियाकलापको तुरून्तै Value for Money वस्तुगत रूपमा प्राप्त गर्न र मापन गर्न कठिनाइ भएपनि अनुगमन र मूल्याङ्कनलाई कार्यक्रमको सशक्त र अभिन्न अंग मानी नतिजामा आधारित मूल्याङ्कन पद्धति अपनाउनुपर्ने देखिन्छ।

## १.५ रणनीतिक योजना अवधिमा सम्पन्न हुन बाँकी कार्यहरू

### १.५.१ माग पक्षको सशक्तीकरण गराउने

आयोगको ५ वर्षे कार्यक्रमहरू मध्ये सम्पन्न हुन बाँकी कार्यहरूमा समावेशी रूपमा जनचेतना जगाउन नसकेको, सूचनाको हक सम्बन्धी स्रोत केन्द्रको स्थापना र सञ्चालन गर्न नसकेको पाइन्छ। यस्तै शिक्षक र स्वास्थ्य सम्बन्धी राष्ट्रसेवकहरूलाई प्रारम्भिक प्रशिक्षण दिने कार्य हुन सकेको पाइएन। सूचनाको हक सम्बन्धी विषयमा पि.एच.डि., एम.फिल र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई थेसिस लेख्न फेलोसिप प्रदान गर्ने कार्य पनि भएको देखिएन।

### १.५.२ आपूर्ति पक्षको सुदृढीकरण

आपूर्ति पक्षको सुदृढीकरण गर्ने कार्यक्रममध्ये केन्द्र र जिल्लास्थित अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारी नियुक्त गर्ने कार्य सम्पन्न भएको छ। कार्यालय प्रमुख पछिको दोस्रो अधिकारीलाई सूचना अधिकारी तोक्ने कार्य भएको देखिएन। यस्तै अनलाइन सूचना माग गर्ने पोर्टललाई संस्थागत गर्ने कार्य पनि आंशिक रुपमा शुरुवात गरिएको छ। सरकारी तालिम केन्द्रहरूले सूचनाको हक सम्बन्धी पाठ्यक्रम समावेश गरेको भएता पनि एकीकृत मापदण्ड सहितको पाठ्यक्रम विकास भएको पाइएन। सूचना अधिकारीको लागि थप आर्थिक सुविधार अन्य उत्प्रेरणा भएको देखिएन। स्वतः प्रकाशन सम्बन्धी पोर्टल विकास गरी लागु गर्ने प्रयास भएता पनि एकीकृत पोर्टल खडा गरी सार्वजनिक निकायको पोर्टलसँग तादात्म्यता रहेको देखिएन।

### १.५.३ आयोगको क्षमता अभिवृद्धि गर्ने

यस कार्यक्रम अन्तर्गत सञ्चार तथा बाह्य पहुँच (Communication and Outreach Strategy) स्थापना गर्ने, अनुमगन तथा मुल्यांकन प्रणालीसम्बन्धी अवधारणा र आधारपत्र विकास गरेको देखिएता पनि पूर्ण रूपमा कार्यान्वयन भएको अवस्था पुष्टि हुँदैन। यस्तै आयोगका कर्मचारी अत्यन्त न्यून संख्यामा रहेको र छिटो छिटो सरूवा हुने प्रवृत्ति कायमै रहेकोले संस्थागत स्मृतिको अभाव भएकोले योजनाको कार्यान्वयनमा प्रतिकूल असर परेको समेत देखियो। यसैगरी, संघीय ढाँचामा सूचनाको हक कार्यान्वयन गर्ने रणनीति विकास गर्ने, ऐन नियममा संशोधन गर्ने, आयोगको आदेश समयमै कार्यान्वयन गर्ने गराउने जस्ता कार्यहरू सम्पन्न भएनन्। आर.टि.आई. सेन्टरमा ई–लाइब्रेरी स्थापना गर्ने कार्य पनि हुन सकेन। त्यसैगरी ५ वर्षे रणनीतिक योजनाको बाह्य स्रोतबाट प्रभाव (Impact) अध्ययन मूल्याङ्कन गरेको पाइएन।

संक्षेपमा भन्नु पर्दा आयोगले संस्थागत र योजनावद्ध विकास गर्न लागेको करिब १८ वर्ष अवधिमाचार वटा सहयोग परियोजनाको कार्यान्वयनको अनुभव रहेको छ। सन् २०१३ जनवरी–डिसेम्बरसम्म एक वर्ष परियोजना Improving the implementation of RTI in Nepal दोस्रो परियोजना Support to Championing National Capacity for RTI in Nepal नामक प्रथम र द्वितीय चरणको योजना सन् २०१४ देखि २०१८ सम्म सञ्चालन गर्‍यो। चौथो सहयोग र साझेदारी कार्यक्रम अन्तर्गत (USAID The Asia Foundation CSM Programe) 2021 - 2025 अवधिमा संचालन भई केही प्रवर्द्धनात्मक कार्यक्रम एवं प्रचार प्रसारका गतिविधि संचालन भए पनि परियोजना प्राविधिक सहयोगको अन्त भएकोले यसले पूर्णता पाउन सकेन। उल्लेखित परियोजनाहरूबाट नेपालमा सूचनाको हकको क्षेत्रमा सकारात्मक विकास भएको पाइएको छ। पाँच वर्ष रणनीतिक योजनाले अपेक्षा गरेको लक्ष्य पूरै कार्यान्वयन नभएता पनि सूचनाको हकको क्षेत्रमा सचेतना ल्याउन र सम्बद्ध पक्षलाई सूचनाको आपूर्ति र माग तथा स्वतः प्रकाशनका लागि बाध्य पार्ने गरी अनुकूल वातावरणको सिर्जना गर्न सक्षम भएको अनुभव गराएको देखिएको छ। सूचनाको हकको प्रवर्द्धन, संरक्षण एवं प्रचलनको कार्यलाई प्रभावकारी बनाउन रणनीतिक योजना अवधिको लागि विकास परियोजना प्राप्त हुँदा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

# अध्याय २

# आयोग र अन्य सरोकारवालाहरूको भूमिका

सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोग र अन्य सरोकारवाला निकायको भूमिका विश्लेषण गर्नुपर्दा देहाय बमोजिमका सरोकारवाला व्यक्ति तथा निकायहरूको प्रत्यक्ष रूपमा संलग्नता रहेको पाइन्छ। यद्यपी कतिपय अन्य सरोकारवालाले अप्रत्यक्ष रूपमा भूमिका निर्वाह गरेको यथार्थलाई इन्कार गर्न मिल्दैन। खासगरी देहायका निकायहरूसूचनाको हकको कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहेका छन्।

(१) राष्ट्रिय सूचना आयोगः संस्थागत पक्ष

(२) माग पक्षः सूचना मागकर्ता

(३) आपूर्ति पक्षः सूचना आपूर्तिकर्ताको भूमिका रहेका संघ, प्रदेश एवम् स्थानीय तहका सरकारहरू र अन्तर्गतका सार्वजनिक निकायहरू

(४) सूचनाको हकका प्रवर्द्धक तथा समर्थकहरू तथा कानूनतः दर्ता भएका सार्वजनिक सरोकार राख्ने, निजी क्षेत्र एवम् गैरसरकारी राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरू

उल्लेखित सरोकारवाला निकायहरूको दायित्व तथा भूमिका सम्बन्धमा संक्षिप्त विश्लेषण निम्न बमोजिम रहेको छ।

## २.१ राष्ट्रिय सूचना आयोगको भूमिका

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हक मानेको छ। यस मौलिक हकको कार्यान्वयन गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी भएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नेपालमा एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको स्थापना, २०६५ वैशाखमा भएको हो। यसको मुख्य कार्य सूचनाको हकको संरक्षण, सम्बद्र्धन र प्रचलन गर्ने हो। यो मुख्य कार्यको अतिरिक्त आयोगका अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम छन्:

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीहरूको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाइ राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) ऐन बमोजिमको दायित्व पालन गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने।

राष्ट्रिय सूचना आयोगले आफ्नो जिम्मेवारी निर्वाह गर्न उल्लेखित कार्यका अतिरिक्त निम्न बमोजिम कार्य समेत गर्दै आएको छः

(क) पुनरावेदन सुन्ने,

(ख) सार्वजनिक निकायले लगाएको शुल्क, दस्तुरउपर पुनरावेदन सुन्ने,

(ग) वर्गीकरण समितिले गरेको वर्गीकरण उपरको निर्णय पुनरावलोकन गर्ने,

(घ) शंखघोषक विरूद्धको कारवाही सम्बन्धमा उजुरी सुन्ने तथा क्षतिपूर्ति दिलाउने,

(ङ) सूचनाको दुरूपयोग उपरको उजुरी सुन्ने र दण्ड सजाय गर्ने,

(च) सूचना उपलब्ध नगराउने सूचना अधिकारी वा कार्यालय प्रमुखलाई दण्ड सजाय गर्ने,

(छ) आयोगको आदेश अटेर गर्नेलाई दण्ड सजाय गर्ने,

(ज) क्षतिपूर्तिको लागि उजुरी सुन्ने,

(झ) पुनरावेदन र आयोगका काम कारवाही सञ्चालन गर्न कार्यविधि एवम् आचारसंहिता बनाउने,

(ञ) आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकारमार्फत व्यवस्थापिका संसदमा पेश गर्ने।

(ट) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि प्रवर्द्धनात्मक कार्य गर्ने।

राष्ट्रिय सूचना आयोगको कार्यक्षेत्र सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउने रहेको छ।

आयोगमा सीमित मानवीय र आर्थिक स्रोत साधन, प्रदेश र जिल्ला स्तरमा सम्पर्क निकायको अभाव, कार्यकारी प्रकृतिको अधिकार नहुनु जस्ता कारणहरूले गर्दा केही समस्याहरू देखा परेको छ। तथापी सूचनाको हकको कार्यान्वयनमा विगत अठार वर्षको अवधिमा उल्लेख्य सफलता मिलेको छ। सूचनाको हकको कार्यान्वयनमा भारत बाहेक अन्य दक्षिण एशियाली राष्ट्रमा नेपालको स्थिति उल्लेख्य छ। खासगरी पुनरावेदनको फछर्योट औसतमा ९०% भन्दा बढी रहेको छ। अन्य सरोकारवालाहरूले आयोगको काम पुनरावेदन सुन्ने मात्र हो, प्रवर्द्धन गर्ने कार्य गैरसरकारी संस्था र अन्य प्रवर्द्धकहरूको हो र तिनलाई सशक्त बनाउनुपर्छ भन्ने आवाज सशक्त रूपमा नआएको पनि होइन। तथापि आयोगको कार्य जिम्मेवारीमा सूचनाको हकको संरक्षण र प्रवर्द्धन गर्ने कार्य जिम्मेवारी समेत रहेको छ। त्यसले गर्दा आयोगले जनचेतना वृद्धि गर्ने कार्य व्यापक र सशक्त रूपमा गर्दै आएको छ।

सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने, तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने, सूचना दिएको र दिन इन्कार गरेको विवरणको अभिलेख आयोगमा पठाउने आदेश कार्यान्वयन भइरहेको छ। इन्टरनेटमा आधारित अनलाइन सूचना माग र आपुर्ति गर्ने कार्यका लागि सफ्टवेयर तर्जुमा गरी परीक्षणको रुपमा सञ्चालनमा रहेको छ। तालिम, प्रशिक्षण, अभिमुखीकरण, आर.टि.आई. अडिट, सूचना तथा ज्ञान सम्बन्धी एवम् जानकारीमूलक सामग्रीको प्रकाशन र वितरण गरी आएको छ। यसैगरी विभिन्न निर्देशिका तयार गरी वितरण गरेको छ। साथै आयोगले सूचनाको हक सम्बन्धी सफलताका कथाहरूको संगालो प्रकाशन गर्दै आइरहेको छ।

आयोगले सूचनाको हक सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमा सहभागिता जनाउने तथा असल अभ्यासको आदान–प्रदान गर्ने गरेको छ। मित्रराष्ट्र बंगलादेशको सूचना आयोगसँग समझदारी पत्रमा हस्ताक्षर भएको छ। राष्ट्रिय सूचना आयोग सूचनाको हकको कार्यान्वयनका लागि सशक्त निकायको रूपमा विकास भएको छ।

## २.२ सूचनाको माग पक्ष

सूचनाको हकका माग पक्ष भनेका नेपाली नागरिक हुन्। नागरिक सर्वोच्चता र जनतामा निहित सार्वभौम सत्ता नेपाल राज्यको पहिचान हो। लोकतन्त्रको मुख्य आधार भनेको नै जनतामा निहित सार्वभौमसत्ता र सर्वोच्चता नै हो। अतः नेपाली जनता नेपालका सार्वजनिक निकायमा रहेका सूचनाका मालिक एवम् स्रोत हुन् र स्वामित्व राख्ने व्यक्ति हुन् भन्नेमा दुईमत हुन सक्दैन। त्यसैले सूचनाको माग गर्ने अधिकार नेपालको संविधानले नेपाली नागरिकलाई दिएको छ।सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्व र व्यक्तिको आफ्नो सूचना माग गर्ने, पाउने तथा सार्वजनिक निकायमा रहेको सूचनामा सरल र सहज पहुँच हुने, सूचना प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने र सूचना प्राप्त नभएमा पुनरावेदन, उजुर तथा निवेदन दिएर प्राप्त गर्न सकिने व्यवस्था छ।

सूचनाको मागकर्ता नागरिकले सार्वजनिक निकायमा रहेका सूचना माग गर्ने प्रवृत्ति रहेको छ। स्वतः प्रकाशन पनि गर्ने गरिएको छ। आयोगको३ वर्षे परियोजनाको उपलब्धीको समीक्षा गर्दा ३७६१ वटा निकायले सूचना अधिकारी तोकेको र केन्द्रीयस्तरका र जिल्लास्तर गरी कम्तिमा १ पटक ४६ प्रतिशत निकायले स्वतः प्रकाशन गरेको पाइएको थियो।२०७७ को पछिल्लो अध्ययन अनुसार १५ वटा मन्त्रालय र ३७ वटा विभागले स्वतः प्रकाशन गरेको देखिएन। तर यसले निरन्तरता पाउन सकेन र शासकीय स्वरूप पनि यसै बीचमा परिवर्तन भयो। सार्वजनिक निकायमा के कति सूचना माग भयो र प्राप्त भयो भन्ने एकीकृत विवरण उपलब्ध हुन नसकेको भएतापनि कतिपय सार्वजनिक निकायले माग गरेको विवरण दिने गरेको भनेका छन्।

विगत दश वर्षको अवधिमा पुनरावेदन गरेको संख्या ८,४३८ भएकोबाट पुनरावेदन गर्ने क्रम बढ्दै गएको देखिन्छ। जबसम्म नागरिक आफै जागरूक हुँदैनन् तबसम्म उनीहरूलाई सूचनाको आवश्यकता पर्दैन। नागरिकलाई जागरूक गर्ने कार्य राष्टिय सूचना आयोग, सार्वजनिक निकाय,गैरसरकारी संस्था, अभियन्ता तथा समर्थकहरूबाट नियमित रूपमा भइरहनु पर्दछ। यस पक्षको विश्लेषण गर्दा देहायको अवस्था रहेको छः

(क) सूचनाको माग गर्नु र प्राप्त गर्नु नागरिकको मौलिक हक हो भन्ने धेरैलाई थाहा छैन। नागरिक आफै जागृत हुनु पर्दछ। उनीहरूलाई सूचनाको आवश्यकता पर्नुपर्दछ। एकातर्फ नागरिक पूर्णरुपमा सचेत नभएको अवस्था छ भने अर्कातर्फ साक्षरता र जनचेतनाको कमी रहेको छ।

(ख) नागरिकका अधिकार र नागरिकलाई उपलब्ध अवसरका विषयमा जानकारी दिने संयन्त्रहरू कमजोर देखिएका छन्। महिला, मधेसी, आदिबासी, जनजाति, पिछडिएका वर्ग र दुर्गम क्षेत्रका नागरिकहरूलाई आफ्नो अधिकारबारे राम्रोसँग जानकारी र पहुँच पनि छैन।

(ग) यस क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था सीमित संख्यामा रहेका छन्। आयोगसँगको समन्वय र सहकार्य न्यून रहेको छ।

(घ) सूचनाको हक सम्बन्धी अधिकार पत्रकारको अधिकार हो भन्ने बुझाई रहेको छ।

(ङ) सूचना माग गर्न प्रक्रियामा अधिकांश नागरिक अभ्यस्त छैनन्। यदाकदा माग गरेको सूचना सजिलै उपलब्ध नगराउने प्रवृत्ति रहेको छ।

## २.३ सूचना आपूर्ति पक्ष

सूचना आपूर्तिकर्ता भनेको सार्वजनिक निकाय हुन् र नेपालको कानून बमोजिम नेपालमा दर्ता र स्थापना भएका सबै निकाय सार्वजनिक निकाय हुन्। आफ्ना काम कारवाही, निर्णय एवम् सूचना सार्वजनिक गर्नु र नागरिकले मागेका बखत सूचना उपलब्ध गराउनु सार्वजनिक निकायका दायित्व हो। नागरिकलाई सूचना प्रवाह गर्न सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्ने, सूचना शाखाको स्थापना गर्नुपर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने दायित्व तोकेको छ। स्वतः प्रकाशन गर्दा २० प्रकारका सूचना प्रकाशन गर्नुपर्दछ। सार्वजनिक निकायले सूचनाको हकको सम्मान र संरक्षण गर्ने, सूचना अद्यावधिक गरी सार्वजनिक प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम कारवाही खुला र पारदर्शी रूपमा गर्ने तथा कर्मचारीलाई तालिम प्रशिक्षण दिनुको साथै विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चार माध्यमबाट सूचना सार्वजनिक गर्ने दायित्व रहेको छ। सार्वजनिक निकायको स्थितिको विश्लेषण गर्दा निम्न अवस्था देखिन्छः

(क) कार्यरत सूचना अधिकारीको सरूवा बढुवा भई रिक्त रहेमा प्राथमिकता दिई तोक्ने व्यवस्था पूर्ण रूपमा पालन गरिएको छैन। कार्यालय प्रमुख पछिको वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने कार्य प्रभावकारी हुन सकेको छैन।

(ख) प्रायः जसो निकायमा छुट्टै सूचना शाखा नतोकिएको।

(ग) ३/३ महिनामा गर्नुपर्ने स्वतः प्रकाशन नियमित रूपमा निर्धारित ढाँचामा गर्ने प्रभावकारी हुन सकेको छैन।

(घ) सूचनामा सूचना अधिकारीको पहुँच र जागरुकताको कमी रहेको।

(ङ) कार्यालयको अभिलेख प्रणाली व्यवस्थित नरहेको र विद्युतीय माध्यमबाट सूचना उत्पादन, संग्रह र वितरण गर्ने नगरेको।

(च) सूचनाको वर्गीकरण नभएको।

(छ) सूचना माग भएपछि कसरी सूचना प्रवाह गर्ने भन्ने कार्यविधि वा निर्देशिका नभएको।

(ज) सूचना माग भएपछि सूचना दिने नदिने निर्णय गर्नसूचना अधिकारीले नै कार्यालय प्रमुख समक्ष पेश गर्ने गरेको र सूचना अधिकारीलाई स्पष्ट अधिकार प्रत्यायोजन नभएको। सूचना नदिएको कारण सूचना अधिकारी दण्डित हुनुपर्ने अवस्था रहेको तर सूचना संग्रह गरी नदिने अन्य कर्मचारीलाई केही कारवाही नहुने भएबाट सूचना प्रवाह सम्बन्धी कार्य क्षेत्रगत स्पष्टता तथा जिम्मेवारी एवम् जवाफदेहिता बहन नहुने गरेको।

(झ) सूचना अधिकारीको कामलाई अतिरिक्त बोझको रूपमा लिइने गरेको र कार्यालयकै बाध्यात्मक कार्य हो भनी आत्मसात गरेको नपाइएको।

(ञ) सूचना अधिकारीलाई तालिम, प्रशिक्षण नभएको।

(ट) धेरैजसो सार्वजनिक निकायले सूचनाको हक र त्यसको दायित्वबारे अनभिज्ञ रहेको, उदासिन रहने गरेको, यसको खुला तथा पारदर्शिताको बीचको भिन्नता महशुस गर्न नसकेको।

(ठ) सूचना प्रवाहप्रति असंलग्न हुने, अवरोध गर्ने र सकभर बाध्य नभई सूचना नदिने प्रवृत्ति कायम रहेको।

(ड) कार्यालयको सबै कार्य गोपनीय नै हुने र सूचना दिन नहुने मानसिकता कायम नै रहेको।

(ढ) नागरिकप्रति सम्मानभाव हुने नगरेको।

(ण) सूचना संरक्षण गर्ने कार्यविधि तर्जुमा हुन नसकेको।

(त) विभिन्न भाषा र सञ्चार माध्यमबाट सूचना सार्वजनिक गर्ने र प्रसारण गर्ने नगरेको।

(थ) सूचनाको हक के हो, कस्ता अधिकार हुन्छन् र राज्यबाट के के सुविधा, संरक्षण र लाभकारी कार्य गरेका छन् र कुन वर्गका जनताले कसरी कहाँबाट प्राप्त गर्न सक्छन् र प्राप्त नभएमा उपचारको कस्तो व्यवस्था रहेको छ भन्ने जानकारीमूलक सूचना प्रवाह पर्याप्त मात्रामा हुन नसकेको।

(द) खुला र पारदर्शी भएमा अनियमितता, भ्रष्टाचार, वेथिति प्रकाशमा आउने र दण्डित हुने भय रहेको।

**२.४ संघीय, प्रदेश र स्थानीय तहका सरकार अन्तर्गतका सार्वजनिक निकायहरू**

सूचनाको हकको कार्यान्वयन गर्ने गराउने मुख्य जिम्मेवारी तीनवटै तहका सरकारहरूको हो। नेपालको शासकीय स्वरूप परिवर्तन,राज्यको पुर्नसंरचना पश्चात संघीय सरकार, सातवटा प्रदेश र ७५३ वटा स्थानीय तहका सरकार रहेको छ। सूचनाको स्रोत यिनै सरकार हुन्। कार्यान्वयनकर्ता र सहजकर्ता पनि यिनै हुन्। सरकारी निकाय नै सूचनाको उत्पादक, वितरक र उपभोगकर्ता पनि हो। सूचनाको हकको कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दा निम्न बमोजिमको स्थिति रहेको पाइन्छ।

(क) राजनैतिक प्रतिवद्धताको अभाव रहेको। सकभर सूचना नदिने प्रवृत्ति रहेको र सूचना नदिनेलाई जिम्मेवार र जवाफदेही बनाउन प्रयत्न नगरेको मात्र हैन कि सूचनाको संप्रेषणबाट सरकारको गलत क्रियाकलाप सार्वजनिक भएमा जनताको कठघरामा उभिनुपर्ने भयले गर्दा सूचना नदिने गरिएको।

(ख) प्रदेश र स्थानीय तहमा भर्खरै मात्र पुनर्संरचना भएकोले कार्यालय व्यवस्थापन, मानवस्रोत साधन, भौतिक पूर्वाधारको अभाव भएकोले सूचनाको हकले प्राथमिकता पाउन नसकेको।

(ग) स्थानीय तहका शाखा कार्यालयहरूबाट पालिका समक्ष सूचना प्राप्त गर्ने कार्यविधि स्पष्ट नभएको र सम्बन्धित शाखा कार्यालयबाट सूचना अधिकारी तोक्ने, सूचना अद्यावधिक गर्ने र सूचना प्रवाह गर्ने, स्पष्ट कार्यविधि नभएको हुँदा सूचना प्रवाह नियमित नभएको।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको अध्यक्षतामा रहेको केन्द्रीय समन्वय इकाई,सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको केन्द्रीय कार्यान्वयन इकाई र हुलाक सेवा कार्यालयबाट जिल्लास्थित कार्यालयहरूमा सूचनाको हकको कार्यान्वयनको अनुगमन गर्ने सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार कार्य सम्पादन हुन सकेको देखिएन। यसबाट नागरिकप्रति जवाफदेही र उत्तरदायी हुने तथा राज्यको काम कारवाही खुला र पारदर्शी गराई सुशासन कायम गर्ने अभिष्ट पूर्ति भएको नदेखिएको।

(ङ) नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा रहेको वर्गीकरण समितिले सूचनाको वर्गीकरण हुन नसकेको कारणबाट सूचना प्रवाहमा अन्योलता रहेको।

(च) प्रदेश र स्थानीय तहमा सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने छुट्टै सम्पर्क केन्द्र नभएको र आयोगको संयन्त्र पनि नभएकोले कार्य व्यवस्थापनमा कठिनाइ रहेको।

(छ) तीनवटै सरकार स्वतन्त्र र स्वायत्त हुन भन्ने अवधारणागत बुझाइले केही प्रदेशले छुट्टै सूचनाको हक सम्बन्धी ऐन बनाउने प्रयत्न पनि गरेको तर प्रभावकारी हुन सकेको छैन।

(ज) प्रदेश र स्थानीय तहमा सूचनाको हक सम्बन्धी ज्ञानको अभाव रहेको। स्वतः प्रकाशन र सूचना अधिकारीको नियुक्ति गर्ने व्यवस्था कार्यान्वयनमा अपवादको रूपमा रहेको।

(झ) सूचनाको अभिलेख, भण्डारण, प्राप्ति तथा पुनः प्राप्ति सम्बन्धी प्रणालीको अभावको कारणबाट सूचना प्राप्त गर्न कठिन रहेको। पुनः प्राप्ति तथा प्रयोगका विषयमा पर्याप्त व्यवस्था र कार्यविधि नभएको कारण सूचना नै अप्राप्य हुने गरेको। छोटो समयमा हुने सरुवा र बरबुझारथको प्रावधानलाई पालना गर्न नसक्दा संस्थागत स्मृतिमा समस्या

रहेको र तिनको पुनः व्यवस्थापन गर्ने विधि प्रक्रिया थालनी नगरिएबाट महत्वपूर्ण सूचना तथा अभिलेख सदाका लागि नास/लोप हुने र विस्मृतिमा जाने डर भएको। सूचना प्रविधिमैत्री र प्रयोगकर्ता मैत्री प्रविधिको अभाव भएको।

### २.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

सूचनाको हकका प्रवर्द्धक भनेका सुशासनलाई कार्यक्षेत्र बनाएका गैरसरकारी संस्था, सूचनाको हकको क्षेत्रमा कार्यरत अभियन्ता, खोज पत्रकारिता गर्ने व्यक्ति तथा संस्था र पत्रपत्रिका, रेडियो, टिभी लगायतका विद्युतीय सञ्चार माध्यम हुन्। सूचनाको हक नागरिकको हक भएता पनि नागरिक स्वयं जागृत नहुने भएकोले नागरिकलाई जगाउन प्रवर्द्धकको आवश्यकता रहन्छ। शिक्षा र चेतनाको स्तरको कमीले गर्दा अझ बढी आवश्यकता रहेको हुन्छ।

नेपालमा गैरसरकारी संस्थाको संख्या ४० हजार भन्दा बढी रहेको अनुमान छ। त्यस्तै निजी आमसञ्चार माध्यमहरू पनि उल्लेखनीय रूपमा रहेका छन्। सूचनाको हकको क्षेत्रमा काम गर्ने खोजपत्रकारिताको संख्या न्यून छ भने अभियन्ताको संख्या पनि सीमित छ। कतिपय गैरसरकारी संस्था सूचनाको हकको कार्यान्वियन, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, नागरिक वडापत्रको कार्यान्वयनको मुल्यांकन गर्ने पद्धतिलगायत पारदर्शिता र उत्तरदायी तथा जवाफदेहीता प्रवर्द्धनको कार्यमा लागेको पाइन्छ। यथार्थमा जति गैरसरकारी संस्था र तिनको सञ्जालको प्रयोग हुनुपर्ने हो त्यो भएको पाइँदैन। गैरसरकारी संस्था महासंघसँग आवद्ध भएका संस्था मात्र ७ हजारको हाराहारीमा रहेका छन् र संघदेखि स्थानीय तहसम्म सञ्जाल रहेको छ। तथापि तिनिहरूमा पनि सूचनाको हकको कार्यान्वयनमा उदासिनता रहेको पाइन्छ।

गैरसरकारी संस्था लगायतका प्रवर्द्धकको कार्यान्वयनको अनुभव र वर्तमान अवस्थाको विश्लेषणबाट देहाय बमोजिमको स्थिति रहेको पाइन्छः

(क) धेरैजसो गैरसरकारी संस्थाहरू सूचनाको हकप्रति अनभिज्ञ रहेको र उदासिन रहने गरेको पाइन्छ। सूचनाको हक र सुशासन सम्बन्धी विषयमा काम गर्ने गैरसरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू न्यून रहेको।

(ख) प्रत्येक राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि सूचना अधिकारी नियुक्त गर्नुपर्ने र स्वतः प्रकाशन गर्नुपर्ने प्रावधानले गर्दा आफ्नो काम कारवाही पारदर्शिता र खुला गर्न नचाहने प्रवृत्ति रहेको।

(ग) आमसञ्चारमाध्यमबाट प्रवाहित हुने सूचनाप्रति सामान्यतया नकारात्मक धारणा व्याप्त रहेको।

(ङ) सार्वजनिक निकायले गरेको कुनै काम सार्वजनिक भएमा आफूप्रति असहज परिस्थिती उत्पन्न हुने शंका वा त्रासका कारण सार्वजनिक निकाय र पदाधिकारी टाढै बस्न रूचाउने गरेको।

(च) प्रवर्द्धक र अभियन्ताहरुबाट सूचनाको हक संरक्षणका लागि प्रभावकारी कार्य हुन नसकेको।यस्ता संस्था र व्यक्तिहरूमा अझै पनि मानवीय तथा आर्थिक स्रोत साधनको अभाव रहेको। सूचनाको हक कार्यान्वयन गराउने दायित्व क्षमता कमजोर रहेको।

(छ) आमसञ्चार माध्यम सूचनाको हक प्रति सजग र सचेत हुन नसकेको। सञ्चार माध्यम आफैँले पनि सूचनाको हकको कार्यान्वयन नगरेको र सूचनाको हक सम्बन्धी बिट स्थापना गरी यस क्षेत्रमा भएका गतिविधिलाई प्रोत्साहन गर्ने गरेको नपाइएको।

(ज) सूचनाको हकको प्रयोग मार्फत सूचना माग गरी सार्वजनिक गर्ने प्रवृत्ति नरहेको। सूचना मागकर्ताले सूचना प्राप्त गरेपछि त्यसको प्रयोजन र प्रयोगमा आफैं स्पष्ट नहुने गरेको। यसबाट सार्वजनिक निकायलाई पारदर्शी, खुला र उत्तरदायी भए भएनन् भन्ने एकीन गर्न नसकिएको।

माथि उल्लेखित सूचनाको हकको क्षेत्रमा कार्यरत संस्था तथा निकायको विश्लेषणबाट सूचनाको हकको कार्यान्वयनमा अझ धेरै कार्य गर्नुपर्ने आवश्यकता देखिएको छ। संस्थागत र एकीकृत कार्यका लागि सहकार्य गर्नुपर्ने अवस्था रहेको स्पष्ट अनुभूति भएको छ।

सरोकारवाला संस्था तथा निकायको विश्लेषण गर्दा सूचनाको हकको क्षेत्रमा प्रगति भएको पाइएको छ। तथापि संस्थागत, कानूनी, व्यवहारगत, प्रविधि तथा उपयोग सम्बन्धी अवस्थामा सुधार गर्न बाँकी रहेको देखाउँछ। समस्या तथा चुनौतिहरू कायम नै रहेका छन्। यसका लागि विगत रणनीतिक योजनामा सम्पन्न नभएका कार्यहरू र परिवर्तित सन्दर्भमा उपयुक्त हुने कार्यक्रम समावेश गरी नयाँ रणनीतिक कार्ययोजना २०२६–२०३० तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन आएको छ। नयाँ रणनीतिक कार्ययोजना तर्जुमा गर्न माथि विश्लेषण र प्रस्तुत गरिएको कार्यक्रम कार्यान्वयन अनुभव, सिकाइ अभ्यास र कमीकमजोरीहरू समेतलाई संस्थागत विश्लेषणबाट अझ बढी स्पष्ट गरिएको छ।

## अध्याय ३

# रणनीतिक विश्लेषण र दिशाबोध

### ३.१ संस्थागत विश्लेषण

रणनीतिक योजना तर्जुमाको सन्दर्भमा सूचनाको हकको कार्यान्वयनको वर्तमान अवस्था, भएका प्रयास, सरोकारवालाको विश्लेषण तथा अनुभवबाट सूचनाको हकको कार्यान्वयनमा प्रत्यक्ष जिम्मेवार र जवाफदेही रहेको राष्ट्रिय सूचना आयोगको सवल/दुर्वल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण गर्नु जरुरी हुन्छ। आयोगको संस्थागत अवस्थालाई यसप्रकार विश्लेषण गरिएको छः

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • सूचनाको हकलाई संवैधानिक रुपमा मौलिक हकमा अंगीकार गरिएको,<br>• राष्ट्रिय सूचना आयोग ऐन बमोजिम गठित स्वतन्त्र निकाय भएको,<br>• आयोगको काम कर्तव्य र अधिकार कानूनतः स्पष्ट रहेको,<br>• कार्य सम्पादन गर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि र रणनीतिक कार्ययोजना रहेको,<br>• प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति, सेवा, शर्त र अवकाश सम्बन्धी व्यवस्था ऐनद्वारा निर्दिष्ट भएको,<br>• आयोगको पदाधिकारीमा समावेशी सिद्धान्त बमोजिम एकजना महिला अनिवार्य नियुक्तिको व्यवस्था रहेको,<br>• आयोगको आदेश कार्यान्वयन नभएमा दण्ड सजायँ गर्ने अधिकार भएको,<br>• वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत् संसदमा पेश गर्ने व्यवस्था भएको,<br>• सूचनाको हकको कार्यान्वयनमा आयोग निरन्तर क्रियाशील रहेको,<br>• आयोगको नेतृत्वको स्थायित्वको सुनिश्चितता रहेको,<br>• सामान्य पूर्वाधार (कार्यालय भवन र अन्य भौतिक स्रोत साधन) भएको। | • सूचनाको हक सम्बन्धी कानून संघीय संरचना बमोजिम संशोधन नभएको,<br>• सूचनाको हकको कार्यान्वयनको लागि कार्यकारी अधिकारको अभाव रहेको,<br>• सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्ने प्रावधान पूर्ण रुपमा कार्यान्वयन नभएको,<br>• प्रदेश र स्थानीय तहसम्म आयोगको संस्थागत व्यवस्था नभएको,<br>• गोपनियताको हक र सूचनाको हक कार्यान्वयन गर्ने निकाय अलग अलग भएको,<br>• कार्य सम्पादन गर्ने निर्देशिका, कार्यविधि खारेज गरिदा परम्परा र अभ्यासमा निभर हुनु परेको,<br>• आयोगमा वित्तीय स्रोत साधनको अभाव रहेको,<br>• कर्मचारी छिटो सरूवा हुने र कार्यक्षेत्र अनुरुप गुणात्मक र परिमाणात्मक संख्या न्यून रहेको,<br>• आयोगको तर्फबाट अदालतमा बहस पैरवी गरी प्रतिरक्षा गर्न सरकारी वकील समूहको कर्मचारीको व्यवस्था नभएको,<br>• शंखघोषक (Whistleblower) सुरक्षा सम्बन्धी कानून पर्याप्त नभएको,<br>• सूचनाको मागकर्ताको पूर्ण सुरक्षाको ग्यारेन्टी नभएको,<br>• अभिलेख तथा सूचना व्यवस्थापन कमजोर रहेको,<br>• सूचना प्रविधिको अधिकतम प्रयोग हुन नसकेको,<br>• आयोगको वार्षिक प्रतिवेदनमाथि संसदमा छलफल हुने अभ्यास नभएको। |

| अवसर | चुनौती |
|---|---|
| • राष्ट्रिय सूचना आयोगलाई थप प्रभावकारी र सक्षम बनाउने तथा नागरिकमा सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिने सोह्रौं पञ्चवर्षीय योजनामा उद्घोषण गरिएको, | • संविधानमा सूचनाको हक सम्बन्धी व्यवस्थामा रहेको अस्पष्ट प्रतिबन्धात्मक प्रावधान,<br>• सूचनाको हकसँग बाझिने गरी कतिपय ऐन कानून विद्यमान,<br>• पटक पटकको आग्रहपछि पनि राजनीतिक दल र गैर सरकारी संस्थाहरुको अपारदर्शी आर्थिक क्रियाकलाप, |

| | |
|---|---|
| • नागरिक समाज, गैरसरकारी संस्था, अभियन्ता र आमसञ्चार माध्यम सूचनाको हकको कार्यान्वयनमा क्रियाशील हुँदै गएका,<br>• विद्यालय तथा विश्वविद्यालयमा सूचनाको हक सम्बन्धी विषयको पाठ्यक्रम समावेश गर्ने माग बढ्दै गएको,<br>• लोकसेवा आयोगको पाठ्यक्रम र सरकारी तालिम/प्रशिक्षणमा सूचनाको हक सम्बन्धी विषय समावेश गर्ने क्रम बढ्दै गएको,<br>• सार्वजनिक क्षेत्रमा नवीनतम सूचना प्रविधिको प्रयोग बढ्दै गएको, सामाजिक सञ्जालको प्रयोग व्यापक हुँदै गएको सन्दर्भमा सूचना प्रविधिमैत्री व्यवस्थापन प्रणालीको स्थापना र प्रयोग गर्ने अवसर रहेको,<br>• संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा जारी भएका ऐन, नियम, निर्देशिकाहरु सुशासन प्रवर्द्धन र सूचनाको हकको कार्यान्वयनमा सकारात्मक रहेका,<br>• सूचनाको हकको क्षेत्रमा कार्यरत संस्थासँग सहयोग, समन्वय र पारस्परिकताको विकास हुँदै गएको,<br>• स्थानीय तहको वडा स्तरबाट नै नागरिकलाई सेवा प्रवाह हुने भएकोले सूचनाको माग पक्ष सबल हुँदै गएको,<br>• युवा समूहमा पारदर्शिता, सुशासन र भ्रष्टाचार नियन्त्रण सम्बन्धमा चासो र क्रियाशीलता वृद्धि हुँदै गएको,<br>• सूचनाको हक सम्बन्धी विषय विश्वव्यापी रुपमा प्रचलनमा रहेको। | • आयोगको वार्षिक प्रतिवेदन उपर संसदमा छलफल नहुने अभ्यास,<br>• सूचनाको वर्गीकरण प्रतिको सरकारी उदासिनता,<br>• गोपनियताको हक, सूचनाको हक, सूचना संरक्षण सम्बन्धी नीतिगत तथा कानूनसम्बन्धी एकीकृत व्यवस्थाको अभाव,<br>• सूचना अधिकारीलाई नै सूचनामा सहज पहुँचमा समस्या,<br>• सार्वजनिक निकायहरुमा स्वतः प्रकाशनमा नियमितताको अभाव,<br>• अभिलेख र सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने अभ्यासमा सुस्तता,<br>• सूचना प्रविधि र प्रविधिमैत्री पोर्टलको प्रयोगप्रति जागरुकताको कमी,<br>• सूचनाको हकको प्रवर्द्धन र प्रचलनसम्बन्धी काम कार्वाही गर्न अपर्याप्त स्रोत साधन,<br>• सबै सार्वजनिक निकायमा सूचना अधिकारी र कार्यालय प्रमुखलाई उचित प्रशिक्षण एवं अभिमुखीकरणको व्यवस्था गर्न अपर्याप्त स्रोत साधन,<br>• सूचना प्रवाह र स्वतः प्रकाशन सम्बन्धी कार्यलाई अतिरिक्त बोझको रूपमा लिने संस्कार,<br>• सूचना अधिकारीलाई उत्प्रेरणा जगाउन थप सेवा सुविधासम्बन्धी व्यवस्थाको अभाव,<br>• सूचनाको हकका क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थालाई सुदृढ र सशक्त बनाई परिचालन गर्नु,<br>• प्रदेश र स्थानीय तहमा आयोगका संस्थागत संरचना निर्माण गर्नु। |

### ३.२ संस्थागत विश्लेषणबाट प्राप्त सिकाइ र दिशाबोध

सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोगको अझ बढी स्वतन्त्र र सक्रिय भूमिका अपेक्षित रहेको संस्थागत विश्लेषणबाट देखिन आएको छ। राज्यको काम कारवाहीलाई खुला र पारदर्शी बनाउन, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको सरल र सहज पहुँच पुऱ्याउन तथा माग गरेको सूचना प्रवाह गर्न आयोगको संस्थागत क्षमतामा अभिवृद्धि, ऐन कानूनमा सुधार, पूर्वाधारको व्यवस्था गर्न अत्यावश्यक देखिएको छ।

सूचनासँग सम्बद्ध दुइटा पक्ष हुने गर्छन्: एउटा सूचना माग गर्ने पक्ष, अर्को सूचना प्रवाह गर्ने पक्ष। आयोगको १८ वर्षको अवधिमा सूचना प्रवाह गर्ने पक्षको तुलनामा माग गर्ने पक्षलाई थप सुदृढ गर्न आवश्यक देखिएको छ। यसका लागि गैरसरकारी संस्था तथा सूचना मागकर्ताहरुको समूहको सुदृढीकरणका साथ समन्वयात्मक रूपमा एकीकृत र परिपूरक कार्यक्रमहरूको तर्जुमा गर्न र यसको कार्यान्वयन गर्न ती संस्थाहरुलाई सशक्तीकरण गर्नुपर्ने पनि उत्तिकै आवश्यक छ।

सूचना प्रवाह गर्नुपर्ने दायित्वमा रहेका सार्वजनिक निकायलाई बढी जिम्मेवार र जवाफदेही तथा उत्तरदायी बनाई नागरिकको हकको सम्मान, सूचना संरक्षण र सम्प्रेषण गर्ने प्रविधिमैत्री प्रणालीको प्रयोग गरी सक्षम गराउनु पर्ने देखिएको छ। आयोगका सवल पक्ष र अवसरहरूको उपयोग र कार्यान्वयन गरी संगठनात्मक क्षमता सशक्त बनाई मौलिक हकको प्रत्याभूति गराउनु आयोगको जिम्मेवारी पनि हो। दुर्वल पक्ष तथा चुनौतिहरूलाई योजनावद्ध ढंगबाट हटाउँदै भविष्यको लागि स्पष्ट दिशाबोधका साथ अगाडि बढ्नुको अर्को विकलप छैन। उल्लेखित विश्लेषणका आधारमा निम्न बमोजिम रणनीतिक समस्याहरू (Critical issues) को सम्बोधन गर्नुपर्ने देखिएको छः

(क) सूचनाको हकको प्रयोग अभिबृद्धि गर्न जनचेतना जागृत गराई नागरिकलाई सक्षम बनाउने।

(ख) नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सक्षम बनाउन गैरसरकारी संस्था, सूचना अभियन्ता, नागरिक समाज, प्रवर्द्धक र आमसञ्चार माध्यमसँग साझेदारी र सहयोगात्मक कार्यक्रम कार्यान्वयन गर्न जोड दिंदै सशक्तीकरण गर्दै लैजाने।

(ग) सार्वजनिक निकायका काम कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी, उत्तरदायी, सदाचारयुक्त र प्रविधिमैत्री बनाई शासकीय स्वरूपमा भएको परिवर्तनलाई आत्मसात गर्दै सूचनाको हकको प्रयोगमा वृद्धि गरी सुशासन कायम गराउन अभिमुखीकरण तथा सुदृढीकरण गर्ने।

(घ) राष्ट्रिय सूचना आयोगलाई सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्न संघीय ढाँचा अनुरुप पुनरावलोकन गर्ने तथा पर्याप्त र दक्ष जनशक्ति, आर्थिक स्रोत, साधन र पूर्वाधारको उपलब्धता, कानूनी अधिकार, प्रविधिमैत्री/प्रयोगकर्तामैत्री प्रणालीगत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन गर्न सक्षम र सुदृढ संस्थागत क्षमता भएको एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठायुक्त संस्थाको रूपमा सुदृढ गर्दै लैजाने।

(ङ) सूचनाको हकमा विभिन्न भाषा, क्षेत्र, वर्ग र लिङ्गको प्रतिनिधित्वलाई जोड दिई समावेशी बनाउँदै मानव अधिकार र सुशासनको औजारको रूपमा विकासित गर्ने।

### ३.३ रणनीतिक योजनाको मार्गदर्शक सिद्धान्तहरू

प्रस्तुत रणनीतिक योजना तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता, विगतका अनुभव र अभ्यास एवम् सूचनाका हकको विश्वव्यापी सिद्धान्तहरूलाई आत्मसात गर्दै निम्न बमोजिम मार्गदर्शक सिद्धान्तहरूबाट निर्देशित रही तर्जुमा गरिएको छः

(क) खुला र पारदर्शी कार्यसंस्कृति,

(ख) नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,

(ग) सूचनामा सरल र सहज पहुँच तथा माग गरे वा नगरेमा पनि अधिकतम खुलासा,

(घ) नागरिकप्रति जिम्मेवार र जवाफदेही,

(ङ) सूचना संस्कृतिप्रति राष्ट्रसेवकको भावना र व्यवहारमा रुपान्तरण तथा प्रभावकारी कार्यान्वयन,

(च) सूचना प्रवाहमा तत्परता एवम् वास्तविक र भरपर्दो सूचना समयभित्रै प्रवाह गर्ने प्रणालीगत व्यवस्था,

(छ) प्रविधिमैत्री सूचना अभिलेख र व्यवस्थापन प्रणाली,

(ज) स्वच्छ, निष्पक्ष, निर्भिक र समन्यायिक, परिणाममुखी, सिर्जनशील र जनसेवी सार्वजनिक प्रशासन, समावेशी आधारका लागि सूचनामा पहुँच,

(झ) सूचनाको हकका सरोकारवालासँग साझेदारी र सहकार्यको विकास,

(ञ) पारदर्शिता, सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माण,

ट) मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रत्याभूति,

(ठ) सूचना मागकर्ता र प्रयोगकर्ताको सशक्तीकरण,

(ड) आमसञ्चार माध्यममा सूचनाको हक प्रयोगमा वृद्धि,

(ढ) खुला समाज एवम् सचेत, सक्रिय र जिज्ञासु नागरिक,

(ण) सूचनाको हकप्रति नागरिक समाजको अपनत्व/स्वामित्व।

# अध्याय ४

# रणनीतिक योजना

## ४.१ दूरदृष्टि (Vision)

सुसूचित तथा पारदर्शी समाज

## ४.२ ध्येय (Mission)

सूचना संस्कृति मार्फत उन्नत लोकतन्त्रसहितको सहभागितामूलक समाजको विकास

## ४.३ लक्ष्य (Goal)

सहज सूचना प्रवाह मार्फत पारदर्शिता र सुशासनको सुनिश्चितता

## ४.४ उद्देश्य (Objective)

(१) सूचनामा नागरिकको सहज पहुँच तथा सचेतना अभिवृद्धि मार्फत् खुला र पारदर्शी समाज निर्माण गरी सुशासन कायम गराउने,

(२) सार्वजनिक निकायका काम कारवाही तथा सेवा प्रवाहलाई जनमुखी, उत्तरदायी, खुला, पारदर्शी र प्रविधिमैत्री बनाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउने,

(३) आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त व्यावसायिक र प्रतिष्ठायुक्त संस्थाको रूपमा पहिचान दिलाउने,

(४) अभियन्तालाई सूचनाको हकप्रति सबल र सक्षम बनाउन क्षमता अभिवृद्धि गर्ने।

## ४.५ रणनीतिहरू (Strategies)

आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०८३–२०८७) को कार्यान्वयनमा सूचनाको हकका माग पक्ष, आपूर्ति पक्ष, आयोग, सूचनाका हकका मागकर्ता र आमसञ्चार माध्यमको सक्रिय र सशक्त भूमिका रहन आवश्यक छ। प्रस्तुत रणनीतिहरू एक अर्काका परिपूरक र अभिन्न अंगको रूपमा रहेकाले उस्तै उस्तै देखिएता पनि कार्यक्रमहरूमा सहकार्य एवम् साझेदारी तथा सहयोग र समन्वयमा मात्र सम्पन्न हुनसक्ने विश्वास गरिएको छ।

रणनीति १: नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहित र सशक्तीकरण गर्ने।

रणनीति २: सार्वजनिक निकायलाई अभिमुखीकरण तथा सुदृढीकरण गर्ने।

रणनीति ३: आयोगको संस्थागत क्षमता अभिवृद्धि तथा अन्तर निकाय समन्वय गर्ने।

रणनीति ४: सूचनाको हकका मागकर्ताहरुलाई प्रोत्साहन, सहजीकरण, सशक्तीकरण तथा सम्वर्द्धन गर्ने।

## ४.६ रणनीतिक कार्ययोजना (Strategic Plan of Actions)

उल्लेखित प्रकरणहरूमा प्रस्तुत र विश्लेषण गरिए अनुसार आयोगको (२०८३–२०८७) को रणनीतिक कार्ययोजना यस प्रकार हुनेछः

**रणनीतिक उद्देश्य १: सँग सम्बन्धित**

**रणनीति १: नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन तथा सशक्तीकरण गर्ने।**

| क्र.सं. | रणनीतिक उद्देश्य | क्रियाकलापहरू | उपलब्धी सूचक | सूचनाको श्रोत | प्राथमिकता | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१ | नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन तथा सशक्तीकरण गर्ने। | सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउन सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्र भाषाहरूमा तयार गरी प्रकाशन, प्रसारण गर्ने। | राष्ट्र भाषाहरूमा प्रचार सामाग्री तयार भई प्रसारण भएको हुने। | अभिलेख | उच्च | न्यून |
| | | रेडियो, टिभी, सामाजिक सञ्जाल लगायत आमसञ्चार एवम् विद्युतीय सञ्चार माध्यमको प्रयोगद्वारा लेख, रचना, विचार, सम्वाद तथा सूचना सामग्री प्रकाशन, प्रसारण, वितरण र प्रचार प्रसार गर्ने। | प्रचार सामाग्री तयार भई प्रकाशन, प्रसारण वितरण भएको हुने। | श्रव्य दृश्य सामग्री, लेख, रचना, विचार, सम्बाद, अभिलेख, अवलोकन | उच्च | न्यून |
| | | सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे स्थानीय तहदेखि संघीय सरकारसम्म सूचना प्रविधिमैत्री प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने। | प्रतियोगिता र प्रदर्शनी आयोजना सञ्चालन भएको हुने। | सूचना प्रविधिमैत्री प्रतियोगिता र प्रदर्शनीको अवलोकन | उच्च | न्यून |
| | | सेवा प्रवाह सम्बन्धी Help Desk मा RTI विषय समावेश गर्न संक्षिप्त कार्यविधि सहित सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने। | कार्यविधि तयार भएको हुने। | Help Desk Report | उच्च | मध्यम |
| | | जनसमुदायमा RTI सचेतना प्रवर्द्धन गर्न स्थानीय तह स्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | सूचनाको हकको प्रयोगबारे प्रशिक्षण सञ्चालन भएको हुने। | प्रशिक्षण कार्यक्रमको प्रतिवेदन | न्यून | न्यून |
| | | सूचनाको हक सम्बन्धी वारम्बार सोधिने प्रश्न (Frequently Asked Questions) तयार गरी विभिन्न भाषामा प्रकाशन गर्ने। | कम्तीमा विभिन्न १० भाषामा प्रकाशन भएको हुने। | Frequently Asked Questions सामग्री | उच्च | उच्च |
| १.२ | नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने | शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी कानून बनाउन सरोकारवाला निकायलाई सुझाव प्रदान गर्ने। | शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी कानून तयार हुने। | कानून | उच्च | उच्च |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३ | विद्यालय तहदेखि उच्च शिक्षासम्म सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने। | माध्यमिक तहको सामाजिक अध्ययन सम्बन्धी शिक्षा विषयमा RTI लाई पाठ्यक्रमको रूपमा समावेश गर्न सिफारीश गर्ने । | RTI लाई पाठ्यक्रमको रूपमा समावेश गर्न सिफारीश भएको हुने। | सूचनाको हक समेटिएको नयाँ पाठ्यक्रम | उच्च | उच्च |
| | | स्नातक/स्नातकोत्तर तहको पाठ्यक्रममा समावेश गन सिफारीश गर्ने एवं सो सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | पाठ्यक्रममा समावेश गर्न सिफारीश एवं सो सम्बन्धी अभिमुखीकरण भएको हुने। | अभिलेख/प्रतिवेदन | उच्च | उच्च |
| | | शिक्षक सहयोगी पुस्तिका तयार पारी आयोगको वेबसाइटमा प्रकाशन गर्ने। | वेबसाईटमा प्रकाशित भएको हुने। | प्रकाशित सामग्री र परिमाण | न्यून | न्यून |
| | | सूचनाको हक सम्बन्धी निबन्ध, कविता, वक्तृत्वकला लगायतका रचनात्मक क्रियाकलापमा विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत गर्नका लागि स्थानीय तह एवं शिक्षण संस्थाका प्रतिनिधिमूलक संस्थासँग सहकार्य गर्ने। | स्थानीय तह एवं शिक्षण संस्थाका प्रतिनिधिमूलक संस्थासँग सहकार्य वृद्धि भएको हुने। | अभिलेख | न्यून | न्यून |
| | | (क) विद्यालय तहका विद्यार्थी लक्षित RTI Club बनाउन कार्यविधि तयार गर्ने।<br>(ख) विद्यालय तहका विद्यार्थी लक्षित RTI Club गठन गर्न स्थानीय तहसँग समन्वय गर्ने। | स्थानीय तहमा RTI Club बनाउन कार्यविधि तयार हुने।<br>सबै स्थानीय तहसँग समन्वयात्मक छलफल एवं पत्राचार भएको हुने। | अभिलेख/पत्राचार | उच्च | न्यून |

**रणनीतिक प्राथमिकता १: नागरिकलाई सूचनाको हकको कार्यान्वयन गर्न प्रोत्साहन तथा सशक्तीकरण गर्ने कार्ययोजना**

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | लक्ष्य (Target) | वर्ष (Year) | | | | | अनुमानित लागत रू. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| **१.१** | **नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रेरित गर्ने र सामर्थवान बनाउने।** | | | | | | | | | **• राष्ट्रिय सूचना आयोग<br>• प्रदेश सरकार<br>• स्थानीय सरकार** | **• गैर सरकारी निकाय<br>• विकास साझेदार<br>• संघीय मन्त्रालयहरु** |
| १.१.१ | सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउन सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्र भाषाहरूमा तयार गर्ने। | हजार | १० | | | | | | ३००.०० | | |
| १.१.२ | रेडियो, टिभी, सामाजिक सञ्जाल लगायत आमसञ्चार एवम् विद्युतीय सञ्चार माध्यमको प्रयोगद्वारा लेख, रचना, विचार, सम्बाद तथा सूचना सामग्री प्रकाशन, प्रसारण वितरण र प्रचार प्रसार गर्ने। | वटा | १०० | | | | | | ५००.०० | | |
| १.१.३ | सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे स्थानीय तह देखि संघीय सरकारसम्म सूचना प्रविधिमैत्री प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने। | वटा | १५ | | | | | | २५.०० | | |
| १.१.४ | सेवाप्रवाह सम्बन्धी Help Desk मा RTI विषय समावेश गर्न आवश्यक प्रवन्ध गर्न संक्षिप्त कार्यविधि सहित सम्वन्धित मन्त्रालयमा अनुरोध गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| १.१.५ | सूचनाको हक सम्वन्धी स्थानीय तह स्तरीय प्रशिक्षण गर्ने, उक्त प्रशिक्षण मार्फत जनसमुदायमा RTI सचेतना प्रर्बद्धन गर्ने। | वटा | ७५३ | | | | | | २०.०० | | |
| १.१.६ | सूचनाको हक सम्बन्धी वारम्बार सोधिने प्रश्न (Frequently Asked Questions) तयार गरि विभिन्न भाषामा प्रकाशन गर्ने। | प्रकार | १० | | | | | | ५.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.२** | **नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने।** | | | | | | | | | **अख्तियार दुरुपयोग अनुसन्धान आयोग** | **राष्ट्रिय सूचना आयोग** |
| १.२.१ | शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी कानून बनाउन सरोकारवाला पक्षसँग सहकार्य गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| **१.३** | **विद्यालय तहदेखि नै सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने।** | | | | | | | | | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | • **राष्ट्रिय सूचना आयोग**<br>• **संघिय मन्त्रालयहरु** |
| १.३.१ | माध्यमिक तहको सामाजिक अध्ययन सम्बन्धि शिक्षा विषयमा अनिवार्य पाठ्यक्रमको रूपमा समावेश गर्न सिफारिस गर्ने । | वटा | १ | | | | | | ३०.०० | | |
| १.३.२ | स्नातक/स्नातकोत्तर तहको पाठ्यक्रममा समावेश गर्न सिफारिस गर्ने एवं सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | वटा | ३५ | | | | | | ७०.०० | | |
| १.३.३ | शिक्षक सहयोगी पुस्तिका तयार पारी आयोगको वेबसाईटमा प्रकाशन गर्ने। | वटा | ७ | | | | | | ३५.०० | | |
| १.३.४ | सूचनाको हक सम्बन्धी निबन्ध, कविता वक्तृत्वकला लगायतका रचनामा विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत गर्नका लागि स्थानीय तह एवं शैक्षिक संस्थाका प्रतिनीधिमूलक संस्थासँग सहकार्य गर्ने। | प्रकार | ५ | | | | | | ४०.०० | | **प्याब्सन** |
| १.३.५ | विद्यालय तहका विद्यार्थी लक्षित RTI club बनाउन कार्यविधि तयार गर्ने। | | | | | | | | | | **स्थानीय सरकार** |
| १.३.६ | विद्यालय तहका विद्यार्थी लक्षित RTI club गठन गर्न स्थानीय तहसँग समन्वय गर्ने। | संख्या | २०० | | | | | | १०.०० | | **स्थानीय सरकार** |
| | | | | | | | | **जम्मा** | **१०५५.००** | | |

**रणनीतिक उद्देश्य २ सँग सम्बन्धित**

**रणनीतिक प्राथमिकता २: सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीलाई अभिमुखीकरण गरी संस्थागत सुदृढीकरण गर्ने।**

| सि.नं. (S. N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | संघीय संरचना अनुरुप शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको लागि अनुकूल वातावरण तयार गर्ने। | १. सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने। | पुस्तिका प्रकाशन भएको हुने। | अभिलेख/सहयोगी पुस्तिका | उच्च | न्यून |
| | | २. राज्यका तीनै तहका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्न लगाउने। | सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति भएको हुने। | अभिलेख | उच्च | न्यून |
| | | ३. कार्यालय प्रमुख पछिको दोश्रो वा तेस्रो बरियताको अधिकारीलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने। | दोश्रो वा तेस्रो बरियताको अधिकारीलाई सूचना अधिकारी तोकिएको हुने। | अभिलेख | उच्च | उच्च |
| | | ४. सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी हाते पुस्तिका तयार गरी वितरण गर्ने। | हाते पुस्तिका तयार भएको हुने। | हाते पुस्तिका | उच्च | न्यून |
| | | ५. सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण सम्बन्धित सार्वजनिक निकायलाई अद्यावधिक गर्न लगाउने। | सार्वजनिक निकायमा विवरण अद्यावधिक भएको हुने। | वेबसाइटमा अद्यावधिक विवरण | उच्च | उच्च |
| | | ६. सार्वजनिक कार्यालय तथा निकायका पदाधिकारी तथा कर्मचारी नियुक्त हुँदा कार्यसम्पादन सम्झौतामा सूचनाको हक सम्बन्धी विषय समावेश गर्ने। | कार्यसम्पादन सम्झौतामा सूचनाको हक सम्बन्धी विषय समावेश भएको हुने। | अभिलेख | उच्च | न्यून |
| २.२ | सूचना अधिकारीलाई प्रोत्साहन, उत्प्रेरित र सशक्तीकरण गर्ने। | १. सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, अभिमुखीकरण, अध्ययन अवलोकनको अवसर प्रदान गर्ने। | सूचना अधिकारीहरूलाई तालिम, अभिमुखीकरण, अध्ययन अवलोकन भएको हुने। | प्रतिवेदन, अभिलेख | उच्च | न्यून |
| | | २. सूचना अधिकारीको जिम्मेवारीलाई व्यवस्थित गर्न सञ्चार खर्च एवम् भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन सिफारीश गर्ने। | सूचना अधिकारलाई सञ्चार खर्च एवम् भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन सिफारीश गरिएको हुने। | अभिलेख | उच्च | उच्च |
| | | ३. उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने। | सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत भएको हुने। | अभिलेख | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४. सूचना प्रवाहलाई सहज बनाउन सूचनामा सूचना अधिकारीको पहुँच बढाउने व्यवस्था गर्न कार्यालय प्रमुखलाई उत्प्रेरित गर्ने। | कार्यालय प्रमुखहरु उत्प्रेरित भएको हुने। | अभिलेख | उच्च | न्यून |
| २.३ | सूचनाको वर्गीकरण गर्न लगाउने। | १. नेपाल सरकार एवम् सम्बन्धित निकायलाई सूचनाको वर्गीकरण र अद्यावधिक गरी सार्वजनिक गर्न सहजीकरण गर्ने। | सूचनाको वर्गीकरण र अद्यावधिक गरी सार्वजनिक भएको हुने। | अभिलेख, परिपत्र | उच्च | उच्च |
| २.४ | सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने। | १. प्रशिक्षकहरुको अभिलेख अद्यावधिक गर्ने। | अभिलेख अद्यावधिक भएको हुने | अभिलेख | उच्च | न्यून |
| | | २. तालिममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न प्रशिक्षण विषय, स्तर, समयावधि सम्बन्धी मापदण्ड बनाई लागू गर्न सिफारीश गर्ने। | विभिन्न प्रशिक्षण कार्यक्रमहरूमार्फत् सूचनाको हक सम्बन्धी विषयको प्रशिक्षणमा एकरुपता भएको हुने। | मापदण्ड | उच्च | न्यून |
| | | ३. प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी लागु गर्न सिफारीश गर्ने। | प्रशिक्षण पाठ्यक्रम तर्जुमा गर्न सिफारीश भएको हुने। | प्रशिक्षण पाठ्यक्रम | उच्च | न्यून |
| | | ४. प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी आयोगको वेबसाइटमा अध्यावधिक गर्ने। | प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी आयोगको वेबसाईटमा अद्यावधिक भएको हुने। | अभिलेख | उच्च | न्यून |
| २.५ | सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्न उत्प्रेरित गर्ने। | १. आयोगबाट सूचना व्यवस्थापन प्रणाली RTIMS (Right to Information Management System) अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सम्बन्धी सफ्टवेयर अद्यावधिक गरी लागू गर्ने। | सफ्टवेयर अद्यावधिक गरी लागू भएको हुने। | प्रत्यक्ष अवलोकन अभिलेख | उच्च | न्यून |
| | | २. RTIMS वेबपोर्टल व्यवस्थित गरी आयोगको वेबसाइटसँग आबद्ध गर्ने। | RTIMS वेबपोर्टल व्यवस्थित गरी आयोगको वेबसाइटसँग आबद्ध भएको हुने। | प्रत्यक्ष अवलोकन, वेबसाइटमा अद्यावधिक विवरण | उच्च | न्यून |
| | | ३. सामाजिक सञ्जालमा पीएसए, जिंगल, वृत्तचित्रलगायत सूचनामूलक सन्देश प्रवाह व्यापक बनाउने। | सामाजिक सञ्जालमा पीएसए, जिंगल, वृत्तचित्र लगायत | प्रत्यक्ष अवलोकन | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सूचनामूलक सन्देश प्रवाह भएको हुने। | | | |
| | | ४. अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने। | विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग भएको हुने। | प्रत्यक्ष अवलोकन अभिलेख | उच्च | न्यून |
| | | ५. RTIMS कार्यान्वयन गर्न प्रमुख र सूचना अधिकारीलाई तालिम दिने। | RTIMS कार्यान्वयन गर्न प्रमुख र सूचना अधिकारीलाई तालिम प्राप्त भएको हुने। | तालिम कार्यँक्रम | उच्च | न्यून |
| | | ६. RTIMS को सपोर्ट र AMC (Annual Maintenance Contract) गर्ने। | RTIMS को सपोर्ट र AMC (Annual Maintenance Contract) भएको हुने। | सम्झौता | उच्च | न्यून |
| | | ७. RTIMS सम्बन्धी जनचेतना जगाउन विभिन्न सञ्चारमाध्यममा प्रसारण गर्ने। | RTIMS सम्वन्धी जनचेतना जगाउन विभिन्न सञ्चार माध्यममा प्रसारण भएको हुने। | प्रशारण | उच्च | न्यून |
| | | ८. संघ प्रदेश र स्थानीय तहका सबै सार्वजनिक निकायलाई RTIMS सम्बन्धी अभिमुखीकरण गराउने। | RTIMS सम्बन्धी अभिमुखीकरण भएको हुने। | अभिमुखीकरण कार्यक्रम | उच्च | न्यून |
| | | ९. RTIMS सम्वन्धी मोवाइल एप वनाउने। | RTIMS सम्वन्धी मोवाइल एप निर्माण भएको हुने। | मोवाइल एप | उच्च | न्यून |
| | | १०.रणनीतिक योजनाको अन्त्यसम्म पूर्ण रुपमा RTIMS लागू गर्न प्रत्येक वर्ष RTIMS कार्यान्वयनको अवस्थाबारे प्रतिवेदन सार्वजनिक गर्ने। | RTIMS कार्यान्वयनको अवस्थाबारे प्रतिवेदन सार्वजनिक भएको हुने। | प्रतिवेदन | उच्च | न्यून |
| २.६ | सार्वजनिक सूचना सबैको पहुँचमा पुऱ्याउने व्यवस्था गर्ने | १. संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको कार्यक्षमता अभिवृद्धि गरी सूचना माग, आपूर्ति, स्वतः प्रकाशन लगायतका कार्यहरू अनलाइनबाटै सम्पादन हुने र स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्ने। | संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था भएको हुने। | प्रविधि परीक्षण, सञ्चालन अभिलेख र वेबसाइट | उच्च | न्यून |
| | | २. समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संलकन गरी वेबसाइटमा प्रकाशन र प्रचारप्रसार गर्ने। | समावेशी रूपमा नागरिकलाई प्राप्त सुविधाका बारेमा जानकारी विस्तार भएको हुने। | प्रकाशन सामग्री, अभिलेख | उच्च | उच्च |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. सूचना माग गर्दा Online मार्फत शुल्क तिर्न आवश्यक व्यवस्था मिलाउने। | सूचना माग गर्न सहज भएको हुने। | अभिलेख | न्यून | न्यून |
| २.७ | सार्वजनिक निकायमा सूचना माग, आपूर्ति, अभिलेख, डिजिटलाइजेशन लगायत सूचनाको हक कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने। | १. ऐन नियमबाट निर्धारित समयभित्रै निर्धारित ढाँचामा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने। | तोकिएको समयभित्रै नियमित सूचना प्रवाह भएको हुने। | प्रतिवेदन, वेबसाइट विवरण | उच्च | उच्च |
| | | २. आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्ने र सो गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्ने। | सूचनाको हक कार्यान्वयनका उपलब्धी र सवालहरूबारे पृष्ठपोषण हुने र जवाफदेहिता अभिवृद्धि भएको हुने। | एकीकृत प्रतिवेदन | उच्च | न्यून |
| | | ३. पूर्वनिर्धारित समय र ढाँचा बमोजिम स्वतः प्रकाशन नगर्ने सार्वजनिक निकायको प्रमुख तथा सूचना अधिकारीलाई दण्ड सजायँको व्यवस्था गर्ने। | स्वतः प्रकाशनप्रति जवाफदेहिता अभिवृद्धि भएको हुने | अभिलेख | उच्च | उच्च |
| | | ४. माग भएको सूचना सम्बन्धित निकायमा नभएमा अन्य कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने यथासम्भव जानकारी दिने व्यवस्था गर्ने। | सूचना मागकर्तालाई सुविधा हुने र सूचना प्रवाहको दर बढेको हुने। | अभिलेख | उच्च | उच्च |
| | | ५. सार्वजनिक निकायले सूचनाको हक सम्बन्धी बार्षिक कार्यक्रम तथा क्रियाकलाप निर्धारण गरी कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गर्ने। | सूचनाको हक कार्यान्वयनका लागि वित्तीय स्रोतको सुनिश्चितता भएको हुने। | बजेट विवरण | उच्च | उच्च |
| | | ६. सार्वजनिक निकायका प्रमुख लगायतका पदाधिकारीहरूसँग सूचनाको हक कार्यान्वयनमा आवश्यक सहजीकरण र समस्या समाधानका लागि नियमित रूपमा अन्तरक्रिया गर्ने। | सूचना प्रवाहमा रहेका समस्या समाधानको दर बढ्ने र असमझदारी कम भएको हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| | | ७. सूचना अधिकारीहरुको दैनिक जिज्ञासा समाधान गर्न आयोगमा छुटै कक्ष स्थापना गर्ने। | आयोगमा छुटै कक्ष भएको हुने। | कक्ष | न्यून | उच्च |
| २.८ | अन्तरनिकाय समन्वय गर्ने | १. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सूचना आयोगबीच सूचनादाताको संरक्षण, समन्वय र सहजीकरणका विषयमा दुई पक्षीय समझदारी गर्ने। | सूचनादाताको संरक्षण भएको हुने। | अभिलेख | उच्च | न्यून |
| | | २. महालेखा परीक्षकको कार्यालय र राष्ट्रिय सूचना आयोगबीच सूचनाको हक कार्यान्वयन सम्बन्धी परिक्षण गर्न आवश्यक समन्वय र सहजीकरणका लागि समझदारी गर्ने। | महालेखा परीक्षकको कार्यालयसँगको समन्वयमा सूचनाको हक सम्बन्धी सम्परिक्षण भएको हुने। | प्रतिवेदन | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. United Nation, World Bank, ADB लगायतका विकास साझेदारसँग सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन र दीगो विकास लक्ष्य अनुरुपको सूचनाको अधिकार हासिल गर्न आवश्यक समन्वय गर्ने। | सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन तथा दीगो विकास लक्ष्य अनुरुपको सूचनाको अधिकार हासिल गर्न सहयोग भएको हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| | | ४. केन्द्रीय स्तरका निकायहरुले आफू मातहतका कार्यालयहरुको सूचना हक कार्यान्वयनको RTI audit र अनुगमन गर्न समन्वय र सहजीकरण गर्ने। | RTI audit गर्न लेखी पठाएको हुने। | RTI Audit को प्रगति प्रतिवेदन | उच्च | मध्यम |

**रणनीतिक प्राथमिकता २: सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीलाई अभिमुखीकरण गरी संस्थागत सुदृढीकरण गर्ने।**

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | लक्ष्य (Target) | वर्ष (Year) | | | | | अनुमानित लागत रू. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| **२.१** | **संघीय संरचना अनुरुप शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको लागि अनुकुल वातावरण तयार गर्ने।** | | | | | | | | | **नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह** | **गै.स.स तथा नागरिक समाज** |
| २.१.१ | सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| २.१.२ | राज्यका तीनै तहका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्न लगाउने। | वटा | १ | | | | | | ५.०० | | |
| २.१.३ | कार्यालय प्रमुख पछिको दोश्रो वा तेस्रो वरियताको अधिकारीलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने। | वटा | १ | | | | | | ५.०० | | |
| २.१.४ | सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी हाते पुस्तिका तयार गरी बितरण गर्ने। | वटा | ५ | | | | | | २०.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१.५ | सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण सम्बान्धित सार्वजनिक निकायलाई अद्यावधिक गर्न लगाउने। | वटा | १ | | | | | | २०.०० | | |
| २.१.६ | सार्वजनिक कार्यालय तथा निकायका पदाधिकारी तथा कर्मचारी नियुक्त हुँदा कार्यसम्पादन सम्झौतामा सूचनाको हक सम्बन्धि विषय समावेश गर्ने। | निकाय | १००० | | | | | | १००.०० | | |
| **२.२** | **सूचना अधिकारीलाई प्रोत्साहन, उत्प्रेरित तथा सशक्तीकरण गर्ने।** | | | | | | | | | **अर्थ मन्त्रालय, राष्ट्रिय सूचना आयोग** | **सार्वजनिक निकाय** |
| २.२.१ | सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, अभिमुखीकरण, अध्ययन अवलोकनको अवसर प्रदान गर्ने। | जना | ४००० | | | | | | १५००.०० | | |
| २.२.२ | सूचना अधिकारीको जिम्मेवारीलाई व्यवस्थित गर्न सञ्चार खर्च एवम् भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने। | वटा | ५ | | | | | | १५.०० | | |
| २.२.३ | उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने। | वटा | १० | | | | | | ५०.०० | | |
| २.२.४ | सूचना प्रवाहलाई सहज बनाउन सूचनामा सूचना अधिकारी पहुँच बढाउने व्यवस्था गर्न कार्यालय प्रमुखलाई प्रोत्साहित गर्ने। | जना | ३५ | | | | | | २५.०० | | |
| २.२.५ | सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने लगायतका विषयमा प्रशिक्षण, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | वटा | २५ | | | | | | ७५.०० | | |
| **२.३** | **सूचनाको वर्गीकरण गर्न लगाउने।** | | | | | | | | | **राष्ट्रिय सूचना आयोग, अनुगमन इकाईहरु** | **सार्वजनिक निकायहरु** |
| २.३.१ | नेपाल सरकार एवम् सम्बन्धित निकायलाई सूचनाको वर्गीकरण र अद्यावधिक गरी सार्वजनिक गर्न सहजीकरण गर्ने। | वटा | ३ | | | | | | १५.०० | | |
| २.४ | सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने। | | | | | | | | | | |
| २.४.१ | सार्वजनिक तालिम प्रदायक संस्थाको अभिलेख अद्यावधिक गर्ने। | वटा | ९ | | | | | | १००.०० | | |
| २.४.२ | आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्नेर सोका लागि आवश्यक कानूनी व्यवस्था गर्ने। | वटा | ५ | | | | | | २०.०० | | |
| २.४.३ | प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी लागु गर्न सिफारिस गर्ने। | वटा | १ | | | | | | २०.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.४.४ | प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी आयोगको वेबसाईटमा अध्यावधिक गर्ने। | वटा | १ | | | | | | २०.०० | | |
| **२.५** | **सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्न उत्प्रेरित गर्ने।** | | | | | | | | | **अर्थ मन्त्रालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय** | **राष्ट्रिय सूचना आयोग** |
| २.५.१ | आयोगबाट सूचना व्यवस्थापन प्रणाली RTIMS (Right to Information Management System) (अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सम्बन्धी ) सफ्टवेयर अद्यावधिक गरी लागु गर्ने। | वटा | २ | | | | | | २०.०० | | |
| २.५.२ | RTIMS वेबपोर्टल व्यवस्थीत गरी आयोगको वेबसाइट सँग आबद्ध गर्ने। | वटा | १ | | | | | | ३५.०० | | |
| २.५.३ | सामाजिक सञ्जालमा पिएसए, जिंगल, बृत्तचित्र लगायत मार्फत सूचना प्रवाह वृद्धि गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| २.५.४ | अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने। | वटा | ५ | | | | | | २५.०० | | |
| २.५.५ | RTIMS कार्यान्वयन गर्न प्रमुख र सूचना अधिकारीलाई तालिम दिने। | वटा | १२५ | | | | | | १००.०० | | |
| २.५.६ | RTIMS को सपोर्ट र AMC (Annual Maintenance Contract) गर्ने। | वटा | ५ | | | | | | २५.०० | | |
| २.५.७ | RTIMS सम्वन्धी जनचेतना जगाउन विभिन्न सञ्चारमाध्यममा प्रशारण गर्ने। | वटा | १०० | | | | | | २५.० | | |
| २.५.८ | संघ प्रदेश र स्थानीय तहका सबै सार्वजनिक निकायलाई RTIMS सम्वन्धी अभिमुखीकरण गराउने। | वटा | ५०० | | | | | | १००.० | | |
| २.५.९ | RTIMS सम्वन्धी मोवाइल एप वनाउने। | वटा | १ | | | | | | १०.० | | |
| २.५.१० | रणनीतिक योजनाको अन्त्यसम्म पुर्ण रुपमा RTIMS लागु गर्न प्रत्येक वर्ष RTIMS कार्यान्वयनको अवस्था बारे प्रतिवेदन सार्वजनिक गर्ने। | वटा | ५ | | | | | | १००.० | | |
| **२.६** | **सार्वजनिक सूचना सबैको पहुँचमा पुऱ्याउने व्यवस्था गर्ने।** | | | | | | | | | | |
| २.६.१ | संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको कार्यक्षमता अभिवृद्धि गरी सूचना माग, आपूर्ति, स्वतः प्रकाशन लगायतका कार्यहरू अनलाइनबाटै सम्पादन हुने र स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्ने। | वटा | ८५ | | | | | | १०.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.६.२ | समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संलकन गरी वेबसाइटमा प्रकाशन र प्रचारप्रसार गर्ने। | वटा | ५ | | | | | | २०.०० | | |
| २.६.३ | सूचना माग गर्दा Online मार्फत शुल्क तिर्न आवश्यक व्यवस्था मिलाउने। | वटा | १००० | | | | | | १०.०० | | |
| **२.७** | **सार्वजनिक निकायमा सूचना माग, आपूर्ति, अभिलेख, डिजिटाइजेशन लगायत सूचनाको हक कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने।** | | | | | | | | | | |
| २.७.१ | ऐन नियमबाट निर्धारित समयभित्रै निर्धारित ढाँचामा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने। | वटा | १ | | | | | | ५.०० | | |
| २.७.२ | आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्नेर सोका लागि आवश्यक कानूनी व्यवस्था गर्ने। | वटा | ५ | | | | | | ३००.०० | | |
| २.७.३ | पूर्वनिर्धारित समय र ढाँचा बमोजिम स्वतः प्रकाशन नगर्ने सार्वजनिक निकायको प्रमुख तथा सम्बन्धित कर्मचारीलाई दण्ड संजायको व्यवस्था गर्ने। | वटा | १ | | | | | | ५.०० | | |
| २.७.४ | माग भएको सूचना सम्बन्धित निकायमा नभएमा कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने जानकारी (Third party information) दिने व्यवस्था गर्ने। | वटा | १ | | | | | | ५.०० | | |
| २.७.५ | सार्वजनिक निकायले सूचनाको हक सम्बन्धी बार्षिक कार्यक्रम तथा क्रियाकलाप निर्धारण गरी कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गर्ने। | वटा | ७६१ | | | | | | १०.०० | | |
| २.७.६ | सार्वजनिक निकायका प्रमुख लगायतका पदाधिकारीहरूसँग सूचनाको हक कार्यान्वयनमा आवश्यक सहजीकरण र समस्या समाधानका लागि नियमित रूपमा अन्तरक्रिया गर्ने। | वटा | ५ | | | | | | ५०.०० | | |
| २.७.७ | सूचना अधिकारीहरुको दैनिक जिज्ञासा समाधान गर्न आयोगमा छुटै पक्ष स्थापना गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| **२.८** | **अन्तरनिकाय समन्वय गर्ने।** | | | | | | | | | | |
| २.८.१ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्टिय सूचना आयोग विच सूचनादाताको संरक्षण (Whistleblower Protection), समन्वय र सहजीकरण सम्बन्धमा MOU गर्ने। | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.८.२ | महालेखा परीक्षकको कार्यालय र राष्टिय सूचना आयोग विच सूचनाको हककार्यान्वयन सम्बन्धी परिक्षण गर्न आवश्यक समन्वय र सहजीकरणका लागी MOU गर्ने। | | | | | | | | | | |
| २.८.३ | United Nation, World Bank , ADB लगायतका विकास साझेदारसँग सूचनाको हक सम्बन्धी राष्टिय रणनितिक योजना कार्यान्वयन र दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक समन्वय गर्ने। | | | | | | | | | | |
| २.८.४ | केन्द्रिय स्तरका निकायहरुले आफू मातहतका कार्यालयहरुको सूचना हक कार्यान्वयनको RTI audit र अनुगमन गर्न समन्वय र सहजीकरण गर्ने। | | | | | | | | | | |
| | | | | | | | | जम्मा | २७८५.०० | | |

**रणनीतिक उद्देश्य ३ सँग सम्वन्धित**

**रणनीतिक प्राथमिकता ३: सूचना आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण**

| सि.नं (S. N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| ३.१ | सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानूनी आधार सुदृढ गर्ने। | १. सूचनाको हक सम्बन्धी कानून परिमार्जनका लागि शुरूदेखि नै सरोकारवालासँग छलफल परामर्श गर्ने। | सरोकारवालासँग छलफल परामर्श भएको हुने। | मस्यौदा पेश/अभिलेख | उच्च | उच्च |
| | | २. संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवम् अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी कानूनमा समयानुकूल सुधार गर्न मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गर्ने। | सूचनाको हक सम्बन्धी कानूनमा समयानुकूल सुधार गर्न मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत भएको हुने। | मस्यौदा पेश/अभिलेख | उच्च | उच्च |
| | | ३. सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐन नियम र सम्बन्धित अन्य कानूनमा संशोधनका लागि अध्ययन गरी मस्यौदा पेश गर्ने। | कानूनमा संशोधनका लागि अध्ययन गरी मस्यौदा पेश भएको हुने। | ऐन नियमको मस्यौदा | उच्च | उच्च |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२ | प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। | १. अनलाइन सूचना माग र आपूर्ति, स्वत: प्रकाशन लगायत सूचना व्यवस्थापन कार्यसम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी प्रशिक्षण एवं अभिमुखीकरण गर्ने। | सूचना व्यवस्थापन कार्यसम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी प्रशिक्षण एवं अभिमुखीकरण भएको हुने। | प्रत्यक्ष अवलोकन र अभिलेख | उच्च | न्यून |
| | | २. अनलाइन सूचना माग र आपूर्ति गर्ने सम्बन्धी सहयोगी पुस्तिका तयार गर्ने। | सहयोगी पुस्तिका तयार भएको हुने। | सहयोगी पुस्तिका | उच्च | न्यून |
| | | ३. सूचना अधिकारी एवम् कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने। | सूचना प्रविधि सम्बन्धी प्रशिक्षण भएको हुने। | प्रशिक्षण प्रतिवेदन | उच्च | न्यून |
| | | ४. स्वयं सिकाइका विधिहरू (जस्तै: Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रकाशन गर्ने। | स्वयं सिकाइका विधिहरू तयार गरी अनलाइन प्रकाशन भएको हुने। | अभिलेख प्रत्यक्ष अवलोकन, निर्देशिका, पाठ्यक्रम अभिलेख | उच्च | न्यून |
| | | ५. Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक सञ्जालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने। | सामाजिक सञ्जालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण भएको हुने। | प्रत्यक्ष अवलोकन | उच्च | न्यून |
| | | ६. RTI App (Moblie/Online) र नागरिक App सम्बन्धी सफ्टवेयर लागू गर्ने। | RTI App (Moblie/Online) र नागरिक APP सम्बन्धी सफ्टवेयर तयार भएको हुने। | एप सफ्टवेयर | उच्च | न्यून |
| ३.३ | सूचनाको हकको प्रचलन सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि गर्ने। | १. पुनरावदेन/उजुरी फस्र्यौट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने। | समयावधि र मापदण्ड निर्धारण भएको हुने। | फछ्र्यौट लगत/प्रतिवेदन | उच्च | न्यून |
| | | २. आदेश कार्यान्वयनको आवधिक अनुगमन गर्ने। | हरेक छ महिनामा अनुगमन गरी प्रतिवेदन तयार गरिने। | आयोगको अभिलेख र अनुगमन मूल्याङ्कन प्रतिवेदन। | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. आयोगको फैसला लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने। | दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने काम सम्पन्न गरिने। | विद्युतीय अभिलेख | उच्च | न्यून |
| | | ४. आयोगबाट भएका महत्वपूर्ण फैसलाको संगालो प्रकाशन र वितरण गर्ने। | महत्वपूर्ण फैसलाको संगालो प्रकाशन र वितरण भएको हुने। | संगालो पुस्तिका | उच्च | न्यून |
| | | ५. सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने। | फैसलाको संगालो प्रकाशन र वितरण भएको हुने। | संगालो पुस्तिका | उच्च | न्यून |
| ३.४ | आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। | १. आयोगको नियमित प्रगति समीक्षा र सिकाइ आदानप्रदान गर्ने। | नियमित प्रगति समीक्षा प्रणाली स्थापित गर्ने र सिकाइ आदानप्रदान गरिने। | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |
| | | २. स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान गर्ने। | स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान भएको हुने। | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |
| ३.५ | आयोगलाई सूचनाको हकको संरक्षक र प्रवर्द्धकको रूपमा तटस्थ, निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने। | १. सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषण लिने र तदनुरूप सुधार गर्दै लैजाने। | आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे हरेक ५ महीनामा पृष्ठपोषण लिने र तदनुरूप भएका सुधारको अभिलेख तयार गरिने। | सार्वजनिक मूल्याङ्कन, सर्वेक्षण, सूचना मागकर्ताको पृष्ठपोषण | उच्च | न्यून |
| | | २. आयोगको गतिविधि र प्रवर्द्धनात्मक एवम् जनचेतना फैलाउने सार्वजनिक हितका सूचनाको संप्रेषण र प्रचार/प्रसार गर्ने गराउने। | सार्वजनिक हितका सूचना तयार गरी नियमित रुपमा संप्रेषण र प्रचार/प्रसार गरिने। | अभिलेख/प्रतिवेदन | न्यून | न्यून |
| | | ३. वार्षिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन (Convention) सम्बन्धित तहको समन्वयमा गर्ने। | सम्बन्धित तहसँग समन्वय गरी सूचनाको हक कार्यान्वयनका समस्या र समाधानका उपाय तथा नीतिगत सुधारका क्षेत्रहरू पहिचान गरिने। | अभिलेख/प्रतिवेदन | न्यून | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४. राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापना गरी पारस्परिक अनुभव आदानप्रदान र सहकार्य विस्तार गर्ने। | पारस्परिक अनुभव आदानप्रदान र सहकार्य विस्तारका लागि भएको हुने। | अभिलेख/प्रतिवेदन | मध्यम | मध्यम |
| ३.६ | सूचनाको हकसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने। | १. सूचनाको हकसम्बन्धी प्राज्ञिक एवम् अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने। | अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह नियमित प्रकाशन भएको हुने। | अनुसन्धान प्रतिवेदन | उच्च | उच्च |
| | | २. सूचनाको हक सम्बन्धी क्रियाशील सरकारी/गैर सरकारी संस्थाहरुको पहिचान गर्ने। उनीहरुबाट सूचनाका हकका सम्बन्धमा भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी नीतिगत उपयोग गर्ने। | अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी नीतिगत उपयोग भएको हुने। | अध्ययन, अनुसन्धान प्रतिवेदन एवम् क्षेत्रगत | मध्यम | न्यून |
| | | ३. सूचनाको हक कार्यान्वयन सम्बन्धमा भएको परीक्षण प्रतिवेदन नियमित रुपमा सार्वजनिक गर्ने। | परीक्षण प्रतिवेदन नियमित रुपमा सार्वजनिक भएको हुने। | प्रतिवेदन | मध्यम | न्यून |
| | | ४. सूचनाको हक प्रयोगका उपलव्धि सम्बन्धी विवरणहरु संकलन गरी प्रकाशन र वितरण गर्ने। | विवरणहरु संकलन गरी प्रकाशन र वितरण भएको हुने। | अभिलेख/प्रत्यक्ष अवलोकन | उच्च | न्यून |
| | | ५. आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने। | अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना भएको हुने। | अभिलेख/प्रत्यक्ष अवलोकन | उच्च | उच्च |
| ३.७ | आयोगको संस्थागत तथा पूर्वाधार विकास एवम् विस्तार गर्ने। | १. आयोगको ओ एण्ड एम गरी सातै प्रदेशमा क्रमशः कार्यालय स्थापना गर्दै जाने। | पाँच वर्षभित्रमा सातै प्रदेशमा क्रमशः कार्यालय स्थापना भएको हुने। | कार्यालय सञ्चालन | उच्च | उच्च |
| | | २. संघ प्रदेश र स्थानीय तहमा प्रवर्द्धनात्मक कार्य गर्न समझदारी पत्र तयार गर्न आपसी सहमति, समन्वय र सहजीकरण गर्ने। | सबै तहका सरकारसँग प्रवर्द्धनात्मक कार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भई आपसी सहमति, समन्वय र सहजीकरण भएको हुने। | सञ्चार प्रणाली, प्रोटोकल | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. RTI का क्षेत्रमा काम गर्ने द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने। | RTI का क्षेत्रमा कार्यरत द्विपक्षीय तथा बहुपक्षीय संघ संस्था पहिचान गरी उनीहरुसँग सम्बन्ध विस्तार भएको हुने। | | | |
| | | ४. कार्यालय फर्निचर, कम्प्युटर लगायतका उपकरण पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने। | पूर्वाधार सुविधा व्यवस्थापन र विकास भएको हुने। | प्रत्यक्ष अवलोकन/अभिलेख | न्यून | न्यून |
| | | ५. स्नातक तथा स्नातकोत्तर तहमा सूचनाको हकका विषयमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने। | विश्वविद्यालय र विद्यार्थीहरूको माग बमोजिम इन्टर्नसीपमा परिचालन भएको हुने। | अभिलेख | न्यून | न्यून |
| | | ६. आयोगमा पदस्थापन हुने कर्मचारीको क्षमता अभिबृद्धि गर्नका लागि तालिमको ब्यवस्था गर्ने। | कर्मचारीको क्षमता अभिबृद्धि गर्नका लागि समसामयिक विषयमा तालिमको ब्यवस्था भएको हुने। | अभिलेख | उच्च | न्यून |
| ३.८ | आयोगको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने। | १. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको कार्यसम्पादनको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनलाई परिमार्जन सहित नियमावलीमा समावेश गर्ने। | नियमावलीमा समावेश गर्न प्रस्ताव तयार गरी नेपाल सरकारलाई पठाउने। | अभिलेख/नियमावली | न्यून | न्यून |
| | | २. सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवम् प्रतिवेदनको ढाँचा अद्यावधिक गर्ने। | विवरण एवम् प्रतिवेदनको ढाँचा अद्यावधिक भएको हुने। | अभिलेख | उच्च | उच्च |
| | | ३. क) संघ र प्रदेशका सार्वजनिक निकायहरूको स्थलगत Onsite आर.टि.आई. अडिट सञ्चालन गर्ने।<br>ख) सूचना प्रविधिको माध्यमद्वारा स्थानीय तहको Offsite आर.टि.आई. अडिट सञ्चालन गर्ने। | सूचना प्रविधि व्यवस्थापन गरी Onsite/Offsite आर.टि.आई. अडिट भएको हुने। | अडिट प्रतिवेदन | उच्च | न्यून |
| | | ४. त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्ने। | प्रतिवेदन तयार गरी समीक्षा भएको हुने। | आवधिक प्रतिवेदन | उच्च | न्यून |
| ३.९ | संयुक्त राष्ट्रसंघीय दीगो विकास लक्ष्य १६.१०.२ (राष्ट्रिय | १. दीगो विकास लक्ष्य १६.१० को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गर्ने। | सूचक सहितको संयन्त्र विकास भएको हुने। | कार्यान्वयन संयन्त्र, अभिलेख र प्रतिवेदन | उच्च | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कानून र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार सूचनामा सबैको पहुँच र मौलिक स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्ने) को कार्यान्वयन प्रभावकारी बनाउने। | २. नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन बनाउने। | तथ्यांक संकलन, विवरण तयार र विश्लेषण गरी प्रतिवेदन तयार भएको हुने। | तथ्यांकको भण्डार, प्रतिवेदन | उच्च | उच्च |
| | | ३. सूचनामा पहुँच सम्बन्धी दीगो विकास लक्ष्यको कार्यान्वयनका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू सञ्चालन गर्ने। | संघीयदेखि स्थानीय तहसम्म अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू सञ्चालन भएको हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| ३.१० | सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र सहकार्य प्रवर्द्धन गर्ने। | १. आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने। | विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल भएको हुने। | छलफल, अन्तरक्रिया कार्यक्रमहरू | उच्च | उच्च |
| | | २. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखापरीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सतर्कता केन्द्रसँगको सहकार्यमा कार्यक्रम सञ्चालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने। | सूचनाको हक कार्यान्वयनको अनुगमन भएको हुने। | कार्यक्रम सञ्चालन र अनुगमन प्रतिवेदन | उच्च | उच्च |
| | | ३. नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरूमार्फत् सम्बन्धित क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने गराउने। | पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन भएको हुने। | समझदारीपत्र, कार्यक्रम प्रतिवेदन | उच्च | उच्च |
| | | ४. नेपाल बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने। | सूचनाको हकको बारेमा सचेतना विस्तार भएको हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| | | ५. गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने। | अल्पसंख्यक एवम् सीमान्तकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम सञ्चालन भएको हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |

**रणनीतिक प्राथमिकता ४: आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्ने कार्ययोजना**

| क्र.सं. (S. N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रू. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| ३.१ | सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानूनी आधार सुदृढ गर्ने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कानून मन्त्रालय र अर्थ मन्त्रालय |
| ३.१.१ | सूचनाको हक सम्बन्धी कानून परिमार्जनका लागि शुरूदेखि नै सरोकारवालासँग छलफल परामर्श गर्ने। | वटा | १ | | | | | | १००.०० | | |
| ३.१.२ | संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवम् अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी कानूनमा समयानुकुल सुधार गर्न मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गर्ने। | वटा | १ | | | | | | १५.०० | | |
| ३.१.३ | सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐन नियम र सम्बन्धित अन्य कानूनमा संशोधनका लागि अध्ययन गरी मस्यौदा पेश गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| ३.२ | प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सार्वजनिक निकाय सबै |
| ३.२.१ | अनलाइन सूचना माग र आपूर्ति, स्वतः प्रकाशन लगायत सूचना व्यवस्थापन कार्यसम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी तालिम एवं प्रशिक्षण गर्ने। | वटा | ५ | | | | | | ५०.०० | | |
| ३.२.२ | अनलाइन सूचना माग र आपूर्ति गर्ने सम्बन्धी सहयोगी पुस्तिका तयार गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| ३.२.३ | सूचना अधिकारी एवम् कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने। | वटा | १५ | | | | | | ४५.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२.४ | स्वयं सिकाइका विधिहरू ९ जस्तैः (Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रकाशन गर्ने। | वटा | १५ | | | | | | ३०.०० | | |
| ३.२.५ | Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक सञ्जालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने। | वटा | ५ | | | | | | २०.०० | | |
| ३.२.६ | RTI App (Moblie/Online) र नागरिक App सम्बन्धी सफ्टवेयर गरी लागु गर्ने। | वटा | १ | | | | | | २०.०० | | |
| ३.३ | सूचनाको हकको प्रचलन सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि गर्ने। | | | | | | | | | | |
| ३.३.१ | पुनरावदेन/उजुरी फछ्र्यौट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने। | वटा | १ | | | | | | ५.०० | | |
| ३.३.२ | आदेश कार्यान्वयनको आवधिक अनुगमन गर्ने। | वटा | ५ | | | | | | १५.०० | | |
| ३.३.३ | आयोगको फैसला लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने। | वटा | ५ | | | | | | १००.०० | राष्ट्रिय सुचना आयोग | सञ्चार माध्यमहरु |
| ३.३.४ | आयोगबाट भएका महत्वपूर्ण फैसलाको संगालो प्रकाशन र वितरण गर्ने। | वटा | ५ | | | | | | २०.०० | | |
| ३.३.५ | सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने। | वटा | ५ | | | | | | १०.०० | | |
| ३.४ | आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। | | | | | | | | | | सञ्चार तथा सुचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय |
| ३.४.१ | आयोगको नियमित प्रगति समीक्षा र सिकाइ आदानप्रदान गर्ने। | वटा | १० | | | | | | १०.०० | राष्ट्रिय सुचना आयोग | |
| ३.४.२ | स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान गर्ने। | वटा | २५ | | | | | | ३००.०० | | |
| ३.५ | आयोगलाई सूचनाको हकको संरक्षक र प्रवर्द्धकको रूपमा तटस्थ, निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग | अर्थ मन्त्रालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय |
| ३.५.१ | सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषण लिने र तदनुरूप सुधार गर्दै लैजाने। | वटा | २ | | | | | | २०.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.५.२ | आयोगको गतिविधि र प्रवर्द्धनात्मक एवम् जनचेतना फैलाउने सार्वजनिक हितका सूचनाको संप्रेषण र प्रचार/प्रसार गर्ने गराउने। | वटा | १५ | | | | | | १००.०० | | |
| ३.५.३ | वार्षिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन (Convention) सम्बन्धित तहको समन्वयमा गर्ने। | वटा | ६० | | | | | | २००.०० | | |
| ३.५.४ | राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापना गरी पारस्परिक अनुभव आदानप्रदान र सहकार्य विस्तार गर्ने। | वटा | १५ | | | | | | १००.०० | | |
| ३.६ | सूचनाको हकसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग | राष्ट्रिय योजना आयोग |
| ३.६.१ | सूचनाको हकसम्बन्धी प्राज्ञिक एवम् अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने। | वटा | ५ | | | | | | ३०.०० | | |
| ३.६.२ | सूचनाको हक सम्बन्धी क्रियाशील सरकारी/गैर सरकारी संस्थाहरुको पहिचान गर्ने। उनीहरुबाट सूचनाका हकका सम्बन्धमा भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी नीतिगत उपयोग गर्ने। | वटा | ५ | | | | | | १०.०० | | |
| ३.६.३ | सूचनाको हक कार्यान्वयन सम्बन्धमा भएको परिक्षण प्रतिवेदन नियमित रुपमा सार्वजनिक गर्ने। | वटा | २ | | | | | | २०.०० | | |
| ३.६.४ | सूचनाको हक प्रयोगका उपलव्धि सम्बन्धी विवरणहरु संकलन गरी प्रकाशन र वितरण गर्ने। | वटा | ५ | | | | | | २५.०० | | |
| ३.६.५ | आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने। | वटा | १ | | | | | | १००.०० | | |
| ३.७ | आयोगको संस्थागत तथा पूर्वाधार विकास एवम् विस्तार गर्ने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग | अर्थ मन्त्रालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय |
| ३.७.१ | आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O& M) गरी सातै प्रदेशमा क्रमशः कार्यालय स्थापना गर्दै जाने। | वटा | ३ | | | | | | १५.०० | | |
| ३.७.२ | संघ प्रदेश र स्थानीय तहमा प्रवर्द्धनात्मक कार्य गर्न द्विपक्षीय समझदारी (Memorandum of Understanding) गर्न आपासी सहमती समन्वय र सहजीकरण गर्ने। | वटा | ५ | | | | | | २५०.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.७.३ | RTI का क्षेत्रमा काम गर्ने द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थासँग सम्बन्ध बिस्तार गर्ने। | वटा | १५ | | | | | | २७.०० | | |
| ३.७.४ | कार्यालय फर्निचर, कम्प्युटर उपकरण लगायतका पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने। | वटा | १ | | | | | | १५०.०० | | |
| ३.७.५ | स्नातक तथा स्नातकोत्तर तहमा सूचनाको हकका विषयमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने। | वटा | ३५ | | | | | | ७०.०० | | |
| ३.७.६ | आयोगमा पदस्थापन हुने कर्मचारीलाई क्षमता अभिवृद्धि गर्नका लागि तालिमको ब्यवस्था गर्ने। | वटा | १ | | | | | | ५.०० | | |
| ३.८ | आयोगको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय |
| ३.८.१ | सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको कार्यसम्पादनको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनलाई परिमार्जन सहित नियमावलीमा समावेश गर्ने। | वटा | १ | | | | | | १०.०० | | |
| ३.८.२ | सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवम् प्रतिवेदनको ढाँचा अद्यावधिक गर्ने। | वटा | ५ | | | | | | ७५.०० | | |
| ३.८.३ | क) संघ र प्रदेशका सार्वजनिक निकायहरूको स्थलगत Onsite आर.टि.आई. अडिट सञ्चालन गर्ने।<br>ख) सूचना प्रविधिको माध्यमद्वारा स्थानीय तहको Offsite आर.टि.आई. अडिट सञ्चालन गर्ने। | वटा | १ | | | | | | २०.०० | | |
| ३.८.४ | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी समिक्षा गर्ने। | वटा | १ | | | | | | २०.०० | | |
| ३.९ | संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य १६.१०.(राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार सूचनामा सबैको पहुँच र मौलिक स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्न) को कार्यान्वयन प्रभावकारी बनाउने। | | | | | | | | | राष्ट्रिय सुचना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सञ्चार तथा |
| ३.९.१ | दिगो विकास लक्ष्य १६.१० को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गर्ने। | वटा | १ | | | | | | २५.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.९.२ | नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन गर्ने। | वटा | ५ | | | | | | १०.०० | | सुचना प्रविधि मन्त्रालय |
| ३.९.३ | सूचनामा पहुँच सम्बन्धी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू सञ्चालन गर्ने। | वटा | १५ | | | | | | ३०.०० | | |
| ३.१० | सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र सहकार्य प्रवर्द्धन गर्ने। | | | | | | | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय, राष्ट्रिय सुचना आयोग | गै.स.स. नागरिक समाज र संघिय इकाईहरु |
| ३.१०.१ | आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने। | वटा | १ | | | | | | १०.०० | | |
| ३.१०.२ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखापरीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सतर्कता केन्द्रसँगको सहकार्यमा कार्यक्रम सञ्चालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने। | वटा | ५ | | | | | | १५.०० | | |
| ३.१०.३ | नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरूमार्फत् सम्बन्धित क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने गराउने। | वटा | ५ | | | | | | १०.०० | | |
| ३.१०.४ | बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने। | वटा | ५ | | | | | | १०.०० | | |
| ३.१०.५ | गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने। | वटा | १५ | | | | | | ३०.०० | | |
| | | | | | | | | **जम्मा** | २२५७.०० | | |

**रणनीतिक उद्देश्य ४ सँग सम्बन्धित**

**रणनीतिक प्राथमिकता ४: सूचनाका हकका प्रवर्द्धकलाई प्रोत्साहन,सहजीकरण, सशक्तीकरण तथा सम्वर्द्धन गर्ने।**

| सि.नं (S.N.) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| १ | गैरसरकारी तथा सामुदायिक संस्थालाई सूचनाको हकका प्रवर्द्धकको रूपमा विकास गर्ने। | १. सूचनाको हक र सुशासनका क्षेत्रमा कार्यरत व्यक्ति र संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने। | सूचनाको हक सम्बन्धी कार्यक्रम सञ्चालन हुने। | प्रतिवेदन | उच्च | न्यून |
| | | २. गैरसरकारी संस्था तथा सामुदायिक संस्था मार्फत सबै प्रदेश र स्थानीय तहमा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | सूचनाको हक सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन हुने। | प्रतिवेदन | उच्च | न्यून |
| | | ३. सूचना प्रवर्द्धक र आयोगबीच आवधिक रूपमा अन्तरक्रिया गर्ने। | परस्पर सहकार्यका क्षेत्रहरू पहिचान गरी आवधिक रूपमा अन्तरक्रिया भएको हुने। | अभिलेख | उच्च | न्यून |
| | | ४. सञ्चारकर्मीलाई सूचनाको हक प्रयोग गर्न प्रशिक्षण गर्ने। | सूचनाको हकसम्बन्धी सचेतना स्तर अभिवृद्धि हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| | | ५. सूचनाको हक प्रवर्द्धनकालागि सामाजिक अभियन्तालाई प्रशिक्षण गर्ने। | सूचनाको हकसम्बन्धी सचेतना स्तर अभिवृद्धि हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| २. | सूचनाको हकका अभियन्ता, प्रवर्द्धक र उत्प्रेरकलाई प्रोत्साहन गर्ने। | १. उत्कृष्ट कार्य गर्ने सूचनाको हकका अभियन्ता, प्रवर्द्धक र उत्प्रेरकलाई पुरस्कारबाट सम्मान गर्ने। | अभियन्ता एवं प्रवर्द्धकहरु उत्प्रेरित भई सूचनाको माग तथा स्तर वृद्धि हुने। | अभिलेख | न्यून | न्यून |
| | | २. आयोगबाट संचालित कार्यक्रममा अनुसन्धानकर्ता, श्रोतव्यक्ति, प्रशिक्षकका रूपमा परिचालन गरी प्रोत्साहन गर्ने। | सिकाइको आदानप्रदान हुने र आयोगको कार्यमा सहयोग पुग्ने। | कार्यक्रम प्रतिवेदन | न्यून | न्यून |
| | | ३. साझेदारहरुसँगको समन्वयमा उत्प्रेरकलाई प्रशिक्षण दिई सूचनाको हक कार्यान्वयनमा निगरानी गराउने। | सूचनाको हक कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुने। | अभिलेख/प्रतिवेदन | उच्च | उच्च |
| | | ४. सूचनाको हकको क्षेत्रमा नीतिगत पृष्ठपोषण प्राप्त गर्न राष्ट्रियस्तरीय नीति सम्वाद समूह गठन गर्ने। | सूचनाको हक कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुने। | नीति सम्वाद समुह | न्यून | न्यून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५. सूचनाको हकसम्बन्धी RTI CLUB हरुलाई प्रशिक्षण दिने। | सूचनाको हक कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुने। | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |
| ३. | सञ्चार माध्यम एवम् सूचना अभियन्ता एवं प्रवर्द्धकको क्षमता अभिवृद्धि गर्ने। | १. सूचनाको हक सम्बन्धी विभिन्न विषयका तालिम, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | सूचनाको हक सम्बन्धी सचेतना अभिवृद्धिमा सहयोग पुग्ने। | प्रतिवेदन | न्यून | न्यून |
| | | २. सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | सूचनाको हकका अभियन्ता र प्रवर्द्धकहरूको प्रशिक्षण सीप विकास भई दक्ष प्रशिक्षकको संख्या वृद्धि हुने। | प्रतिवेदन | उच्च | न्यून |
| | | ३. विविध पेशा तथा व्यावसायिक संघ/संगठनका पदाधिकारी एवं समुदायका व्यक्तिसँग अन्तरक्रिया/गोष्ठी/सेमिनार सञ्चालन गर्ने। | सूचनाको हक कार्यान्वयनमा पेशा/व्यावसायिक संगठनहरूको सहयोग वृद्धि हुने। | प्रतिवेदन | उच्च | न्यून |
| ४. | सञ्चार माध्यमको भूमिका विस्तार गर्ने र सहकार्य प्रवर्द्धन गर्ने। | १. प्रमुख सञ्चार माध्यममा सूचनाको हक सम्बन्धी विधामा संलग्न पत्रकारलाई खोज पत्रकारिता प्रति अभिरुची जगाउन प्रशिक्षण र अनुसन्धानवृत्ति उपलब्ध गराउने। | सूचनाको हकको कार्यान्वयन सम्बन्धी जानकारी प्रवर्द्धन भई जनचेतना अभिवृद्धि हुने। | अभिलेख | न्यून | न्यून |
| | | २. आमसञ्चार माध्यममा वृत्तचित्र, संवाद, लोककल्याणकारी विज्ञापन, सार्वजनिक हित सम्बन्धी सूचना लगायत सन्देश सहितका श्रव्यदृश्य सामग्री निर्माण गरी प्रचार प्रसार गर्ने। | सूचनाको हक सम्बन्धमा सचेतनामा वृद्धि हुने। | श्रव्य दृश्य सामग्रीहरू र कार्यक्रम अभिलेख | उच्च | न्यून |
| | | ३. आमसञ्चार माध्यमसँग वार्षिक रूपमा अन्तरक्रिया गर्ने। सूचनाको हकका क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरुको सामाजिक सञ्जाल तयार गर्ने। | सूचनाको हक सम्बन्धी प्रचार प्रसारका चुनौति एवम् समाधानका उपायहरू पहिचान हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| ५. | विद्यालयमा शिक्षकहरुलाई सूचनाको हकका क्षेत्रमा क्रियाशील बनाउने। | १. प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।। | समुदायमा सूचनाको हकप्रति बिश्वास जाग्ने। | प्रशिक्षण सामाग्री | उच्च | न्यून |
| | | २. सूचनाको हक प्रवर्द्धनमा शिक्षकहरुलाई प्रशिक्षण दिई परिचालन गर्ने। | सूचनाको हकसम्बन्धी सचेतना स्तर अभिवृद्धि हुने। | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |

# अध्याय ५

# रणनीति कार्यान्वयन योजना

## ५.१ रणनीति कार्यान्वयन ढाँचा

रणनीतिक योजना संस्थाको वर्तमान अवस्था पहिल्याई भविष्यको बाटो तय गर्ने काम हो। यो नयाँ उपलब्धीलाई लक्ष्य गरी समस्या समाधान गर्ने दृष्टिकोणबाट तर्जुमा गरिएको विस्तृत दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal) र रणनीतिहरू (Strategies) सहितको एक दस्तावेज हो। प्रस्तुत पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन गर्ने उपाय र दृष्टिकोण रहेतल उल्लेख गरिएका छन्।

(क) वार्षिक कार्यक्रम र बजेट तर्जुमा

रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दादेखि नै ध्यान पुर्‍याउनु पर्ने हुन्छ। रणनीतिक क्रियाकलापहरूलाई वार्षिक कार्यक्रमहरूमा प्राथमिकताका साथ समाविष्ट गर्ने र सोका लागि आवश्यक स्रोत साधनको सुनिश्चित गर्ने कार्य रणनीति कार्यान्वयनको अनिवार्य शर्त हो। प्रस्तुत रणनीतिमा उल्लेख भएका रणनीतिक उद्देश्य, कार्यक्रम र उपलब्धी प्राप्त गर्न सोही अनुरूप वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ।

(ख) कार्यक्रम सम्पन्न गर्ने दृष्टिकोण

यस रणनीतिमा उल्लेख भएका सबै कार्यक्रम र कार्ययोजनालाई समान प्राथमिकता दिएर क्रमिक रूपमा सञ्चालन गरिने छ।

(ग) नागरिक नै सर्वशक्तिमान भन्ने दृष्टिकोण

संविधानले सूचनाको हकलाई सार्वभौम नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। यसको कार्यान्वयन गर्ने दायित्व राज्यको हो। अतः रणनीतिक योजना कार्यान्वयन गर्दा जनतालाई केन्द्रविन्दुमा राखेर सरल र सहज पहुँच पुर्‍याउने, माग गरेको सूचना प्रवाह गर्ने र स्वतः प्रकाशन गर्ने कार्यलाई कार्यसम्पादनको अभिन्न अंग मानी कार्यान्वयन गरी नागरिकको हकको सम्मान गरिनेछ। सूचना अद्यावधिक गर्ने, उचित भण्डारण गर्ने, अभिलेख राख्ने, पुनः प्राप्ति गर्ने र प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। सेवा प्रवाह गर्दा न्यायिक समता कायम गर्दै विशेष रूपमा सम्बोधन गर्नु पर्ने जाति, वर्ग, लिङ्ग र समुदायको नागरिकको लागि प्रदान भएका सुविधा, सामाजिक सुरक्षा, विशेष सहुलियत लगायतका हक अधिकारका कुरा तथा व्यवस्थाहरूलाई सोही अनुसार कार्यान्वयन गरिनेछ। यसरी गरिएको कार्यको भिन्ना भिन्नै समूहगत तथ्यांक (Disaggregated Data) संकलन गरी समावेशिता र न्यायिकताको आधारमा उपयोग गरिनेछ।

(घ) कार्य सम्पादनको आधार

राज्यका तीन तहका सरकारहरूको कार्य सम्पादनमा सूचनाको हकलाई कार्य सम्पादनको अभिन्न आधार हो र अतिरिक्त कार्यबोझ होइन भन्ने अवधारणाको विकास गरिनेछ। दण्ड र पुरस्कारको नीतिलाई कार्य सम्पादनसँग जोडिने नीति अख्तियार गरिनेछ।

(ङ) प्रदेश र स्थानीय तहमा संस्थागत व्यवस्था

प्रदेश र स्थानीय तहमा सूचनाको हकको कार्यान्वयन गर्ने आयोगको कुनै छुट्टै निकाय नभएकाले प्रस्तुत रणनीतिक योजना कार्यान्वयन गर्दा ऐन नियममा संशोधन भएर अन्यथा व्यवस्था नभएसम्म प्रदेशमा मुख्यमन्त्रीको कार्यालय र जिल्लामा सबै स्थानीय सरकारसँग समेत समन्वय र सहकार्य गर्न जिल्ला प्रशासन कार्यालय मार्फत कार्य सम्पादन गराउने दृष्टिकोण लिइने छ।

(च) संघीय सरकारको जिम्मेवारी

सूचनाको हकको कार्यान्वयन सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्ने जिम्मेवारी संघीय सरकारको रहेको छ। यस रणनीति कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तगत मन्त्रिपरिषद्को एकजना सचिवको नेतृत्वमा सूचनाको हक कार्यान्वयन सम्बन्धी संयन्त्रलाई परिचालन गरिने छ। यसकै समन्वयका आधारमा

तीनै तहका सरकारसँग रणनीति कार्यान्वयन र एकीकृत प्रतिवेदन तयारी तथा प्रकाशन गर्नुपर्ने अनिवार्य दायित्व तोकिने छ। यस कार्यको लागि राष्ट्रिय सूचना आयोगले आवश्यक सहजीकरण गर्ने छ।

(छ) आयोगको संस्थागत क्षमता अभिवृद्धि

यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि राष्ट्रिय सूचना आयोगको मानवश्रोत साधन, प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणाली (आर्काइभ, अभिलेख, Software), पूर्वाधार र आर्थिक श्रोत साधन पर्याप्त मात्रामा हुनु पर्नेछ। सक्षम र पर्याप्त मानव श्रोत साधनको अभावमा यो योजना कार्यान्वयन गर्न कठीन हुनेछ। राष्ट्रसेवकको वृत्ति विकास, उत्प्रेरणा र स्थिरताका लागि आवश्यकता अनुसार छुट्टै कार्ययोजना ल्याउनु पर्ने आवश्यकता यसभन्दा पहिले सञ्चालन भएको योजनाको अनुभवले पनि देखाएको छ। प्रदेश कार्यालय सञ्चालन गर्ने परिप्रेक्ष्यमा समेत दरबन्दी पुनरावलोकन गरिनु पर्दछ र पर्याप्त जनशक्तिको पूर्ति र क्षमता अभिवृद्धि गरिनु पर्दछ। अहिलेकै अवस्थाको जनशक्ति र पूर्वाधार यो रणनीतिक योजना कार्यान्वयन गर्न पर्याप्त छैन। संस्थागत एवम् पूर्वाधार विकाससँगै आवश्यक जनशक्तिको व्यवस्था अपरिहार्य हुने छ। साथै आयोगको कार्य सम्पादनमा विशेषज्ञ सेवा समेत लिन सकिने छ।

(ज) साझेदार र सरोकारवालासँग सहकार्य

सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि माग पक्षको सक्रिय जागरूकता हुनु आवश्यक छ। माग पक्षको सहजीकरण नभई सूचनाको हकको कार्यान्वयन हुन सक्दैन। यसर्थ माग पक्षमा पर्ने नागरिक, विकास साझेदार, गैरसरकारी संस्था र प्रवर्द्धकहरूसँग साझेदारी, पारस्परिक सहयोग, समझदारी र सहकार्य गर्ने दृष्टिकोण अपनाइने छ। यो रणनीतिक योजना आयोगको मात्र नभइ सूचनाको हकको राष्ट्रिय रणनीतिक योजनाका रुपमा रहनेछ। सूचनाको हक प्रवद्र्घन, संरक्षण र प्रचलनका लागि सञ्चालन गर्ने कार्यक्रममा आयोगले सूचनाको हक सम्बन्धी ज्ञान, पाठ्यक्रम, सामग्री एवम् श्रोत व्यक्ति उपलब्ध गराउने छ।

(झ) स्थानीय तहका सरकारको सशक्तीकरण

स्थानीय तहका ७५३ वटा सरकारी निकायमा सूचनाको हक पुऱ्याउन अत्यन्त जरूरी छ। यस रणनीतिक योजनाको केन्द्र विन्दुमा नागरिक रहेको र नागरिक समक्ष सेवा सुविधा प्रवाह स्थानीय निकायबाट हुनेसाथै नागरिकको चासोका विषय समेत स्थानीय निकायमा हुने हुँदा स्थानीय निकायलाई सशक्तीकरण गर्नु अपरिहार्य रहेको छ। वर्तमान सन्दर्भमा स्थानीय निकाय र अन्तर्गतको निकायमा सूचनाको प्रवाह गर्ने जिम्मेवारीमा रहेको अस्पष्टता हटाउन तत्तत् निकायमा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गरिने छ।

(ञ) सूचनाको हकको प्रयोगमा वृद्धि गराउने

यस रणनीतिको वास्तविक उद्देश्य सुशासन कायम गराउने हो। सूचनाको हक सुशासनको औजार हो। सूचनाको हकको प्रयोगबाट राज्यले नागरिकका लागि प्रदान गरेको सेवा, सुविधा, सुरक्षा र लाभ नागरिकसम्म पुगोस् भन्ने नै हो। अतः नागरिक समाज, सूचना अभियन्ता वा प्रवर्द्धकहरूबाट संचालित जनचेतना वृद्धि गर्ने कार्य, सूचनाको हकको प्रयोग गर्ने र वृद्धि गर्ने कार्यमा आयोगको सहजकर्ता र सहयोगी भूमिका रहने छ। रणनीतिक योजनामा परेका कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालन गरिने छ।

(ट) सञ्चार माध्यमको परिचालन

आमसञ्चारका माध्यमबाट सूचनाको हकको प्रयोग गर्न जनचेतना वृद्धि गर्ने कार्यक्रमहरू जस्तैः वृत्तभित्र, जिंगल, सार्वजनिक सूचना, टेलि संवाद, रेडियो सेवा, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सार्वजनिक भेला तथा कार्यक्रममा सहभागितालाई प्रोत्साहन गरिनेछ। आयोगबाट व्यापक रूपमा प्रचार प्रसार गर्ने, पत्रकारहरूलाई सूचनाको हक प्रयोग गरी समाचार संकलन, लेखन गर्न अभिप्रेरित गर्ने एवं यसका लागि क्षमता अभिवृद्धि गर्ने, सञ्चार माध्यममा सूचनाको हकसम्बन्धी विषयलाई प्राथमिकता दिने, सफलताको कथाहरू प्रसारण गराउने लगायतका सूचनाको हकलाई सुशासन र असल शासनको आधार एवम् असल अभ्यासको प्रोत्साहनको रूपमा परिचालन गर्ने दृष्टिकोण अपनाइने छ। लोककल्याणकारी विज्ञापनका लागि सम्बन्धित निकायसँग समन्वय गरी जनचेतना बढाउने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

(ठ) सूचना प्रविधिको प्रयोग

आयोगबाट तयार गरी सञ्चालनमा ल्याएका र आवश्यकता अनुसार निर्माण गर्नुपर्ने प्रयोगकर्ता, प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणाली स्थापना र कार्यान्वयनमा ल्याइने छ। प्रत्येक सार्वजनिक निकायको वेबसाइटमा RTI Menu राखिने छ। सार्वजनिक निकायले गरेका सूचनाको हक सम्बन्धी कार्यको प्रतिवेदन आयोगलाई डिजिटल माध्यमबाट दिनु पर्ने नीति लिइने छ। सूचनाको हक सम्बन्धी निवेदन र पुनरावेदन सम्बन्धी विवरण यथा समय (Real time) मा जान्न, पहिल्याउन सकिने गराइने छ। सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, पुनरावेदन व्यवस्थापनसम्बन्धी पुनरावलोकन गरी प्रयोगकर्तामैत्री गरिने छ। इन्टरनेटमा आधारित अनलाइन सूचना माग र आपूर्ति गर्ने, स्वतः प्रकाशन सम्बन्धी छुट्टै App विकास गर्ने वा हाल भइरहेको नागरिक App वा यस्तै अन्य App सँग सूचनाको हकलाई पनि राष्ट्रिय सञ्जालमा आवद्ध गर्ने दृष्टिकोण रहने छ।

(ड) तथ्यमा आधारित पैरवी

आयोगले कुनै पनि कार्यक्रम सञ्चालन वा सहजीकरण र सहयोग गर्दा तथ्य प्रमाणलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागिता जनाउने नीति र दृष्टिकोण अवलम्वन गर्ने छ। यसर्थ, आयोगमा अध्ययन अनुसन्धान गर्न स्रोत केन्द्रको व्यवस्था गर्ने, ई–लाइब्रेरी स्थापना गर्ने जस्ता कार्य गरी तथ्यगत र प्रमाणिक अनुसन्धानलाई जोड दिन छुट्टै अनुसन्धान केन्द्रको स्थापना गरिने छ।

(ढ) अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजना कार्यान्वयन गर्दा सुदृढ अनुगमन तथा मूल्याङ्कन पद्धति तर्जुमा गरी लागु गरिने छ। स्थानीय तहहरूमा अनुगमन तथा मूल्याङ्कन गर्न जिल्ला प्रशासन कार्यालयलाई Focal Point को रूपमा विकास गरी अनुगमन तथा मूल्याङ्कन गर्ने, आर.टी.आई. अडिट गर्ने र सूचनाको हकको कार्यान्वयन गर्ने रणनीति अपनाइने छ। यसको लागि संघीय सरकार, प्रदेश र स्थानीय तहबीच समझदारी (MOU) गरी कार्यान्वयन गर्ने दृष्टिकोण लिइने छ।

(ण) अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने

प्रस्तुत रणनीतिक योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्न राष्ट्रिय सूचना आयोगलाई प्रत्येक वर्ष नेपाल सरकारबाट प्राप्त हुने बजेट तथा कार्यक्रम र उपलब्ध भौतिक पूर्वाधार तथा जनशक्तिबाट मात्र पर्याप्त नहुने जोखिम रहेको छ। अतः योजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट आर्थिक तथा प्राविधिक सहयोग (Financial and Technical Assistance) लिने नीति अपनाइने छ। मौजुदा वैदेशिक सहायता परिचालन नीतिको अधीनमा रही अन्तर्राष्ट्रिय विकास सहयोग परिचालन गरिने छ।

(त) नतिजामा आधारित कार्यान्वयन प्रणाली

यस रणनीतिक योजनाका कार्यक्रमहरू गुणस्तरीय एवम् नतिजामा आधारित सूचकहरू (Result based Performance Indicators) तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यसको लागि कार्यक्रम सञ्चालन गर्नुअघि कार्यक्रमको संक्षिप्त परिचय, सञ्चालन विधि, सहभागीहरूको निश्चितता, पूर्वाधारको पर्याप्तता, साझेदार र सहयोगीको समर्थन, अपेक्षित उपलब्धी, लाग्ने बजेट र अनुगमन मूल्याङ्कन गर्ने नतिजामा आधारित मूल्याङ्कन प्रारूप (Result Based Monitoring Framework- RBMF) तयार गरिने छ। कार्यक्रम सम्पन्न भएपछि मूल्याङ्कन नतिजा, अपेक्षित उपलब्धी सहितको प्रतिवेदन तयार गरिने छ। प्रतिवेदन उपर छलफल गरी सिकाइ आदानप्रदान गरी त्रुटि/कमजोरी हटाउन र असल अभ्यास लागु गर्ने नीति लिइने छ।

(थ) जोखिम पूर्वानुमान र समाधान

रणनीति कार्यान्वयन गर्ने क्रममा हुन सक्ने जोखिम र त्यसबाट पर्ने असरको शुरूमै पहिचान गर्ने र समाधान गर्ने उपायहरू अवलम्बन गरिने छ। कुनै कार्यक्रम सञ्चालन गर्नु पूर्व पर्न सक्ने जोखिम तथा प्राप्त हुने प्रतिफलको पूर्वानुमान गरी त्यसको कारण र असर पहिल्याई त्यसको समाधान गर्ने नीति लिइने छ।

(द) निरन्तर सुधार

रणनीतिक योजनालाई कार्यान्वयनको अनुभवका आधारमा अझ बढी प्रभावकारी र गुणस्तरीय बनाउन आयोग, साझेदार तथा सरोकारवालासँग समन्वय गरी निरन्तर सुधार र परिमार्जन गर्ने नीति लिइने छ।

(ध) सबैको सहयोगको सुनिश्चतता

यस रणनीतिक कार्ययोजना सूचनाको हकको राष्ट्रिय कार्ययोजना नै हो भन्ने मानसिकताको विकास गरी यस क्षेत्रमा संलग्न सबै सरोकारवालासँग साझेदारी, समन्वय र सहकार्यको अवधारणा लिइने छ। यो रणनीतिक योजना कार्यान्वयन गर्न सबैको सहयोग र साझेदारी अनिवार्य छ। त्यसैले यसलाई योजनाकै रूपमा सञ्चालन गर्ने दृष्टिकोण लिइने छ।

(न) बजेट अनुमान

यस रणनीतिक योजनाको कार्यान्वयनको लागि कुल लागत रु. १ अर्ब ६४ लाख लाग्ने अनुमान गरिएको छ। यो बजेट वर्तमान मूल्यमा अनुमान गरिएको सांकेतिक (Indicative) बजेट हो। वास्तविक अनुमान प्रत्येक वर्ष गर्ने कार्यक्रमहरूमा विभाजन गरी त्यसको लागि लाग्ने छुट्टै शीर्षकगत र कार्यक्रमगत अनुमानित बजेट र कार्यक्रम तर्जुमा गर्नु पर्दछ। नेपाल सरकारबाट बर्षेनी प्राप्त हुने बजेट र कार्यक्रमबाट मात्र यस रणनीतिक योजना कार्यान्वयन गर्न सम्भव नहुने भएकोले सो रकम समेत कार्ययोजनाकै अभिन्न अंग मानी प्रादेशिक र स्थानीय सरकारसँग समन्वय तथा अन्तर्राष्ट्रिय विकास साझेदारबाट आर्थिक सहयोग प्राप्त गर्न प्रयत्न गरिने छ।

## अध्याय ६

# रणनीतिक योजनाको परिवर्तन व्यवस्थापन

### ६.१ रणनीतिक समस्या

नेपालमा संवैधानिक रुपमा सूचनाको हकको व्यवस्था २०४७ बाटै भएपनि सूचनाको हकको कानूनी तथा संस्थागत व्यवस्था भई कार्यान्वयन हुन शुरु भएको दुई दशक पूरा हुन लाग्दैछ। यस अवधिमा आयोगले तीनवटा रणनीतिक योजना कार्यान्वयन गरिसकेको छ। आयोगले पहिलोपल्ट सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिको कार्ययोजना (National Strategic Plan of Action on RTI 2013-2018) तर्जुमा गरी लागु गरेको थियो। सन् २०१३ जनवरीदेखि डिसेम्बरसम्म सञ्चालन भएको सूचनाको हकको कार्यान्वयनमा सुधार गर्ने (Improvement in the Implementation of RTI) एक वर्षे रणनीतिक कार्यक्रमका आधारमा यो पाँच वर्षे रणनीतिक कार्ययोजना तर्जुमा गरिएको थियो। यसैबीच रणनीतिक कार्ययोजना २०१३–२०१८ को दुई वर्षको कार्यान्वयनको समीक्षा गर्दै केही थप र अद्यावधिक गरी रणनीतिक कार्ययोजना २०१५–२०२० तर्जुमा गरी लागू गरियो। त्यसै गरी हाल सूचनाको हकको रणनीतिक योजना २०२१–२०२५ कार्यान्वयनमा रहेकोमा २०२५ डिसेम्बरबाट यो योजनाको अवधि समाप्त भएको छ। यस अवधिमा सूचनाको हकको क्षेत्रमा धेरै ठूलो उपलब्धी हासिल भएको छ। यी कार्ययोजना कार्यान्वयन अनुभवबाट निम्नानुसार समस्याहरू कायम रहेका छन्:

(क) सार्वजनिक निकायमा गोप्यताको संस्कृति अझै विद्यमान रहनु।

(ख) नागरिक सचेतनाको कमी समेतका कारण सूचनाको पहुँचबाट टाढा रहनु।

(ग) सूचना सरल र सहज रूपमा प्राप्त नहुनु। सूचना माग गर्ने र स्वतः प्रवाह गर्ने प्रवृत्तिलाई प्रोत्साहित नगरिनु।

(घ) सूचनामा प्रविधिको प्रयोग ,सूचनाको अभिलेख भण्डारण, पुनः प्राप्ति, पुनः प्रयोग गर्ने प्रवृत्ति पूर्ण रूपमा विकसित नहुनु।

(ङ) सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन नहुनु।

(च) तथ्य, तथ्यांक र प्रमाणमा आधारित निर्णय प्रकृयाको पालनामा कमी हुनु।

(छ) सूचनाको वर्गीकरणका प्रयासहरु सफल नहुनु।


(ज) सूचनाको हक कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव एवम् सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमी हुनु।

(झ) सूचना आपूर्ति गर्ने कार्यलाई अतिरिक्त बोझ मान्ने प्रवृत्ति हुनु।

(ञ) राजनैतिक दलका क्रियाकलापमा न्यून पारदर्शिता एवम् जवाफदेहिताको कमी हुनु। प्रशासनिक नेतृत्व तहमा पनि सूचनाको हकको परिपालनामा कमी हुनु।

### ६.२ परिवर्तनको व्यवस्थापन

उल्लेखित समस्याहरूको समाधान गर्न र सूचनाको हकको प्रभावकारी कार्यान्वयन गरी सुशासन र असल शासन कायम गराउन राष्ट्रिय सूचना आयोग प्रयत्नशील छ। पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट जनचेतना अभिवृद्धि भई जनउत्तरदायी, खुला र पारदर्शी समाजको विकास हुनेछ भन्ने अपेक्षा लिइएको छ। सूचनाको हकका साझेदार र सरोकारवाला, आयोग, सार्वजनिक निकाय, गैरसरकारी संस्था, आमसञ्चार माध्यम र प्रवर्द्धकहरू यस परिवर्तनका संवाहक हुनेछन्। यस रणनीतिक योजनाको कार्यान्वयनबाट देहाय बमोजिमको परिवर्तनको अपेक्षा गरिएको छः




प्रस्तुत रणनीतिक योजनाले उल्लिखित परिवर्तनको व्यवस्थापनलाई देहाय बमोजिम आत्मसात गर्नेछः

(क) नागरिकलाई चेतनशील बनाई सूचनाको हकको प्रयोगका लाभका बारे जानकारी दिन सकेमा सूचनाको हकको प्रयोग बढ्ने छ।

(ख) सार्वजनिक निकायको क्षमता अभिवृद्धि गरी सक्षम बनाउन र प्रवृत्ति एवम् कार्यशैलीमा परिवर्तन गरी नागरिकप्रति उत्तरदायी गराउन सकेमा सूचना प्रवाह गर्ने संस्कृतिको विकास र वृद्धि हुनेछ।

(ग) माग र आपूर्ति पक्षलाई सक्षम र प्रभावकारी बनाउन र सूचनाको प्रवाह सम्बन्धी स्पष्ट व्यवस्था गर्न सकिएमा स्वत: प्रकाशन र सूचनाको मागमा वृद्धि हुनेछ। यसबाट सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुनेछ।

(घ) सूचनाको हक प्रभावकारी भएमा शासकीय सुधार हुन्छ र नागरिकले सुशासनको अनुभूति गर्न पाउने छन्। सार्वजनिक निकाय खुला, पारदर्शी र जनउत्तरदायी हुनेछन्। सरकारको विश्वसनियतामा वृद्धि हुनेछ र अन्तर्राष्ट्रिय स्तरमा आयोगको प्रतिष्ठा वृद्धि हुनेछ।

# अध्याय ७

# अनुगमन तथा मूल्याङ्कन

## ७.१ अनुगमन तथा मूल्याङ्कन ढाँचा

यस रणनीतिक योजनाका क्रियाकलाप (कार्यक्रम) हरूको कार्यान्वयन वार्षिक बजेट र कार्यक्रम स्वीकृतिबाट प्रारम्भ हुने छ। वार्षिक कार्यक्रम स्वीकृत गर्दा समयावधि र बजेट रकम समेत उल्लेख भएको हुने छ। कार्यान्वयन गर्ने जिम्मेवार निकायसमेत निर्धारण गरी कार्ययोजना बनाइने छ। नियमित र चरणबद्ध अनुगमन तथा मूल्याङ्कन कार्यान्वयनको अभिन्न अंग हुने छ।  कार्यक्रम सञ्चालन गर्दा नै कार्यक्रमको संक्षिप्त अवधारणा, उद्देश्य, सञ्चालन तरिका, स्थान, समय, सहभागिता, बजेट, अपेक्षित उपलब्धी र मूल्याङ्कनका आधार पूर्वस्वीकृत गराइनेछ। यसकै आधारमा मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न गरी आयोगको अभिलेखबाट कार्यक्रमको पुष्टि हुनेछ। यसरी मूल्याङ्कन गर्दा सक्षमता र प्रभावकारितालाई केन्द्रविन्दुमा राखिनेछ। यस रणनीतिक योजनाका कार्यक्रमहरूको कार्यान्वयन पश्चात नतिजामा आधारित मूल्याङ्कन र प्रतिवेदन प्रणाली अपनाइनेछ।

## ७.२ नियमित अनुगमन

कार्यक्रमहरू सञ्चालन गर्दाका अनुभव, सिकाइ र सन्दर्भ अभ्यास तथा तयारी र सञ्चालन प्रक्रियाका बारेमा कर्मचारीको नियमित बैठकहरूमा छलफल गरी समाधान गर्ने र समन्वय गर्ने प्रयास गरिनेछ। यो कार्यालय सञ्चालनकै सामान्य र नियमित प्रकृया हुनेछ।

## ७.३ आवधिक अनुगमन तथा मूल्याङ्कन

कार्यक्रम सञ्चालन गर्दादेखि कार्य सम्पन्न प्रतिवेदन, नियमित रूपमा गरिने अनुगमन र त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गरिने आवधिक मूल्याङ्कन प्रणाली यस रणनीतिक योजनाको कार्यान्वयनको अभिन्न अंग हुनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यकता अनुरूप ढाँचा र विधि थप सरल र सहज हुने गरी तयार गरिनेछ। चरणबद्ध नियमित अनुगमन तथा मूल्याङ्कन कार्य सरकारी निकाय, सूचनाका हकका प्रवर्द्धकहरु, जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट आयोगकै जिम्मेवारीमा गराउन सकिने तर्फ पनि Pilot अनुगमन सञ्चालन गरी प्राप्त नतिजा र अनुभवको आधारमा गर्न सकिने पद्धतिको विकास गरिनेछ। आर.टि.आई. अडिटलाई Onsite/Offsite माध्यमको अबलम्बन गरी अनुगमन र मूल्याङ्कन गरिनेछ।

## ७.४ मध्यावधि मूल्याङ्कन

यस रणनीतिक योजनाको कार्यान्वयनको अढाई वर्ष पछि मध्यावधि मूल्याङ्कन गरिनेछ। मध्यावधि मूल्याङ्कन गर्दा आयोग र बाह्य श्रोतको समेत सहायता लिन सकिनेछ। प्राप्त नतिजाबाट निरन्तर सुधार र परिमार्जन गर्दै लगिनेछ।

## ७.५ अन्तिम मूल्याङ्कन

यस रणनीतिक योजनाको चौथो वर्षको तेश्रो त्रैमासिकमा अन्तिम मूल्याङ्कन गरिनेछ। अन्तिम अनुगमन तथा मूल्याङ्कन गर्न आयोगको आफ्नो श्रोत तथा बाह्य स्वतन्त्र व्यक्ति र संस्थाको संलग्नतामा उपलब्धीको मूल्याङ्कन, समीक्षा र प्रतिवेदन प्राप्त गर्न सक्नेछ। यस्तो मूल्याङ्कनले अर्को अवधिको रणनीतिक योजनाको लागि आधार प्रदान गर्नेछ।

## ७.६ त्रैमासिक र वार्षिक प्रतिवेदन

रणनीतिक कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी, समस्या, चुनौति र कार्यान्वयन हुन नसक्नाका कारणहरू समेत उल्लेख भएको पूर्व निर्धारित ढाँचामा प्रतिवेदन प्राप्त गरिनेछ। यो प्रतिवेदनमा गहन छलफल गरी आवश्यक परिमार्जन र सुधार गरिनेछ। कार्यक्रमहरू कार्यान्वयन हुन नसकेका, ढिला भएका, परिवर्तित भएका, जोखिम भएमा हटाउने उपायहरू

अवलम्बन गरिएका कार्यहरू प्रतिवेदनको ढाँचामा उल्लेख भई सो अनुसार प्रतिवेदन तयार भएको हुनेछ। जोखिम कम गर्न, परिवर्तित (Deviation) भएका र ढिला भएका कार्यक्रमहरू पुनः सञ्चालन गरी सम्पन्न गर्न लिइएका उपाय (Mitigation Measures) हरू पनि प्रतिवेदनमा कारण र आधार सहित उल्लेख भएको हुनेछ। विस्तृत त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदनको ढाँचा कार्यक्रम कार्यान्वयन गर्नुभन्दा अगाडि नै तर्जुमा गरी सम्बद्ध सरोकारवालालाई उपलब्ध गराईनेछ।

सूचनाका हकका प्रवर्द्धक र अन्य सरोकारवालाबाट भएको काम कारवाहीको प्रतिवेदन पनि आयोगले आफ्नो प्रतिवेदनमा अलग्गै शीर्षकमा समावेश गर्ने परिपाटीको विकास गरिनेछ। यसबाट प्रवर्द्धक र सरोकारवालाहरू पनि आयोगप्रति विश्वस्त हुन सक्नेछन् साथै उनीहरुमा अपनत्वको भावना वृद्धि हुनेछ।

### ७.७ अनुगमन तथा मूल्याङ्कन समिति

यस रणनीतिक कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न एकजना सूचना आयुक्तको संयोजकत्वमा उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ। यस समितिको मुख्य कार्य नियमित अनुगमन तथा मूल्याङ्कन प्रारूप स्वीकृति गर्ने, प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक निर्देशन दिने, पृष्ठपोषण प्राप्त गर्ने, कार्यान्वयनको चरणमा देखिएका समस्या तथा चुनौतिहरूको समाधान गर्ने, विभिन्न निकाय बीच समन्वय र सहयोग गराउने, प्रतिवेदन प्राप्त गर्ने, असल अभ्यासको सिकाइ र अनुभव आदान प्रदान (Sharing) गर्ने आदि हुनेछन्। यस समितिमा निम्न बमोजिम पदाधिकारी रहने छन्:

(क) आयोगले तोकेको एकजना सूचना आयुक्त - संयोजक

(ख) सचिव, राष्ट्रिय सूचना आयोग - सदस्य

(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(ङ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(छ) प्रमुख, योजना शाखा, राष्ट्रिय सूचना आयोग - सदस्य सचिव

यस समितिमा आवश्यकता अनुसार अधिकृत कर्मचारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ। यस समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ।

### ७.८ जोखिम पूर्वानुमान तथा न्यूनीकरणका उपाय

प्रस्तुत रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न गराउने सन्दर्भमा जोखिमपनि छन्। साथै कार्यक्रमको कार्यान्वयन गर्न सबैबाट अपेक्षित सहयोग हुने आशा एवम् विश्वास गरी तर्जुमा भए पनि उल्लेख्य मात्रा र स्वरूपमा सहयोग र समर्थन प्राप्त नहुने पूर्वानुमान पनि गरिएको छ। खास गरी देहाय बमोजिम जोखिम पूर्वानुमान र न्यूनीकरणका उपायप्रस्ताव गरिएको छ।

| जोखिम र पूर्वानुमान | न्यूनीकरणका उपाय |
|---|---|
| (क) सूचनाको हक प्रयोग गर्न नागरिक स्वयं सक्रिय हुने। | जनचेतना जगाउने कार्य सक्रियतापूर्वक चाल्ने। |

| | | |
|---|---|---|
| (ख) | सरोकारवाला प्रवर्द्धक उदासिन हुने र सहयोग नगर्ने। | क्षमता अभिवृद्धि गरी स्वयं सक्रिय हुन अभिप्रेरित गर्ने। |
| (ग) | सरोकारवालासँग समन्वय र सहकार्य गर्न कठिन हुने। | समन्वयका लागि आयोगका पदाधिकारी वा कर्मचारीलाई जिम्मेवारी तोक्ने। |
| (घ) | बजेटको न्यून उपलब्धता हुने। | पर्याप्त बजेट प्राप्त गर्न सम्बन्धित निकायमा समन्वय, सहजीकरणको घनिभूत रुपमा प्रयत्नशील रहने। |
| (ङ) | आवश्यक दक्ष जनशक्ति उपलब्ध नहुने, छिटो छिटो सरूवा हुने, उत्प्रेरणा र सशक्तीकरण हुन नसक्ने। | तालिम प्राप्त दक्ष जनशक्ति मार्फत कार्यान्वयन गराउने। |
| (च) | सूचना प्रविधिको प्रयोग र अन्य निकायसँग संयोजन गर्न नसकिने | दक्ष जनशक्ति र प्रविधिको संयोजन गरी समाधान गर्ने, सक्षमता र सुपरिवेक्षण/अनुगमन क्षमता वृद्धि गर्ने र सिकाइ आदानप्रदान बढाउने । |
| (छ) | संस्थागत क्षमता अभिवृद्धि न्यून हुनु। | प्रादेशिक कार्यालय क्रमश स्थापना गर्दै जाने। भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्ने। |
| (ज) | समयसापेक्ष रुपमा कानून अध्यावधिक हुन नसक्नु। | कानून संशोधन गर्न पैरवी (lobby) गर्ने। |
| (झ) | प्रदेश र स्थानीय तहका सरकार समन्वय, सहकार्य र सहयोगमा कमी हुनु, बजेट नछुट्याउनु, छुट्टै कानून बनाउने सोच राख्नु। | प्रदेश र स्थानीय तहका सरकारसँग समन्वय गरी आवश्यक बजेट व्यवस्थागर्न अभिप्रेरित गर्ने।<br>प्रदेश र स्थानीय तहमा समन्वय गरी प्रवर्द्धनात्मक लगायतका कार्यका लागि अधिकार प्रत्यायोजन गर्ने। |
| (ञ) | राजनैतिक दलका क्रियाकलापमा न्यून पारदर्शिता एवम् जवाफदेहीताको कमी हुन सक्ने। प्रशासनिक नेतृत्व तहमा पनि सूचनाको हकको परिपालनामा चासो नहुने। | राजनैतिक दलसँग छलफल अन्तरक्रिया गर्ने र आमसञ्चार माध्यमलाई परिचालित गर्ने।<br>प्रशासनिक नेतृत्व तहमा पनि सूचनाको हकको परिपालनामा अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने। |
| (ट) | गोप्यताको संस्कृति कायमै रहने। | पारदर्शीता र खुलापनको वकालत तथा अभ्यास गर्न प्रोत्साहित गर्ने। |

उल्लेखित जोखिम र पूर्वानुमानबाट रणनीतिक योजनाको कार्यान्वयन, गुणस्तर, समय तालिका र नतिजामा समेत न्यून एवम् उच्च प्रभाव र असर पर्न सक्नेछन्। तथापि आयोगको पूर्व सक्रियता (Proactiveness) तथा सरोकारवालाको सहयोग र सहकार्यबाट वाञ्छित उपलब्धी हासिल हुनेछ।

## ७.९ अपेक्षित उपलब्धी

यस रणनीतिक योजना कार्यान्वयन पश्चात् सबै नागरिकका सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था र कानूनको समसामयीक परिमार्जन हुनेछ। सूचनाको हकको कार्यान्वयन अनलाइन मार्फत भएको हुनेछ। यसैगरी, सार्वजनिक निकायका काम कारवाही पारदर्शी, जवाफदेही र सूचना प्रविधिमैत्री भएको हुने, सार्वजनिक निकायमा कार्यविधिगत परिपालना, खुला र पारदर्शी संस्कृतिको विकास भएको हुने, गोप्यताको संस्कृति न्यूनीकरण हुने, उत्तरदायित्व किटान गर्ने प्रणालीको अवलम्वनले सार्वजनिक जवाफदेहिताको संस्कृति विकास भएको हुने र कार्यसम्पादनको स्तरमा सुधार भएको हुनेछ।

सेवा प्रवाहलाई पारदर्शी, जनमुखी उत्तरदायी बनाउन नागरिक समाज एवम् सरोकारवाला संस्था, व्यक्ति, प्रवर्द्धकको सहयोग प्राप्त भएको हुने, गैरसरकारी संस्था, जिल्ला समन्वय समिति लगायत सरकारी निकाय समेतको सहभागिता

भएको हुने, संघ प्रदेश र स्थानीय तहमा सूचनाको हकको कार्यान्वयन गर्न, कर्मचारीलाई तालिम, उत्प्रेरणा एवम् वृत्ति विकासको अवसर प्राप्त हुनेछ। सूचनाको हक सम्बन्धी बजेट तीनै तहमा विनीयोजन भएको हुनेछ। सूचना प्रवाहको कार्य सँस्कृतिमा सुधार भई अतिरिक्त कार्यबोझ मान्ने प्रवृत्तिमा कमी आउनेछ। साथै यसलाई कार्यसम्पादनको अभिन्न अंग मान्ने सोच र व्यवहारको विकास हुनेछ।

प्रस्तुत योजना अवधि भित्रमा कम्तीमा ७५प्रतिशत सूचना अधिकारीहरूले तालिम प्राप्त गरेका हुनेछन्। विभिन्न सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीले प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका हुनेछन्। तालिम केन्द्रहरुका पाठ्यक्रममा सूचनाको हकको विषय समावेश भएको हुनेछ। सार्वजनिक निकायहरुको स्वतः प्रकाशनमा ९० प्रतिशत उपलब्धि हुनेछ। अत्याधुनिक प्रविधिको सूचना व्यवस्थापन प्रणालीको संयोजनबाट सूचनाको हक सम्बन्धी तथ्य तथ्यांक प्राप्त भएको हुनेछ।

सफलताको कथाहरू मार्फत सूचनाको हकको सफल अभ्यास तथा उपलब्धिको प्रचार प्रसार गरी थप अभ्यासका लागी उत्प्रेरित गरिनेछ।

सूचनाको हकको प्रयोगबाट विधिको शासन, सुशासन कायम भई लोकतन्त्रको सुदृढीकरण भएको हुनेछ। बदलिएको शासकीय स्वरूप अनुसार तीनै तह खासगरी स्थानीय तहको सूचना प्रवाह सुदृढीकरण भएको हुनेछ। सूचना प्रविधिको प्रयोगबाट सूचनामा सरल पहुँच र संस्थागत स्मरण तथा अभिलेख व्यवस्थित भएको हुनेछ।

### ७.१० अपेक्षा

यस रणनीतिक योजनाबाट शासकीय सुधार भई सुशासन कायम गर्ने मुख्य लक्ष्य राखिएको छ। यसका लागि सार्वजनिक निकायहरू, राष्ट्रसेवकहरू एवम् आम नागरिक सक्षम, खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी भएमा परिणाममुखी, समन्यायिक र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन गर्न सकिनेछ। जवाफदेही, व्यावसायिक एवम् सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास वृद्धि हुनेछ र नतिजामुखी परिणाम हासिल हुनेछ। सूचनाका हकका मालिक भनेका नागरिक हुन् र सार्वजनिक निकाय नागरिकप्रति उत्तरदायी हुनु पर्दछ।

सूचनाका हकका प्रवर्द्धक र नागरिकले आफू स्वयं सुसूचित भई आम नागरिकको हित अनुकूल हुने र लाभ पुग्ने सूचना संप्रेषण गर्ने परिपाटीको विकास हुनु जरुरी छ।

सूचनाको हकको संरक्षण, प्रवर्द्धन र अभ्यासमा आमसञ्चार माध्यम र खोज पत्रकारिताको महत्वपूर्ण भूमिका रहनेछ। सार्वजनिक प्रशासनलाई उत्तरदायी बनाई विकास प्रकृयालाई प्रभावकारी बनाउनु प्रशासकीय सुधारको अभिष्ट नै हो।

तसर्थ, सार्वजनिक निकायका काम कारवाहीहरूलाई खुला, पारदर्शी, जवाफदेही, सदाचारयुक्त एवम् प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वास अभिवृद्धि गर्न सूचनाको हकको प्रयोग हुनेछ। यसबाट सुशासन कायम हुनेछ भन्ने अपेक्षा लिइएको छ।

यस रणनीतिक योजनाको कार्यान्वयन गर्न राष्ट्रिय सूचना आयोग प्रतिबद्ध छ। यो कार्ययोजना आयोगको मात्र नभएर सूचनाको हकको प्रवर्द्धक तथा संरक्षक सबैको स्वामित्व हो र राष्ट्रिय कार्ययोजना पनि हो भन्ने विश्वास लिइएको छ। अतः यस कार्ययोजनाको कार्यान्वयनबाट दिगो विकासको लक्ष्य हासिल गर्न सघाउने अपेक्षा समेत गरिएको छ। यस कार्ययोजनाको कार्यान्वयनका लागि पर्याप्त बजेट र सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ। वैदेशिक वित्तीय तथा प्राविधिक सहायता र अनुदानको लागी विकास साझेदारसँग समन्वय र समझदारी गर्ने पहल गरिनेछ। अतः यस कार्ययोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तह, विकास साझेदार तथा सूचनाका प्रवर्द्धक लगायत आम नागरिकको सहयोग र समर्थन प्राप्त हुने अपेक्षा गरिएको छ। सूचनाको हकबाट लोकतन्त्रको सुदृढीकरणमा उल्लेख्य योगदान भई शान्ति, स्थिरता र समृद्धि हासिल गर्न मद्दत पुग्नेछ भन्ने अपेक्षा गरिएको छ।

# अनुसूची

"सूचनाको हक सम्वन्धी राष्ट्रिय रणनीतिक योजना २०२६-२०३०" को मस्यौदामा छलफल कार्यक्रमको

उपस्थिति

स्थानः कम्पनी रजिष्ट्ररको कार्यालयको सभाहल, त्रिपुरेश्वर

मिति २०८२।१२।१९ विहिवार

| सि.न. | नाम/थर | पद/संस्था/ठेगाना | मोवाइल नं. | इमेल ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| १ | डा. सुरेश प्रसाद आचार्य, | प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग | ९८५१०५६५६० | | [illegible] |
| २ | श्री गगन विष्ट | सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग | ९८५१०१०२१० | | [illegible] |
| ३ | श्री दुर्गा भण्डारी पौडेल | सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग | ९८४६११९७२२ | | [illegible] |
| ४ | श्री दीर्घराज मैनाली | सचिव, राष्ट्रिय सूचना आयोग | ९८५१०५४५४४ | | |
| ५ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ६ | किरण कुमार पोखरेल | पूर्व सूचना आयुक्त | 985103800[illegible] | simpanekiran@gmail.com | [illegible] |
| ७ | [illegible] | [illegible] | 9851036125 | [illegible] | [illegible] |
| ८ | बबिता बस्नेत | मिडिया एड्भोकेसी ग्रुप (म्याग) | 9851075373 | babita.basnet@gmail.com | [illegible] |
| ९ | तारानाथ दाहाल | फ्रिडम फोरम | 985106138[illegible] | tndahal@yahoo.com | [illegible] |
| १० | तिलक पाठक | [illegible] | 985115812 | tilak.pathak@gmail | [illegible] |
| ११ | उमेद बागचन्द | RTI Federation | 9858425961 | umedbagchand@gmail.com | [illegible] |

नोटः "सूचनाको हक सम्वन्धी राष्ट्रिय रणनीतिक योजना २०२६-२०३०" को मस्यौदा उपर सुझावका लागि राष्ट्रिय सूचना आयोगको इमेल ठेगाना info@nic.gov.np र suchanayog@gmail.com मा पठाउनुहुन अनुरोध छ।

| सि.न. | नाम/थर | पद/संस्था/ठेगाना | मोवाइल नं. | इमेल ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| १२ | Tanka Aryal | | 9851075026 | aryaltanka@gmail.com | [illegible] |
| १३ | Pratistha Thapa | International Alert | 9801028343 | pthapa@international-alert.org | Thapa |
| १४ | Rabina Shrestha | International Alert | 9841473726 | rshrestha@international.org | [illegible] |
| १५ | Bhuwan KC | CMR Nepal | 9841303435 | bhuwan.kc@gmail.com | [illegible] |
| १६ | Dipesh Ghimire | TU | 9851149033 | dipesh.ghimire33@gmail.com | [illegible] |
| १७ | Amrit [illegible] Timalsina | IR Forum | 9851108085 | amritjournalist41@gmail.com | [illegible] |
| १८ | Shashi Ghart | IDI | 9851087215 | Shashi.gharti@gmail.com | Ghart |
| १९ | Sudhamshu Dahal | Kathmandu University | 9843583167 | s.dahal@ku.edu.np | [illegible] |
| २० | DILLI Ram Bhatta | NIC | | | [illegible] |
| २१ | DINESH LUITEL | NIC | | | Dinesh Luitel |
| २२ | Sharmila Maharjan | " | | | [illegible] |
| २३ | Mandira Maharjan | " | 9849138416 | | [illegible] |
| २४ | Narayan Adhikari | Accountability Lab | 980114274[illegible] | | [illegible] |

नोटः "सूचनाको हक सम्वन्धी राष्ट्रिय रणनीतिक योजना २०२६-२०३०" को मस्यौदा उपर सुझावका लागि राष्ट्रिय सूचना आयोगको इमेल ठेगाना info@nic.gov.np र suchanayog@gmail.com मा पठाउनुहुन अनुरोध छ।

| सि.न. | नाम/थर | पद/संस्था/ठेगाना | मोवाइल नं. | इमेल ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| २५ | [illegible] | [illegible] कार्यालय | ९८४११२२३८१ | asanjip992@gmail.com | |
| २६ | [illegible] | काठमाडौं | ९८४९०४४४६८ | Kndulu[illegible] | |
| २७ | प्रताप खड्का | काठमाडौं | 9849202020 | pratap.pk55@gmail.com | |
| २८ | विनोद ढुंगेल | ,, | 9851059922 | bdhungel@gmail.com | |
| २९ | अस्मिता थापा[illegible] | काठमाडौं, अधिवक्ता | ९८६०७४४०८६ | asmitachap2001@gmail.com | |
| ३० | [illegible] | अधिवक्ता | ९८४९०८८९०९ | bhaktaraj[illegible]@gmail.com | |
| ३१ | श्रीराम पौडेल | पत्रकारिता केन्द्रीय विभाग, त्रि वि | ९८४९०६४६५० | srpaudel@gmail.com | |
| ३२ | KUNDAN ARYAL | CDJ MC | 98510-00811 | kundan.aryal@cdjmc | |
| ३३ | [illegible] | | 98510-51342 | Shreeacharya[illegible] | |
| ३४ | तिलक थापा | रा. सू. आयोग | | | |
| ३५ | सुजना ज्ञवाली | ,, | 9841494494 | | |
| ३६ | गौरव [illegible] | रा. सू. आयोग | ९८६३६८४८३४ | | |
| ३७ | [illegible] | ,, | | | |
| ३८ | बुद्ध लक्ष्मी तामाङ | ,, | | | |
| ३९ | अशोक न्यौपाने | ,, | | | |
| ४० | छविलाल [illegible] | ,, | | | |
| ४१ | टिका प्र० घिमिरे | ,, | | | |

नोट: "सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना २०२६-२०३०" को मस्यौदा उपर सुझावका लागि राष्ट्रिय सूचना आयोगको इमेल ठेगाना info@nic.gov.np र suchanayog@gmail.com मा पठाउनुहुन अनुरोध छ ।

| सि.न. | नाम/थर | पद/संस्था/ठेगाना | मोवाइल नं. | इमेल ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| ४२ | कृष्ण किशोर [illegible] | राष्ट्रिय सूचना आयोग | | | |
| ४३ | सपनशिला [illegible] | ,, | | | |
| ४४ | [illegible] ज्ञवाली | ,, | | | |
| ४५ | रञ्जिता योगी | ,, | | | |
| ४६ | निर्मला थापा | नेपाल पत्रकार महासंघ | | | |
| ४७ | दिलिप कुमार [illegible] | [illegible] | | | |
| ४८ | देवेन्द्र कार्की | उपसचिव / NIC | | | |
| ४९ | | | | | |
| ५० | | | | | |
| ५१ | | | | | |
| ५२ | | | | | |
| ५३ | | | | | |
| ५४ | | | | | |

नोट: "सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिक योजना २०२६-२०३०" को मस्यौदा उपर सुझावका लागि राष्ट्रिय सूचना आयोगको इमेल ठेगाना info@nic.gov.np र suchanayog@gmail.com मा पठाउनुहुन अनुरोध छ ।